


# बाघ पञ्जा

जगदम्बा प्रकाशन मालाको छयसठ्ठी औं ग्रन्थ (६६)

# बाघपञ्जा

कमल दीक्षित

जगदम्बा प्रकाशन
२०४३

प्रकाशकः जगदम्बा प्रकाशन, मुद्रकः जगदम्बा प्रेस [प्रा.] लि.
श्रीदरबारटोल, ललितपुर ।

पहिलो संस्करण २०४३

मोल रू० २५।–

भन्दा,

किताप बनाउन भनेर नलेखिएका, खालि सम्पादकज्यूहरूका करले कोरिएका केही लेखहरू जम्मा गरिहेर्दा त कितापको रूप बसेछ। अनि, 'संख्या बढ्यो केवल ग्रन्थको' मात्रै भए पनि होला भनी यो निक्लेको छ। यसलाई त्यही आँखाले हेरिदिए पनि पुग्नेमा डा० तारानाथले निकै भरिलो भाखामा निवर्योल गरिदिनुभयो। डबल खुशी लागेको छ।

क. दी.

# विषय–सूची


| | |
|---|---|
| १. भूमिका (ता. ना. शर्मा) | क |
| २. यो गन्थन | १ |
| ३. श्रद्धा गर्छ | ११ |
| ४. छुट्टाइदिनु पऱ्यो ! | २१ |
| ५. 'ज्यादा रहस्यकन...' | २८ |
| ६. स्वर्ग छ, स्वर्ग त ! | ३४ |
| ७. कति बाँधिएला ? | ४० |
| ८. सम्झनाहरू | ४६ |
| ९. साधुवाद ! | ४९ |
| १०. हुलाक-पत्र | ५३ |
| ११. पृथिवी तल भरिमा... | ५५ |
| १२. चलिरहनेछन् ! | ६१ |
| १३. पारसमणि ! | ६४ |
| १४. इति सिद्धम् | ७२ |
| १५. 'पारसमणि पुस्तकालय' | ७६ |
| १६. प्राणायाम! | ८० |
| १७. व्यावहारिक व्यक्तित्व | ८४ |
| १८. त्यो पछिलाई | ८८ |
| १९. नकोटचाऊ | ९२ |
| २०. बाघपञ्जा | ९८ |
| २१. खोजिहेर्नु पऱ्यो | १०५ |

# भूमिका

यस ग्रन्थका माध्यमद्वारा लेखनाथ पौड्याल, बालकृष्ण सम, सूर्यविक्रम ज्ञवाली, धरणीधर शर्मा, भानुभक्त आचार्य, पारसमणि प्रधान, उत्तम कुंवर, जयपृथ्वीबहादुर सिंह र विश्वेश्वरप्रसाद कोइरालाका विषयमा कमल दीक्षितले आफ्ना वैयक्तिक अनुभूतिहरूलाई रोचकताका साथ प्रकाश गर्नुभएको छ। ग्रन्थकार दीक्षितका मस्तिष्कलाई झक्झक्याउन र हृदयलाई झन्झन्याउन पुग्ने यी नेपाली लेखकहरू सबै नै आज मास छर्न गइसकेका छन् ।

दार्जीलिङका साहित्यिक त्रिमूर्ति सूधपाका हाराहारीमा नेपालका साहित्यिक त्रिमूर्ति लेलबा मध्ये लक्ष्मीप्रसाद देवकोटा चाहिं छोडिंदा, भानुभक्त आचार्य निर्धक्कसित चर्चाका प्रेरणा बनेका ग्रन्थमा मोतीराम भट्ट बिसिईंदा अथवा हल र स्तर नमिल्ने जयपृथ्वीबहादुर सिंह र उत्तम कुंवर जस्ता दुई लेखक झवाम्म बीचमा चेप्टिन आइपुग्दा पूर्व योजना अनुसार क्रमबद्ध पाराले यस ग्रन्थका बीस लेखहरूको निर्माण नभई बेग्लाबेग्लै प्रसंगमा लेखिएका र ठाउँ ठाउँमा छापिएका स्वतन्त्र लेखहरूलाई पछिको निर्णयले बिटो पारेको तथ्य छर्लङ्ग भएको छ, तापनि छरपुस्टिएका फूलहरूलाई रंगीन मालामा कलात्मकताका साथ उनेको अनुभूति भने यो पुस्तक पढ्न पाउने विज्ञ पाठकहरूमा अवश्य नै उत्पन्न हुनेछ ।

यस कृतिमा लेखकका निजात्मक अनुभूतिहरू बढी हुनाले निवन्धको स्वाद थालनीदेखि पुछारसम्मका हरेक पातामा पाइन्छ। साँच्चै भन्ने हो भने ग्रन्थकार दीक्षितले यी रचनाहरूमा उल्लेख भएका नेपाली साहित्यकारहरू र तिनका कृतिहरूको वस्तुगत विवेचना गर्नमा भन्दा ती साहित्यकारहरू र तिनका कृतिहरूले उहाँमा पारेका प्रभावहरूलाई निजात्मक रूपले प्रकट गर्नमा बढी चाख देखाउनुभएको छ। हुनत 'श्रद्धा गर्छ' जस्ता लेखलाई वस्तुगत आलोचनात्मकताले सिंगारिएको छैन अथवा यस ग्रन्थ भित्रका अरू लेखहरूमा निजात्मक अनुभूति मात्र पाइन्छ र तिनमा वस्तुपरक विश्लेषण छँदै छैन भन्न मिल्दैन, तापनि हरेक लेखलाई उहाँले ज्यादै स्नेहसाथ आत्मपरक नै पार्नुभएको छ। यसरी आफ्ना व्यक्तिगत सम्पर्कका आधारमा ग्रन्थकारबाट लेखिएका यी लेखहरू प्रभावकारितामा बेजोड भएका छन्।

सम्पूर्णजसो लेखहरू संस्मरणात्मक छन्। यस ग्रन्थमा प्रमुख ठाउँ ओगट्ने साहित्यिकहरूको त के कुरो, सन्दर्भमा छास्सछुस्स देखा परेका अरू नेपाली लेखकहरू पनि कमल दीक्षितका कलममा आदरका पात्र भएका छन्। पुस्तकालयमा थन्किएका दुर्लभ ग्रन्थहरूको विवेचना गर्न खप्पिस ठानिएका व्यक्तित्वलाई यस ग्रन्थले जीउँदाजाग्दा साहित्यकार र तिनका यथार्थ परिवेशहरूका व्याख्याताका रूपमा प्रस्तुत गरेको छ। दिवंगत भइसके तापनि भानुभक्त आचार्य र जयपृथ्वीवहादुर सिंह बाहेक अरू सातै लेखकहरूसित कमल दीक्षितले उनीहरूको जीवनकालमै सम्पर्क गर्नुभएको थियो र उहाँका अनुभूतिहरू पनि तिनै सम्पर्कहरूका माध्यमबाट भुल्भुलिएका हुनाले नै अत्यन्त पत्यारलाग्दा, औधि आकर्षक र असाध्य छोड्ने भएका छन्। जीवित छँदा नभेटिएका भए पनि भानुभक्त आचार्यलाई दीक्षितको रम्घा-यात्राले जीउँदो तुल्याएको छ र ग्रन्थकारलाई जयपृथ्वीबहादुर सिंहका योगदानहरूको आविष्कार बालसुलभ हर्षको विषय हुन पुगेको छ।

साहित्यकार जीवनको जति छेउमा पुग्न सक्छ उति नै प्रशंसनीय हुन्छ। सम्पूर्ण पुस्तकालयहरू पचाएर गरिएका उच्च-स्तरीय भन्ठानिने प्राज्ञिक विश्लेषणहरू भन्दा जीवनका सामान्य यथार्थको छोटो निजात्मक उद्घाटन सयौं गुणा कलात्मक, जीउँदो र स्थायी हुन्छ। यस ग्रन्थका रचनाहरूमा पनि लेखकले जीवन-का सामान्य घटनाहरूलाई आफ्नो हृदय खन्याएर बिर्सी नसक्ना पार्नुभएको छ। बाघपञ्जा पर्दा जस्तै व्यक्तित्व पनि नढली नहुने र सम्झनालाई कोट्याउँदा मुटु नै ढक्क फुलेर आउने जस्ता मानवीय गुणहरूलाई साकार पार्दै लेखकले यस ग्रन्थलाई साहित्यिक आलोचना मन नपराउने पाठकहरूका निम्ति पनि पठनीय, रूचिकर र महत्त्वपूर्ण तुल्याउनुभएको छ।

लेखनाथ पौड्याल र विश्वेश्वरप्रसाद कोइरालालाई चार चार लेखमा, बालकृष्ण सम र पारसमणि प्रधानलाई तीन तीन लेखमा र अरूलाई एक एक लेखमा प्रमुख स्थान दिइए तापनि तथा लेखनाथ पौड्याललाई तेत्तीस पृष्ठ र विश्वेश्वरप्रसाद कोइरालालाई बीस पृष्ठमा अँगालिए तापनि दीक्षितको आत्म-परकताबाट कुनै व्यक्तित्वप्रति पनि पक्षपात देखिंदैन। नेपाली भाषा र साहित्यको सेवामा लागेका जुनसुकै व्यक्तित्वप्रति पनि उस्तै आदर, उत्तिकै प्रशंसा र उति नै स्नेह देखाउनु यस ग्रन्थका लेखकको निजी विशेषता हो।

ग्रन्थले पुछारतिर गएर बढी निबन्धात्मकतालाई र संस्म-रणात्मकतालाई अँगालेको छ। विश्वेश्वरप्रसाद कोइरालाका साहित्यिक र राजनैतिक गुणहरूको प्रमाण गरिरहनै नपर्ने भन्ठानिएको तार्किकतालाई मनको भित्री कुनामा श्रद्धासाथ राखी आफ्ना वैयक्तिक कुराहरूका आधारमा गरिएका वर्णनमा आलोचनात्मकता खोज्न मिल्दैन। बरु 'खोजि हेर्नुपर्‍यो' मा कोइरालालाई पात्र नबनाएकामा जुन गुनासो पोखिएको छ; त्यस बारेमा भने हाले प्रकाशित डायमन समशेर राणाको

'अनीता' उपन्यासले अपूर्ण रूपले र वास्तविक भन्दा अलिक फितला देखिने पाराले नै भए पनि उनलाई पात्रका रूपमा उभ्याएको कुरालाई अघि सार्न सकिन्छ । तर कुनै पनि साहित्य-कारले महान् वा चिरस्मरणीय हुन कुनै कृतिका पात्रको रूपमा तुरुन्तै चित्रित भइरहनु सम्भव वा आवश्यकै पनि छैन । जसरी हामी शेक्स्पियरलाई उनका समयमा कतै पनि साहित्यिक पात्र-का रूपमा चित्रित पाउँदैनौं तापनि उनी आफ्ना कृतिहरू मार्फत् अमर छन्, उसरी नै नेपाली साहित्यकारहरू पनि आफ्नै साहि-त्यिक योगदान मार्फत् नै अमर रहने छन् । तर 'तरुण तपसी'का बूढा रूखलाई लेखनाथ पौडयाल, 'मुकुन्द इन्दिरा'का भवदेवलाई बालकृष्ण सम र 'अनीता'का विश्वेश्वरप्रसाद कोइरालालाई विश्वेश्वरप्रसाद कोइराला मात्र उचित नै हो, तापनि ती पात्र-हरूले ती साहित्यकारका एक एक साना साना पाटाको मात्र प्रतिनिधित्व गर्न सकेका छन् । त्यति मात्र होइन, 'बाघपञ्जा' भन्ने ग्रन्थले खिचेका उक्त लेखकहरूका चित्रहरू समेत उपर्युक्त पात्रहरूले खिचे भन्दा बेग्लै र विशिष्ट भएर पनि नितान्त अपूर्ण नै छन् । आफ्नै प्रकारले हेर्दा बहुआयामिक साहित्यकारहरूका केही झलकहरू मात्र प्रस्तुत हुनसक्ने तथ्य यस कुराबाट छर्लङ्ग हुन्छ ।

मनुष्य बलवान्, प्रतिभासम्पन्न र प्रभावशाली भएर पनि कमजोर हुन्छ । समय गुज्रँदै जाँदा हुने शारीरिक क्षीणता र अन्त्यमा भएर छाड्ने मृत्यु मनुष्यका कमजोरी हुन् । यी कमजोरीलाई उच्चस्तरीय र आदरणीय साहित्यकारका जीवनमा एक साहित्यिकका नाताले साक्षात्कार गर्नुपर्दाको पीडा 'बाघ-पञ्जा' मा प्रतिविम्वित छ । वस्तुपरक दृष्टिकोणले हेर्दा विश्वे-श्वरप्रसादका कोइरालासित सम्पर्कमा लेखकको रुचि साहित्यिक मान्यताका आधार भन्दा पनि निकट गएको देखिन्छ । यसो हुनामा लेखकका भतिजा र कोइरालाकी छोरीका वैवाहिक सम्बन्धको निकट नाताको पनि ठूलो भूमिका छ, तापनि ग्रन्थकारभित्र

अव्यक्त रूपले लुकेका कोइरालाप्रतिका आदरभाव र स्नेहलाई भने वाक्य वाक्यमा अनुभव गर्न सकिन्छ जसमा नाताले ल्याएको निकटता भन्दा उनका साहित्यिक योगदानबाट आविर्भाव भएका महत्ताको भूमिका कता हो कता ठूलो छ ।

यो पुस्तक पढ्नेले भानुभक्त आचार्यदेखिको नेपाली साहित्यको गतिशीलतालाई सर्सर्ती नै भए पनि नसम्झी र नबुझी घरै पाउँदैन । वर्तमान कालका सन्दर्भमा बितेका युगहरूको यात्रा गर्न यस ग्रन्थले अवश्य पनि सघाउ पुऱ्याएको छ । चाहे भानुभक्त आचार्यको निर्दोष प्रतिमाले आफ्नै जन्मस्थानमा डुँडो र मुडुलो हुनुपरेको पीडा होस्, वा चाहे सूर्यविक्रम ज्ञवालीलाई उनी जीवित छँदै 'साहित्यिक पत्रकार संघ' ले अपमान गऱ्यो भन्ने भ्रान्तिको अनुभूति होस्, अथवा लेखनाथ पौड्याललाई प्रज्ञा प्रतिष्ठानका सदस्य भएका नाताले त्यस बेलाका उपकुलपतिले 'मदन पुरस्कार' का लागि पुस्तक दिन नपाउने आदेश दिएको भन्ठानिएको अधिनायकवादी प्रवृत्ति नै होस्, यस ग्रन्थले तिनको उल्लेख गरेर हाम्रो जातीय ईमानलाई, हाम्रो राष्ट्रिय गरिमालाई र हाम्रो सांस्कृतिक चेतनालाई परीक्षाका आगामा होमेको छ । ठूल्ठुला लेखकहरूकोमृत्युपछि उनका घरहरूलाई साहित्यिक मन्दिरका रूपमा सुरक्षित राख्नुपर्ने र उनीहरूले आफ्ना जीवनकालमा प्रयोग गरेका सर्सामानहरू जम्मा गरेर संग्रहालय खोल्नुपर्ने दिशातर्फ हाम्रा साहित्यिक संघसंस्था अझसम्म पनि नलागेका वेदनात्मक र लज्जाजनक स्थितिमा तिनलाई समका जुत्ताको चुँडिएको फित्ता जस्तो वस्तुलाई समेत यस ग्रन्थका लेखकले अत्यन्त प्रेमभावले सँगालेर राख्नाले हुनसम्म ठूलो व्यङ्ग्य पर्न गएको छ । तर मुख्य रूपले यस ग्रन्थको उद्देश्य कसैलाई व्यङ्ग्य गर्नु अथवा होच्याउनु नभएर नेपाली भाषा र साहित्यका सेवामा लागेका समस्त लेखकहरूको श्रद्धासाथ प्रशंसा गर्नु र यस श्रद्धालाई अरू पवित्र, अरू स्मरणीय र झन तिक्खर तुल्याउन अनेकौं

रोचक प्रसंगहरू ल्याउनु नै हो भन्ने प्रमाण यी बीस लेखका प्रत्येक पंक्तिमा पाइन्छ ।

आलोचनात्मकता नअँगालेर पनि विश्लेषणको गहिरो बाटो बनाउनु, सरलता र सहजता बोकेर पनि सूक्ष्म अध्ययन प्रस्तुत गर्नु तथा कुराकानीमा संग्लन जस्तो न्यानो प्रसङ्ग उठाएर पनि चिन्तनका तहतह समात्नु कमल दीक्षितको शैलीगत विशेषताभित्र पर्ने कुरा हुन् । प्रत्येक लेखकको आफ्नै शैली हुन्छ र शैलीबाट नै लेखक अरूका सामु अभिव्यक्त हुन्छ । दीक्षितको पनि आफ्नै विशिष्ट शैली छ जसका आधारमा उहाँ आफ्ना रचनाहरूमा प्रकट हुँदै आउनुभएको छ । यसमा कतै कतै लिङ्ग, वचन र वाच्यमा भाषिक त्रुटिहरू पनि पाइन्छन्, तर ती त्रुटिहरूप्रति म एकै छिन आँखा चिम्लिदिन्छु र दीक्षितका विशिष्ट शैलीका सुन्दर प्रकटीकरणको नमूना स्वरूप नै यो ग्रन्थ सगर्व उभिएको छ भन्ने कुरालाई यहाँ निर्धक्क प्रकट गर्छु ।

बानेश्वर, काठमाडौं — डा. तारानाथ शर्मा
२०४३ असोज २६

# बाघपञ्जा

# यो गन्थन

जन्मनुभन्दा धेरै पहिलेदेखिको सम्बन्ध हो मेरो उनीसँग– घरपट्टिबाट पनि मामाघरपट्टिबाट पनि । तर कुराकानी भयो, मेरो वातचित हुनसक्यो उनीसँग २०१२ सालमा मात्र, मदन पुरस्कार स्थापना हुनेताका । अचम्मै हो । किन भेटघाट, वोलचाल भएन हाम्रो ? अथवा यसो भनौं– भेटघाट भयो होला, उनले भने होलान्– 'यो नानीको सानो छोरा ?' अनि मेरो आमाले भन्नुभयो होला– 'हजूर, सानो छोरा ।' तर उनलाई सानो छोरामाथि चाख थिएन, उनको आँखा त ठूलो छोरामा लागेको थियो । चेलीको छोरालाई आफ्नो बनाएर सम्बन्ध पक्का गर्न चाहँदारहेछन् गुरु । कुरा त राम्रै थियो तर कसो हो कुन्नि तारतम्य मिलेन छ ।

ती गुरु थिए लेखनाथ पौड्याल, चेली मेरो आमा विद्यादेवी दीक्षित, जसलाई उनले क ख सिकाएर पढाएका थिए, नौरथामा एक पैसा भेटी राखेर कन्यापूजा गरेका थिए । मेरो आमासँग दौंतरी थिए विदुषी, लीलावतीहरू, जसलाई लहरै राखेर उनी कन्यापूजा गर्थे । आफैंले पकाएको– सानो फलामे ताप्केको पहिलो बाहान ढींडो सर्वदाको पातमा भाग लाएर दिन्थे । सुनजस्तो पहेंलो ढींडाको डल्लोमा सेतो पोखरेली घ्यूको गजूर हालिदिन्थे । कन्याहरू रौसिएर खान्थे । आजभन्दा पचहत्तर वर्षअगाडि ।

यस्तो छ कवि शिरोमणिसँगको मेरो आत्मिक सम्बन्ध। यस सम्बन्धलाई कुनचाहि लौकिक साइनोमा बाँध्न जाने ?

यो भयो मामाघरको कुरो ।

अब घरमा। त्यहाँ पनि म जन्मने बीस बाईस वर्षअघिदेखि नै उनको आवतजावत रहेछ । लेखनाथ भन्ने मान्छेको सबभन्दा पुरानो तसबीर छ मसँग हाम्रो पुरानो 'फेमिली एल्बममा' टाँसिएको भव्य । पचहत्तर सालतिरको त्यो तसवीरमा ऋषि-जस्तो देखिने कविशिरोमणिको रहरलाग्दो आकृति छैन। त्यहाँ त कोट इष्टकोट लाएर सिक्रीवाल घडी खल्तीमा हालेका लेखनाथ खाइहाल्दा दरबारिया जस्ता लाग्छन् ।

यसै यस्ता असाहित्यिक कुराले भरिदै छ यो संस्मरण। अभिनन्दन ग्रन्थमा पर्न पर्ने कुरा खोइ, यसमा पर्न सकेनन् ! किनभने उनको साहित्य-सेवाबारे म बोल्न जान्दिनँ । उनको उच्चतामा मेरो गति पुग्दैन । उनीबारे शास्त्रीय विवेचना गर्न थाल्यो भने मेरो पोल खुल्छ। ममा चूडानाथ भट्टरायको दर्शनज्ञान छैन, लेखनाथको दर्शनमा खोट देखाउन म सक्तिनँ । ममा वासुदेव त्रिपाठीको नीर-क्षीर विवेक पनि छैन, लेखनाथको यो यति राम्रो भनेर ठोकुवा कसरी गरूँ ? तर शास्त्रीय कसीमा लेखनाथलाई धस्न नसक्ता पनि कुरकुरे बैंस चढेका वेला मलाई लेखनाथसँग रिस उठेको थियो । 'ऋतुविचार'को पहिलो संस्करणका मलाई मन परेका रसिला श्लोकहरू बूढाले दोस्रो संस्करणमा पुग्दा पोलेर खाइदिएछन् ! किन त्यसो गरेको ? उनी बूढा भए भन्दैमा हामी तन्नेरीहरूको वस्तु हरण गर्न पाउँछन् उनले– भनेर म झोक्किएको थिएँ मनमनै । लेख्न त किन हो आँट आएनछ । उनीसँग मुखले पनि मैले सोध्न सकेको होइन । तर सम्झन्छु पहिलो संस्करणमा एउटा श्लोक थियो वसन्त विचारको ––

चोलीभित्र नयाँ साना बालाका स्तन झैं गरी
पातमा आँपका दाना दबेका छन बेसरी ।

बरु मैले घरमा सुनेको त्यसको पाठभेद त त्यो भन्दा पनि रसिलो थियो –

भित्र भित्रै लुकेका छन् पातमा आँपका दल
रोमाञ्चवाला बालाका स्तन झैं पुष्ट मंजुल ।

खोइ यस्ता श्लोक पछिल्ला संस्करणमा ? गान्धीको आत्मकथा पढे जस्तो लाग्छ त्यो त !

यो पनि असाहित्यिक कुरा भयो । साहित्यिक कुरा भए यसैलाई पनि रसबोध, रस-निस्पत्ति, इत्यादि अनेक अल्झाउने प्राविधिक शब्दले पुष्टि गर्न सकिन्थ्यो होला ।

वास्तवमा लेखनाथ मेरो कार्यक्षेत्रमा पर्दैनन् । माध्यमिक कालका भनेर 'बुईंगल'मा एक पेज मैले उनलाई दिनुपरेको छ । उनलाई माध्यमिक कालका भनेर 'बुईंगल'मा बन्द गर्नु उनको अपमान गर्नु हो जस्तो मलाई लाग्छ । जसले आधुनिक काल ल्याइदियो हाम्रो काव्य-संसारमा उसलाई कसरी माध्यमिकमा फ्यालेर राख्नु ! त्यसैले पहिलो संस्करणमा त 'बुईंगल'मा उनलाई भित्र्याइएकै थिएन । पछि 'टेक्निकल' कारणले हाल्नै पर्ने भयो र हालें । अभिधा र व्यञ्जना दुवै अर्थमा लेखनाथ 'बुईंगल'मा बस्ने व्यक्तित्व होइनन् । बैठकमा पनि होइन, खुलामा छाडिदिनु पर्छ भन्छु म त कविशिरोमणिलाई ।

फेरि 'ऋतुविचार'मा पुगेछु म ता उनलाई सम्झेर– वर्षामा

वर्षदा जलका धारा मानूँ बृटिस सिंहका
स्वर्गसम्म पुऱ्याएका तार झैं छन सर्वदा ।

अचेलका मोहन कोइरालाका बिम्बको बखान गरिन्छ; ईश्वर वल्लभको 'वयानभास'को गुण गाइन्छ । कविशिरोमणिले सत्तरी वर्षअघि स्वर्गसम्म पुर्‍याएको ( टेलिफोनको ) तार कुनै वल्लभ, कोइराला या राइको भन्दा कम कल्पनातीत छ ? सडक कविता क्रान्ति नै नगरी कविशिरोमणि टुंडिखेलको सिपाही कवाज खेल्ने ठाउँमा पुगेका छन् । त्यसैले हो मैले भनेको उनलाई बुइँगल र बैठकमा होइन खुलामा छाडिदिनु पर्छ – फाँटमा, मैदानमा र टारमा ।

कहाँ आफ्नो परिवारका लेखनाथ देखाऊँ भनेको त फेरि उही साहित्य समालोचनाको साँढमा पुर्‍याउन लागेछु मैले । उल्टै खुट्टा फर्किऊँ जस्तो लाग्यो ।

त, देखेहुँला मैले उनलाई, बोले पनि हुँला बूढासँग तर कुनै स्पष्ट चित्र उत्रन्न मनमा । किताबका पाताबाट मैले लेखनाथलाई एकैचोटी उक्लेको देखें रथमा । दर्शक भएर मैले मछिन्द्रनाथको रथको डोरी पुण्यको लागि समाते जस्तो गरी उनको रथयात्राको पनि डोरी छोएको छु । शहर परिक्रमा गरेर टुंडिखेलमा अभिनन्दन हेरेको छु । देखेको छु उनलाई चढाएको थैली त्यहीं गोपाल पांडेलाई जिम्मा लगाएको उनले । तर उनीसँग भेट भएको कुराकानी भएको चाहिं मदन पुरस्कारका कुरा उठेपछि मात्रै हो, माथि नै भनें ।

मदन पुरस्कार स्थापना हुने भयो । तर कसरी के गर्ने भन्ने बारे कवि लेखक बुद्धिजीवीहरूसँग छलफल हुन थाल्यो । उनीहरूकहाँ एकसरो बनेको मस्यौदा नियमावली पढ्न पठाएपछि सानो सानो समूह गरेर निम्त्याउन थालियो विद्वान्हरूलाई । एउटा समूहमा कवि शिरोमणिको नाम लेखिएको थियो । निम्ता दिन म आफैं गएको थिएँ, बडो खुशीसाथ आउँछु भने । आए ।

त्यसदिनको 'मिनिटमा' यस्तो छिपेको रहेछ मैले–
२०१२।६।२०१५ मा

उपस्थिति: कविशिरोमणि श्री लेखनाथज्यू, प्रिन्सिपल सोमनाथज्यू, सर्वदर्शनाचार्य श्री चूडानाथ भट्टरायज्यू, श्री केदारमणिज्यू, श्रीमती विद्यादेवी दीक्षितज्यू, श्री शम्भुप्रसाद ज्ञवालीज्यू र कमलमणि।

लेखनाथ: १९६५ तिर मैले लेखेको एउटा कविता थियो जसमा नेपाली भाषा आमालाई नरोऊ भनेर गुनासो गरेको थिएँ। आज मलाई त्यो सार्थक भयो भन्ने लागेको छ। यो दिन देख्न पाउनु रहेछ र म बाँचेको रहेछु!

सोमनाथ: यस पुरस्कार ट्रष्टको स्थापनाको रजिष्ट्रेशन पास भएको र यसद्वारा पहिलो पुरस्कार वितरण भएको देखेर मर्न पाए पुग्यो।

लेखनाथ र सोमनाथ: पवित्र उद्देश्यले स्थापना हुनलागेको हुनाले यसको जग बलियो पार्नुपर्छ। सबभन्दा पहिले अयोग्य व्यक्तिले पुरस्कार नउछिटचाउन पाओस्।

लेखनाथ: यो पुरस्कार साहित्यिक प्रोत्साहनका लागि हो कि साहित्यिक कदरको लागि हो?

सोमनाथ: यो साहित्यिक प्रोत्साहनका लागि हुनुपर्छ।

सोमनाथ: (नियमावली मस्यौदामा) भूमिकामा 'पत्नी' का ठाउँमा 'धर्मपत्नी' राखियोस्।

चूडानाथ: 'कला र विज्ञान' को सट्टा वाङ्मय भन्ने शब्द रहोस्।

सोमनाथ: या कला र विज्ञानपछि दर्शन पनि थपियोस्।

चूडानाथ: अनूदित साहित्यलाई शिरबेहोरामा किन रहनु

पर्ने ? ट्रष्टको प्रकाशन विभागले प्रकाश गर्नेमा 'पुस्तक पत्र-पत्रिकाहरू' पनि राखियोस् । 'ट्रष्ट' शब्द झिकी 'न्यास' भन्ने रहोस् । पुरस्कार पाउन सक्नेमा 'बिदेशी' शब्द ज्यादै राम्रो लाग्यो ।

**लेखनाथ :** 'ट्रष्ट' शब्द ठीकै छ । बरु फेर्नै पर्छ भने 'पञ्चायत' राखे हुन्छ ।

**सोमनाथ :** 'निधि' रहेमा पनि राम्रो होला । अनूदित साहित्यलाई १५ वर्षको व्यवधान नलगाइयोस् । उच्च कोटीको बिज्ञानको किताप अनुवाद नगरी कसरी ?

**लेखनाथ:** किताप जाँच्दा व्यक्तित्वको ख्याल रहन्छ कि रहँदैन खोलियोस् । फेरि पत्रिकाहरूमा प्रकाशित लेखहरूले पुरस्कार पाउने कि नपाउने लेखियोस् ।

**चूडानाथ :** पुरस्कारको रकम कीटेर २,५०० र ५,००० भित्र नराखौं । खर्च कटाएर 'बाँकीको चार भाग' भन्ने भए जाति ।

**सोमनाथ :** त्यसो गर्दा अनियमित भद्रगोल हुन्छ ।

**लेखनाथ :** पछाडिको ५,००० चाहिं नरहे पनि होला । तर धेरै मेहनत परेको साँच्चै उत्कृष्ट कितापको र सामान्यतया श्रेष्ठ कितापको दुवैको एकै भाउ ? राम्रो हुँदैन कि ?

**सोमनाथ :** एकै भाउ हुनै पर्छ । पुरस्कारको रकम नतोकी आमदानी दशांश या सयकडा पाँचसम्म भइपरिआउने कुरामा खर्च गरी बाँकी चार भागले पुरस्कार दिइयोस् ।

**चूडानाथ :** कपिराइट जरूरै लिनुपर्छ तर त्यो ३ या ५ वर्षको मात्र हुनुपर्छ । अरू त्यसरी सर्वाधिकार लिएका कितापको पुरस्कार नगदी नै दिइयोस् ।

केदारमणि : त्यसरी पैसा पैलेबाट दिएपछि किताप छाप्ने के पैसाले नि ?

चूडानाथः त्यसो त २५०० ले नछापिने पुस्तक आयो भने के गर्ने नि ?

लेखनाथ : त्यसैले पाण्डुलिपिलाई पुरस्कार दिंदा पुस्तक छापिई बिकेपछि दिइने प्रबन्ध भए बेस हुन्छ । म्यादी पुरस्कार हुन्छ अनि त्यो ।

चूडानाथ : साहित्यको स्तम्भमा 'कला' थपियोस् । भाषा विज्ञानलाई विज्ञानैमा दिउँ । सल्लाहकारको पुरस्कारलाई पाँच वर्षपछि नभनेर २ वर्ष गरे बेस होला । अनि पुरस्कार हरेक वर्ष दिनै पर्छ भन्ने हुनुहुँदैन । 'पोरसन्स एवार्ड' को व्यवस्था रहनुपर्छ । र उही व्यक्तिले उही विषयमा लगालग दुई वर्षका पुरस्कार पाउनु हुँदैन भन्ने व्यवधान रहनुहुन्न ।

सोमनाथ : त्यसो गर्नाले साहित्यमा हानी हुन्छ । 'कुनै साल ग्रन्थ नै पेश हुन नआए' भन्नेको सट्टा योग्य पुस्तक या ग्रन्थ पेश हुन नआए भन्नुपर्छ ।

लेखनाथ : 'नजीकका हकवाला' भन्नेमा छोरा नभए छोरीले पाउँछन् कि ? त्यसो हुन दिनुहुन्न ।

सोमनाथ : त्यसमा 'उही वंशको' भन्ने र 'योग्य' शब्द रहोस् ।

पछिबाट "तपाईंहरूले 'सकल ग्रन्थ' भन्नेमा केही विरोध उठाउनु भएन" भन्दा तीनैजना पण्डितज्यूहरूले भन्नुभयो कि यो वर्षिनै दिने पुरस्कार भएकोले त्यही वर्षको नै सकल ग्रन्थ, पेश भएका मात्र ग्रन्थ होइन, मा त्यो विषयमा सर्वश्रेष्ठ भन्ने हामीले

ठानेका थियौं र त्यही नै हुनुपर्छ भन्ने हाम्रो विचार छ। 'त्यही वर्षको श्रेष्ठ' भन्ने होस् भन्नुभयो।*

पछिबाट सोध्ने रिवाज थियो 'सल्लाहकारमा कल्लाई कल्लाई राख्नु ठीक होला?' भनेर। सोधियो। एउटा कागजको टुक्रा कवि शिरोमणिलाई पनि दिइयो। त्यसमा उनको आफ्नै हातले लेखेका नाम यी हुन्:–

सल्लाहकारको शिफारिस

१. स. राममणि आ. दी.
२. सूर्यविक्रम ज्ञवाली
३. धरणीधर कोइराला
४. प्रि. सोमनाथ सिग्द्याल
५. प्रो. चूडानाथ भट्टराय
६. श्री गोपाल पाँडे
७. विश्वमणि आ. दी.
८. श्री पुष्करशमशेर ज. ब. रा.
९. स. नरेन्द्रमणि आ. दी.
१०. सर्दार रुद्रराज पाण्डेय

स्पष्ट छ। ती सबै सुझाव, ती सबै सल्लाहकारका नाम नियमावलीमा परेनन् केही परे। अरूका अरू नै सुझाव थिए। गुठीका सल्लाहकारमा धेरै जनाको शिफारिसमा कवि शिरोमणिको नाम माथिबाटै थियो। त्यो पनि हामीले मानेनौं– किनभने हामी

* यसमा परेका धेरै कुराको सन्दर्भ बुझ्न 'मदन पुरस्कार गुठीको दानपत्र र नियमावलि' (२०१३) र म. पु. पुस्तकालयमा सुरक्षित ती मस्यौदाका प्रतिलिपिहरू हेर्नु पर्छ। –लेखक

उनलाई पुरस्कार दिन चाहन्थ्यौं । सल्लाहकार भएपछि पुरस्कार लिन पाइँदैनथ्यो । त्यसैले पहिलो पटक गुठीमा गुठियार सल्लाहकारहरू छान्दा नाम चलेका कविहरू कोही परेका थिएनन् ।

त्यसपछि सोमनाथले भने जस्तै 'गुठी' दर्ता भयो र पहिलो वर्षको पुरस्कारको घोषणा पनि भयो । तीनजना पुरस्कार विजयीमध्ये डा. बलराम जोशी बेलायत गएकाले पुरस्कार-पाउने दुई जना सत्यमोहन जोशी र चित्तरञ्जन नेपालीलाई कविशिरोमणि लेखनाथ र पण्डितराज सोमनाथले पुरस्कारका लागि उपस्थित गराए । कपुरको बत्ती बालेर दुई जनाको अर्चना गर्दै रानीसाहेबबाट पुरस्कार प्रदान गरियो । त्यसपछि थोरै छोटो मीठो भाषण भएर समारोह सकियो । ३० – ४० जना मात्र उपस्थित भएको त्यो समारोह कविशिरोमणिका लागि पनि सर्वथा नौलो थियो, तर हृदयग्राही भएछ । उनका आँखामा आँशु थिए– हर्षका । गालाबाट गुडेर सेतो दारीभित्र दबेको त्यो आँशु-को ढिक्काले नेपाली साहित्यिकहरूको प्रतिनिधित्व गरिरहेजस्तो लाग्यो मलाई । त्यसबेला बूढाले बोलेका कुरा अझ मार्मिक थियो । भनेका थिए– "बाँची रहे यस्तो देख्न पाइँदोरहेछ । यस्तो दिन पनि आउला नेपाली साहित्यमा भन्ने कल्पनामा थिएन । अब म मरेपनि मलाई दुःख लाग्ने छैन । नेपालीमा लेख्नेहरूको पनि यस्तो कदर हुँदोरहेछ भन्ने जानेर मर्न पाए-पछि अब मलाई पुग्यो ।" यस्तै धारामा बोले बुढाले एकै छिन । उनका आँशुले घेरैको आँशु ल्याइदिएको थियो त्यस दिन ।

कविशिरोमणिले मदन पुरस्कारका बारेमा एउटा कापी भरेर के के लेखेको मलाई थाहा छ, किनभने त्यो एकदिन मलाई देखाएका थिए । भनेका थिए – यसैबाट म पनि त्यो पुरस्कार लिन्छु । तर भएन । नेपाल एकेडेमी बन्यो र उनी सदस्य भए

त्यहाँ । सदस्य भएकाले मदन पुरस्कारका लागि किताब पेश गर्न हुँदैन भन्ने उर्दी भएछ भाइस-चान्सलरसाहेबको । त्यो किस्सा त्यत्तिमै टुङ्गियो ।

त्यसपछि कवि शिरोमणिसँगको त्यो मेरो माथि भनेको आत्मिक सम्बन्धको अर्को बिसौनी अर्घा अर्चलेमा पर्छ उनको स्वर्गवास भएको पनि कति वर्षपछि । उनको जन्म-जयन्ती मनाउन म अर्चले पुग्छु डमरुबल्लभका साथमा । अनि पो मैले लेखनाथका कविताहरूको मर्म बुझ्न थालें – पारिवारिक लेखनाथ बिलाएर कवि लेखनाथ त अनि पो जन्मिए मेरा मनमा । 'ठूला कोट' र 'भीर पहराको पाखो', उनको घरको भीट र तीजुको बोट, रूपा र खाष्टे र पंचभैंया तालको रहस्य डमरुबल्लभले मलाई फुंदै गए । 'पैसा ढाक उखू यतातिर उता डालाभरी सुन्तला' खाएर जन्मिएको कविहृदय बुझ्दै आएँ मैले । अनि मेरा मनका आफ्ना घरका लेखनाथबाट नेपाली जनहृदयका लेखनाथ भए उनी । घरको लेखनाथ हराउँदा मलाई दुःख त लाग्यो होला तर जनताका लेखनाथ फेला पारेकोमा कम खुशी लागेन ।

कुन्नि, अभिनन्दन पो भयो कि भएन यो गन्थन !

[ नेपाली शिक्षा परिषद्को कविशिरोमणि लेखनाथ अभिनन्दन ग्रन्थका लागि तयार पारिएको लेख ]

# श्रद्धा गर्छु

बडो चाखलाग्दो हुन्छ लेखनाथका कितापहरूका पहिलो र पछिका संस्करणहरूको तुलना गर्नु । त्यसो त हरेक कवि लेखक-लाई हक छ आफूले लेखेको कुरामा काँटछाँट, थपथाप गर्ने । धेरैले गर्छन् पनि । देवकोटा जस्ता असंशोधनवादी कविले त पछि गएर गरे । समले आफ्ना नाटकहरूमा त्यसै गरे भनेर आलोचना भैसकेको छ ( नेपाली पूर्णाङ्क ७६ पृ. २० ) भने लेखनाथले मात्रै किन गर्न नपाउनु ? त्यो हकको विरोध गर्न खोजेको होइन तर लेखनाथले पहिलो संस्करण निस्केको पन्ध्र बीस वर्षपछि आफ्ना कितापहरूमा व्यापक संशोधन गरेको देखिन्छ भन्न खोजेको मात्र हो । किन गरे भनेर घोरिने काम छैन । बुद्धि छिप्पिदै आएपछि आफूले पैले लेखेका कुराहरू आफैं-लाई अपरिपक्व जस्ता लाग्न थाल्छन् । यसलाई यसरी भनेको भए अरु राम्रो हुन्थ्यो भन्ने हुन्छ । कैलेकाहिं सन्दर्भ बदलिन्छ–विद्यार्थी अवस्थामा लेखेको कुरा गृहस्थ भएपछि, जागिरमा पसे-पछि असजिलो लाग्न थाल्छ । यही सबै भयो होला लेखनाथलाई पनि । सन्दर्भ बदलिएपछि कवितै नयाँ पनि लेखेका छन् कवि शिरोमणिले वन्धनबाट फुकेको सुगा जस्तो पिंजडाको सुगाको जवाफमा । त्यस्ताको कुरा पनि गर्न लागेको होइन । कुरो कोट्याएको खालि राम्रा नराम्रा श्लोकहरूको थप-घट लेखनाथले प्रशस्तै गरेका रहेछन् भन्नलाई मात्र हो । त्यो पनि विद्यावारिधी पार गर्न वासुदेव त्रिपाठीले लेखनाथलाई खार्दा भनिसकेका, जुठो

पारिसकेका कुरा मात्र, नयाँ कुरो होइन ।

नयाँ बन्ने लोभ सबैलाई हुन्छ, लेखनाथलाई भयो त के अचम्म ? तर नयाँ हुने लोभले कविलाई 'ऋतुविचार' र अरू सानातिना कवितामा मात्र किन छोयो, किन 'सत्यकलि सम्वाद' मा एउटै पनि शब्द फेर्नु परेन कविजीलाई बुझ्न सकिन्न । 'ऋतु विचार' बारे वासुदेव त्रिपाठीले– "१९७३ सालको 'ऋतु-विचार' युवा व्यक्तित्व हो र १९९१ को 'ऋतुविचार' प्रौढ व्यक्तित्वको प्रतीक बनेको छ । अथवा यी दुई 'ऋतु-विचारलाई षोडशी युवती प्रौढाका चरित्रसँग तुलना गर्न सकिन्छ" ( पृ. १५४ ) भनेका छन् । त्यसो भए प्रौढ देखिने खाँचो परेछ कविजीलाई भन्नु पऱ्यो । कविका जहान-बच्चासँग सोधखोज गरेर तथ्य बटुलेका त्रिपाठीले भनेपछि मान्नै पऱ्यो । हुन पनि नेपालका प्राइममिनिष्टरको दरबारमा केटाकेटी पढाउने पण्डित भएपछि, अझ उनकै पटरानीलाई पढाउने, सिकाउने गुरु हुन थालेपछि तरूनो रसिकता, छिचरोपन अग्राह्य हुनु अस्वाभाविक होइन । यहाँसम्म त्रिपाठीसँग असहमत हुने कुरा छैन । त्रिपाठीसँग मत फुटाउन मन लाग्छ लेखनाथले ती राम्रा राम्रा श्लोकलाई अफालेकोमा सहमत भैदिदा । सहमत मात्र होइन त्यसलाई आशीर्वाद पनि दिए त्रिपाठीले– ठीक हो भनेर । "जसमा श्रृंगारिक स्थुलता र छिचरोपन झल्कँदैन" र "संशोधन श्रमयोग्य पनि नदेखिएको" भने त्यस्ता श्लोकलाई उनले । यहीँनिर हो विद्वान्सँग मत बझाउन मनलाग्ने । उदाहरणका लागि भनूँ– लेखनाथले १९७३ मा देखेछन्–

"चोली भित्र नयाँ साना बालाका स्तन कैं गरी
पातैमा आँपका दाना दबेका छन बेसरी" (१।४४)

यस्तो देखेर के गल्ती गरे उनले? कहाँनिर गल्ती लेखे बिचराले?

त त्यो सानो 'स्तन' लाई उदांग्याएका पनि छैनन्– पातले छोपेर पेश गरेका छन् लेखनाथले त ।

अनि समय बग्दै जाँदा त्यो सानो 'स्तन' अलि ठूलो हुँदै आएछ । त्यो पनि कविजीले देखे र लेखे ।

"पहेँला भावका गोल फुले कदमका फुल,
रोमांचवाला बालाका स्तन झैं पुष्ट मंजुल" (३।३३)

यी आँपका पातमा लुकेर बस्ने साना र कदमका फूल जस्ता डल्ला 'स्तन'हरूमा बिद्वान् त्रिपाठीले शृङ्गारका कुन 'स्थुलता' देखेर त्यस्तो लेखे बुझ्नसक्नु छ । त्यति मात्र होइन, यी श्लोकलाई त ज्यान सजाय नै दिन्छन् त्रिपाठी, 'संशोधन श्रमयोग्य' पनि नभएको भनेर– अर्थात् अलिकति सजाय दिएर पनि नपुग्ने काटि नै हाल्नुपर्ने रे ! के अपराध गरे यिनीहरूले भने, तरुना कविलाई जस्तै पढ्नेहरूलाई पनि यिनले आनन्द दिए, त्यत्ति हो । त्यसरी 'ज्यान सजाय' पाउनेमा शाश्वत सत्य बोल्ने यस्ता श्लोक पनि पर्छन् –

"रातमा मेघको शब्द सुनी सानी प्रिया पनी
कान्तको काखमा आफैं घुस्रन्छे 'लौननी' भनी" (३।४६)

बाला अथवा मुग्धा नायिकाको चरित्र बखान्ने यति राम्रो श्लोकलाई काटेर स्वर्ग पठाएपछि यस्तै चरित्र गुण भएको अर्को श्लोक लेखनाथले दिनसकेका छैनन्, यो मान्नै पर्नेछ । विद्वान् डाक्टर त्रिपाठीसँग राय बझाउन मात्र यो लेख लेख्न लागिएको होइन । तर कुरा उठीहालेको हुनाले यो चर्चा एक पाइला अगाडि बढाऊँ । त्रिपाठी लेख्छन् "ग्राम्यता पर्याँकेर शिष्टतातिर उन्मुख" छन् कवि लेखनाथ १९९१ मा 'ऋतुविचार' लाई

संशोधन गर्न बस्दा । होला । तर केलाई भन्ने ग्राम्यता ? त्रिपाठीले ग्राम्यता देखे यसमा –

"नपाई शकनु यो छ यौटा हेमन्तको गुण
हुँदैन कहिल्यै तृप्त कान्तालिङ्गनले मन" (५।३८)

के गाउँलेपन छ यसमा– यो चिरन्तन सत्यमा– र यसले 'काटिनु' पर्‍यो ? दिक्क लाग्छ ।

केही पुरानो श्लोकलाई लेखनाथले अलिकति 'संशोधन' गरेर नयाँमा ठाउँ दिएका छन् । निकै राम्रा भएका छन् पनि कुनै । तर सबै होइन । संशोधन हुँदा मौलिक सौन्दर्य गुमाएका पनि छन् कतिले । त्रिपाठीजीले भने ती सबै संशोधनको प्रशंसा गरेका छन्– 'भाव-शिल्प, सौन्दर्य चम्काउनु' 'नयाँ चमक' ल्याउन र "चमत्कार थप्न सकिने ठाउँमा पनि लेखनाथले नयाँ माधुर्य थप्न कलम चलाएका छन्"– भनेर । त्यस्ता नयाँ माधुर्य थपेर चम्किएको भनिएको एउटा श्लोक हेरूँ । पहिले भनिएको थियो–

"साना ऐसेलुका दाना टिपदा ती टपाटप
सम्झन्छु म त कान्ताका कानका सुनका टप" (१।३६)

यसले नयाँ रूप यस्तो पायो १९९१ मा –

सान ऐसेलुका दाना टिपदा ती टपाटप
ग्रामीण नारी सम्झन्छन् कानका सुनका टप" (१।६५)

यसलाई सुधारिएको भन्ने कि बिगारिएको ? त्रिपाठीजीले सुधारिएको देखे । अरू कसैले बिगारिएको ठहराउलान् । दृष्टिकोण आफ्नो आफ्नो हो तर पुरानोको 'सम्झन्छु' ले ल्याएको

आफ्नोपनको न्यानो सम्बन्ध 'ग्रामीण नारी' ले ग्वाम्मै खाइदिए जस्तो लाग्छ। 'कान्ताका कानका सुनका टप' मा भएको ध्वनी र यमकको मिठास पनि 'सम्फन्छन् कानमा सुनको टप' मा कहाँनिर बाँकी छ भन्नु ? माधुर्य खपिने त कुरै टाढाको ! पुरानोको 'सम्फन्छु' मा कविले आफ्नी प्रेयसी (पत्नी) को कानमा लगाएको सुनको टप नै सम्फेको स्पष्ट छ। नयाँको 'सम्फन्छन्' ले के सम्फाएको हो कविजीलाई नै सोध्न जानुपर्ने हुन्छ। ती 'ग्रामीण नारी' ले कुनै जमानामा एउटा सुनको टप पाएका हुँदाहुन् त्यो हरायो होला- त्यही सम्फे हुनन् कि? अथवा कानमा एउटा सुनको टप लाउन पाए हुन्थ्यो भन्ने सम्फेहोलान्। तर त्यो सम्फेका भए यो संस्मरणको सम्फाई भएन इच्छा गरेको मात्रै भयो। त्यसरी इच्छा गर्नलाई उनीहरूले कसैका कानमा सुनको टप देखेको हुनुपर्‍यो- 'ग्रामीण नारी' गरीबीकै अर्थमा प्रयोग गरेहोलान् कविले। अर्थात् अर्चलेका गाउँले आइमाई, घाँसी गोठाल्नीहरूले शहर पुगेर आएका यस्तै ठूला ठालुका जहानहरूले शहरबाट लाएर आएका सुनका टप देखेर कल्पेका होलान्। त्यो सम्फेर कल्पेको भए यो 'सम्फाइ' मा ईर्ष्या अथवा डाढोको गन्ध पनि होला। त्यसो भए विभत्स रस बन्यो यो। कहाँ पुरानो सुनको टप सम्फेको श्रृंगार रसलाई कवि लेखनाथले 'सुधारेर' विभत्स रसमा ल्याइपुर्‍याइ दिए !

यो एउटा श्लोकलाई यसरी व्याख्या गरिरहनु पर्ने थिएन। तर अ भन्दा अलङ्कार बुफिन्छ भनेर त्यही धारामा तलका अरू यी श्लोकहरू पनि तुलनीय छन् भन्न खोजेको मात्र हो। 'बर्षा' का यी दुई विचार हेरूँ-

"स्तन भारवती कोही कामिनी फैं अली तल
फुके दारीमका शाखा लागनाले ठुला फल" (पृ. ३।३५)

"गुणका भारले नम्र गुणी तुल्य अली तल
झुके दारीमका हाँगा लागनाले ठुला फल" (न ३।८२)

दारीमसँग तुलना गरिएका आइमाईका बुबु, दुद जस्तो सजीव वर्णन गुणका भारले थिचिएका मान्छेबाट हुनसक्तैन भनिरहन पर्दोइन । अथवा यो हेरूँ । हेमन्तका सूर्यको बयान छ–

"जन्मन्छे पद्मिनी प्यारी सती फेरी लिनाकन
शिवकैं सूर्य लागे की उत्तरैं तिर लम्कन" (.पृ६।३५)

"मिली अब सती प्यारी पद्मिनी यो भनीकन
राम कैं सूर्य लागे की उत्तरैं तिर लम्कन" (न.६।८१)

यसमा 'शिव' कति ठीक ठाउँमा र 'राम' कति बेठीक ठाउँमा परेका छन् व्याख्या आवश्यक छैन ।

त, यस्तो छ सुधारिएको रूप लेखनाथको । होइन, सबै यस्ता छैनन् । राम्रा पनि छन् कतै कतै । तर पुरानाको मिठास नयाँमा छैन त्यो दुबैलाई स्वादको लागि पढ्नेले भन्नेछन् । विद्वत्ता, प्रौढता, संबृद्धि सबै होला– तर रसिकता छैन । छैनको बरोबर छ किनभने रसिला श्लोक खोजी खोजी काटिएका छन् । त्यसैलाई त्रिपाठीले बाठो भएर यसो भनेका छन् । "१९७३ को ऋतुबिचारमा तन्मयता नै प्रबल छ र मन्मयता प्रबल भएको क्षण लगभग आउँदैन भने १९९१ को ऋतुबिचारमा तन्मयतालाई मन्मयताको सहकारिता प्रशस्त प्राप्त भएको अनि कतै कतै मन्मयता तन्मय अङ्कन भन्दा प्रबल रहेको भेटिन्छ"। (पृ.१५८)

अनुप्रासयुक्त कविता पढेजस्तो लाग्ने त्रिपाठीको यो वाक्य तर बुझ्न गाह्रो छ । किनभने हृदयको भाव संवेद्य अथवा समयतालाई 'मन्मय' भनेको हो भने त्यही नै चीज १९७३ को

'ऋतुविचार'मा थियो र त्यसकै अभाव १९९१ को मा खट्कन्छ भनेर माथि यति लामो गन्थन गरियो। अब तन्मयता मात्र छ त्यसमा मन्मयता छैन भनेर कसरी भन्नु ? अथवा यस्ता स्थल-हरूलाई के भन्नु–

शरत्सीमन्तिनीतर्फ ढल्केका कविजी कन
होसै भएन हेमन्त आयो भन्ने अली दिन(५।१)
सानू अटल आगाको काखमा राखदा यहाँ
स्वर्गकी मेनका मानू पाएँझैँ लागने अहा(५।४३)
प्यारी निन्द्रा छहारीमा दिउँसै बटुवाकन
आफ्ना काखमा राखी लागी दर्द भुलाउन(२।२३)
निहुरेका मजेदार देखदा बैंशका रुख
सम्झिन्छ बैंशले केही झुकाएका प्रिया मुख(१।३१)
जस्तो अँध्यारो देखिन्छ यो वर्षा ऋतुको दिन
उस्तै छ शोकका मारे विरहीको पनो मन(३।१०)

अथवा, फेरि उही कानका टपको कुरा झिकूँ–

"सम्झन्छु मत कान्ताका कानमा सुनका टप।"

मन्मय भनेको आफ्नो काव्यभित्र आफूलाई आरोपित गराउनु होभने त्यसको यीभन्दा उम्दा उदाहरण कहाँ पाउनु ? 'म सम्झन्छु' भन्छन् कवि लेखनाथ। स्वयम् पुगेका छन् उनी ऐंसेलुका झ्यांगमा १९७३ मा। १९९१ मा त भाग्छन् उनी त्यताबाट– 'ग्रामीण नारी' हरूलाई त्यहाँ पठाएर!

कुरो उठेको थियो लेखनाथले दोस्रो संस्करणमा के कति संशोधन कहाँ कहाँ गरे भन्ने बारे। कुरो लम्बिएर डाक्टर त्रिपाठीको शोधग्रन्थभित्र अलमलिन पुगेछ। अब फेरि आफ्नै बाटो लागूँ।

माथि कतै स्फुट कवितामा पनि लेखनाथले केही संशोधन गरेका छन् भनियो। एउटा उदाहरण दिइहाल्नु राम्रो हो। 'मनो लड्डू'। यो १९६९ मा राममणि आ. दी. को सम्पादनमा छापिएको 'लालित्य' (पृ. २९-३३) मा छ। त्यसलाई संशोधन गरिएको छ अलिअलि २०१० को लेखनाथको 'लालित्य' (प्रथम भाग) मा पुनः छापिँदा। एउटा श्लोक यस्तो थियो पहिले –

"सारि सारि चुरि छम्छम पारी
नाचदै गिडिगिडीकन मारी
अप्सराहरू डगाउनलाई
आउँदा म नडगूँ लहसाई।"

नराम्रो केही थिएन, संशोधन गर्नुपर्ने जस्तो। तर लेखनाथले फेरे त्यो श्लोकलाई। यस्तो पारे–

"सारि सारि चुरि छम्छम पारी
नाचदै गिडिगिडीकन मारी
अपसराहरू भुलाउनलाई
आउँदा म नभुलूँ लहसाई।"

यहाँनिर 'डग्नु' नै ठीक हुन्थ्यो। तपस्वीहरूलाई डगाउनलाई नै इन्द्रले अप्सरा खटाउँथे। पुराणसम्मत कुरा हो यो। त्यही लेखेका थिए लेखनाथले १९६९ मा। तर दरबारिया लेखनाथलाई डगाउने शब्दमा अर्के केही गन्ध आयो होला– उनले त्यो सशक्त शब्दलाई फालेर एउटा लिखुरे मरन्च्याँसे शब्द दिए– 'भुलाउन' भन्ने। यहाँनिर पनि संशोधनले राम्रो गऱ्यो भन्न सकिएन कविशिरोमणिको।

यही 'मनो लड्डू'मा अलिबेर अरू भुन्भुनाऊँ। संशोधन मात्र होइन दुई श्लोक (छ पंक्ति) थपेका पनि छन् कविले पछि यसमा। ती दुई श्लोक पनि नथपिएको भए हुन्थ्यो। 'लड्डू' को स्वादमा केही वृद्धि भएजस्तो लाग्दैन त्यत्ति मसला थपेर। कविले

'गहना पारि हातको' लिनुहोला भने जस्तै भएको छ त्यो –वास्ना बिहीन गहना मात्र ! 'मनो लड्डू'मा पुगेपछि अब 'लालित्य' कै पनि चर्चा जरूरी हुन्छ– संस्करण र संशोधनकै सिलसिलामा । डा. वासुदेव त्रिपाठीले मात्र सम्झेका छन् अरूले त बिर्सि पनि सके पहिलो 'लालित्य' भन्ने पुस्तकलाई । सर्वप्रथम संपादन गरेर 'लालित्य' छापे– राममणि आ. दी. ले १९९९ मा बम्बई-बाट । त्यसमा लेखनाथका ५ र चक्रपाणिको एउटा गरी जम्मा ६ ओटा कविता छापिएका थिए । त्यो 'लालित्य' भन्ने नाम संपादक राममणिले छानेका हुन्–त्यो लेखनाथको होइन । किताप-भित्र लेखनाथकै कविताको बाहुल्य भए पनि त्यो उनकै किताप चाहिं थिएन । अर्थात् 'लालित्य' भन्ने नाममा लेखनाथको सर्वाधिकार थिएन । तर नेपालमा प्रजातन्त्र आएर राममणि पन्छिए-पछि लेखनाथले आफ्नै अधिकार भए जस्तो गरी 'लालित्य' नै भनेर छपाए आफ्ना कविताहरू ; त्यसका पनि दुई भाग । त्यसमा १९९९ साललाई सम्झिंदा पनि उनले एक शब्द धन्यवाद भन्नु-पर्ने अथवा आभार राममणिको मात्र पर्ने देखेनन्, केही लेखेनन् ।

'लालित्य'मा त राममणिलाई नसम्झने लेखनाथले 'भातृंहरि निर्वेद' (२०२०)मा राममणिको नाम लेख्न बिर्से भने केहि भन्नु छैन । किनभने १९७४ को राममणिको गद्यलाई पूरै फालेर सम्पूर्ण आफ्नै पारिएको उनको त्यस नाटकमा राममणि-लाई जश दिइरहनु जरूरी थिएन । यति भनिसकेपछि यस नाटक-को पहिलो र दोस्रो संस्करणको फरकबारे केही थप भन्नु पर्दैन होला । नभनूं ।

कति भन्नु ? कति लेख्नु ? जति लेखे पनि हुन्छ । नलेखे पनि हुन्छ । यो गुण-दोष केलाएको होइन । आलोचना प्रत्यालोचना पनि गर्न खोजेको होइन । साना आँखाले देखेको कुरो लेखेको मात्र हो । यस लेखमा परेका अरू नाम पनि, लेख-

नाथसँग जोडिन आइपुगेका दुई नाम, राममणि र त्रिपाठी पनि– पूर्वाग्रहरहित यहाँ भित्र्याइएका हुन् सन्दर्भका लागि। यति स्पष्टिकरण दिनु जरुरी थियो। भनूँ नेपाली भाषाको सेवक भएका नाताले यो कलम– कोरुवा त तीनै जनालाई उस्तै श्रद्धागर्छ।*

('मधुपर्क' २०४१ भदौ)

---

*माथिको लेख छापिएपछि असोजको 'मधुपर्क'मा एउटा चिठी छापियो। यो–

## आत्म–संशोधन

भदौको मधुपर्कमा मेरो लेखनाथसम्बन्धी लेख छापीदिनु भएको रहेछ। धन्यवाद! त्यस लेखमा एउटा सानो भूल भएकोले आत्म-संशोधन गर्न चाहन्छु। पृष्ठ २८ मा "लालित्यमा त राममणिलाई नसम्झने लेखनाथले ... ..." भन्ने वाक्यांशपछि "... ... र्भातहरि निर्वेद (२०२०) मा राममणिको नाम लेख्न बिर्सेको भए पनि केही भन्न् थिएन (सो तर उनले नाम त लिएकै छन् राममणिको, गद्यमा जशमा नदिए पनि!)" भन्ने वाक्य लेख्नु पर्ने थियो। यो नयाँ वाक्यको कोष्टकभित्रको थप कुरा चाहि तपाईंहरूको त्यस अंकले सम्झाएर हाल्नु परेको हो। तपाईंहरूलाई धन्यवाद!

तर, यस २०२० को "र्भातहरि-निर्वेद" को यो उद्धृत वक्तव्यमा कविशिरोमणिले "केही दिनपछि निज राममणिले नै मेरो पाण्डुलिपि वापस दिएर मलाई भन्न् भयो– यो तपाईंको परिश्रम हो। हाल सफल हुन सकेन। तपाईं यसलाई जे गर्नुहुन्छ गर्नुहोस्। त्यो सुन्दा खिन्नता आयो तापनि मैले कुनै बखत प्रकाश होला भन्ने भावनाले थन्क्याएको थिएँ।" लेखिदिएकोले झन अन्योल पर्नु परेको कुरा बुझियो होला। उसो भए के त लेखनाथलाई त्यो १९७४ मा छापिएको "र्भातहरि निर्वेद" को ज्ञानै थिएन त? भन्ने शंका हुन थाल्छ। यो वक्तव्य पढ्दा त र्भातहरिको पहिलो संस्करण नै त्यो २०२० को हो भन्ने भान पर्छ। अब १९७४ को त्यस कितापबारे के भन्ने?

– कमल दीक्षित

# छुट्टाइदिनु पर्‍यो !

हिजो दुर्गाजी (प्रा. दुर्गाप्रसाद अर्याल) भेट्न आउँदा मेरो फेरि सातो गयो । होइन, होइन उनको मुखमा तर्साउने श्र छैन । उनको सेतो लुगाले पनि सात्त्विकता नै दर्शाउँछ । मेरो सातो गएको उनका कुराले । कविशिरोमणिबारे लेख चाहियो रे । आफुसँग दिने केही छैन– अलख जगाउँदै ढोकामा जोगी आएपछि नडराउनु ?

"दानी छ राम भनि नाम सुनेर आयौ
हे विप्रवर्य, तर केवल दुःख पायौ
मौका गयो पछि भयो तिमी आज हाय
तिम्रो गरूँ म कसरी अहिले सहाय ?"

भने जस्तै भयो । त्यसै भनें । अरु थपें–

यस वर्ष मैले चार पाँच ओटा लेखिसकें कवि शिरोमणिका-बारेमा–कुनै आत्मपरक निबन्ध, कुनै प्रबन्ध । आफूले सुनेजानेका, पढेका सबै कुरा तिनैमा खन्याइसकियो– बाँकी केही छैन सम्झने कुरो । र शोध गर्ने कुरै भएन– भएभरको वासुदेव त्रिपाठीले सिध्याइसके ! समालोचना गरूँ– न चूडानाथको जस्तो 'तरुण तपसी' मा दर्शनको खोट देखाउने सामर्थ्य छ न यदुनाथको जस्तो समालोचनाको सिद्धान्त नै आउँछ । अनि लाचार भएर भनेको हो यस्तो भएपछि–

'तिम्रो गरूँ म कसरी अहिले सहाय ?'

दुर्गाजी साना काठले डढ्ने मान्छे होइन रहेछन् । मेरो कुनै जिरह काम लागेन । 'उसो भए म सोध्छु तिमी जवाफ देऊ' भन्न लागे । 'अन्तर्वार्ता' मेरो सातो जाने अरु चर्को वस्तु हो । बरू लेख दिन सजिलो, अन्तर्वार्ता दिन त्यति गाह्रो लाग्छ मलाई । कस्ता कस्ता गहन विषयमा तुरुन्तातुरुन्तै जवाफ दिनुपर्छ । मेरो धकै फुक्तैन ।

यस्तै छट्किने कुरा धेरै गरेपछि दुर्गाजीले तुरूप फाले । मैले 'हाम्रो पुरुषार्थ'लाई एउटा लेख दिन्छु भनेको रहेछु । चार पाँच महीनाअघि । त्यो सम्झाएपछि बोल्ने ठाउँ भएन । जे हुन्छ लेख्छु भनें । र यो लेख्न बसें ।

यो भूमिका । अब एक दोटा छुटपुट विचार ।

× × ×

लेखनाथलाई पहिले मणिहरूकै पक्ष लगाइन्थ्यो– राममणि आ. दी. को पक्ष । भीमशमशेरको राजकाजमा उनले मणिहरूसँग सम्बन्ध विच्छेद गर्न कर नलागुन्जेल उनी 'शान्ति निकेतन पुस्तकालय' मा नियमित आउने मान्छे हुन् । आउने र नयाँ रचना सुनाउने । राममणि आ. दी. र लेखनाथ पौडेल त्यस बेलासम्म एक ज्यान दुई शरीर थिए– आत्मा एउटै थियो दुईको, नेपाली साहित्य । छरकीका लेखनाथलाई 'कवि भन्न दुई शब्दका अधिकारी हुनेछन्' भनेर पहिलो भविष्यवाणी गर्ने महापुरुष राममणि नै हुन् । 'लेखनाथ'लाई लेखनाथ बनाएर चम्काउने राममणि हुन् भनेर भन्यो भने यो लेख्नेमाथि बाजेको खाँडो जगाएको दोष नलागोस् । लेखनाथले नै सकारेको कुरा हो यो । 'पिंजडाको सुगा' का आत्माराम अरू कोही होइन राममणि नै हुन्–

"यौटा भन्दछ यो हुं पाजी अर्को भन्दछ यो छ विराजी
भन्दछ तेस्रो आत्माराम पढो पढोजी राखो नाम"

घेरैतिरबाट अखानो परेर लेख्न छाड्न लागेका लेखनाथको कलम रोक्न नदिने राममणि हुन्, यो श्लोकले त्यही भन्छ ।

× × ×

छन्द फिकिदियो भने लेखनाथ कवि बाँकी रहँदैनन् रे । एक जना निकै जान्ने विद्वान्ले भनेका हुन् यो कुरा । लेखनाथका छन्दले भाषालाई गिलगिलाएको छ रे ! भावलाई भाषाले मुर्र्याएर बाँधेको छ, भावले स्वच्छन्द विचरण गर्न पाएको छैन रे ! विद्वत्ताले गलगिद्ध भएपछि निस्कन्छन् क्यारे यस्ता यस्ता बुद्धिका कुरा ! यो लेख्ने चाहिं विद्याको त्यो वारिधिमा गोता लगाउन नपाएकोले होला अन्वयै गर्न नपर्ने जस्ता कवि शिरोमणिको श्लोकमा छन्दले छेकारो हालेको देख्तैन ।

'हेरी नशक्नू पारी परखाल बडे बडे
नेपाली कविले खुट्टा काटेका वर्ण झैं लडे' (ऋतुविचार)

भन्दा कहाँनिर लेखनाथलाई छन्दले खुट्टा काट्यो खुट्टयाउनु सकिदैन । अनुष्टुप् मात्र किन ? एउटा शिखरिणी हेरूँ–

'कुनै धौता जस्ता सुघर सुकिला बाहिर भने
कलेजामा हेर्दा मलिन फुहरी हेर्न नहुने
कुनै काला मैला मलिन फुहरी हेर्न नहुने
मुटु छामी हेर्दा हृदय सहसा गद्गद् हुने' (तरूण तपसी)

वार्णिक छन्द मात्र होईन मात्रिक छन्द पनि त्यस्तै निस्कन्थ्यो उनका कलमबाट कत्ति जोड नपरीकन । यसरी–

'मैला धमीला खोला हजारौं जो आइपर्छन् ती सबै
संकेर साथै राखी उदरमा आफू अहो ! धमिलो नभै

उलिरहेको त्यो पूर्ण सागर कुन दिन्छ शिक्षा वास्तव ?
हे मान्य ! मानव ! संक्षेर ले त्यो कसमा छ तेरो गौरव ।'
(सत्य स्मृति)

कुनै पनि छन्दलाई उनी यसरी थै थै हातैमा नचाइदिन्थे–

'सुक्यो सुगा त्यो ए साम्नानी !
किन नदिएको चारा पानी ?
भन्ने करूणा रसको धारा
आज नजरमा छल्क्यो सारा' (पिंजराबाट छुटेको सुगा)

यस्ता ठर्रा नेपाली शब्दका श्लोक हुन् कि शुद्ध संस्कृतका। शब्दहरू नाच्छन् उनका कवितामा यसरी–

'निरंजन निरीह निर्भय नितान्त निर्लेप यो
स्वरूपकन देखता मन सशंक मेरो भयो
दया गर अलिकती बुझिब मर्म कत्ती पनि
सखी भन वियोगिनी हुनगयौ कि वा योगिनी' (सूक्तिसिन्धु)

कहाँनिर भावलाई छन्दले बाँधेको छ यहाँ, कहाँनिर भाषा गिलगिलिएको छ, विद्वान्हरूले हेरेर निर्योल गरिदिए हुन्थ्यो । अब छन्द फिकिदिएर हेरूँ लालित्य-२ को एउटा प्रसंग, लेखनाथ बाँकी रहँदा रहेछन् कि रहेनछन् :

"जुनेली, वासन्ती, सरस निशिको अन्त्य पहर जसै देख्थें, लाग्थ्यो हृदयबिच अत्यन्त रहर । चुचो खोल्थें, बोल्थें । मनमनै सबै गद्गद् थियो । कठै ! त्यो आनन्दी मधुर वय मेरो सब गयो !!"

खोइ ? शब्द तलमाथि नपारी, गद्य बनाएर हेर्दा पनि यो 'वयोवृद्ध कोइलीको विलौना'मा कवित्व बिलाएको देखिएन त !

लेखनाथले 'सत्यकलि सम्वाद' लेखेर पुरातन ब्राह्मणवादी युग फिर्ता ल्याउने जमर्को गरेका छन् अरे ! होला । सधैं त्रिपुण्ड

धारण गर्ने, कास्कीका विद्वान् पण्डित वंशका अर्वा, अचंलेमा विक्रमको बीसौं शताब्दीको आधा पनि नपुग्दै जन्मेका लेखनाथले राकेट युगका चन्द्रमामा पुग्ने कुरा लेखेनन् भन्ने दोष दिन सकिन्छ ? तर उनको 'बदनाम' भएको 'सत्यकलि सम्बाद'ले सम्म पनि आधुनिक फेशनको गिल्ला गर्दा समेत रूढीवादी परम्पराको उछितो काटेको छ भन्ने बिर्सन होओइन । आफैं बालबिवाह गर्ने लेखनाथले बालबिवाहको समर्थन गरेका छैनन् । किनभने,

'छोरो छ वर्ष नहुँदै मिलदी बुहारी'

बिहे गरिदिने प्रथाका उनो विरोधी छन् । विद्याविहीन जड-अन्धकारलाई उनले धिक्कारेका छन् । गान्धीको अहिंसावाद र नेतृत्वलाई मानेर उनले 'सत्यस्मृति' गरेका छन् । विज्ञानका चमत्कारबाट चमत्कृत भएका छन् कवि लेखनाथ । विज्ञानले ल्याएको भौतिक सुख के हो भन्ने पनि उनले बुझेका छन् । तिन-लाई कविले त्याज्य गरेका छैनन्– तर भन्छन् त्यसमा नभूल, भित्री सुख खोज । विज्ञानले ल्याएको विनाशकारी उन्नतिको अवश्य कविशिरोमणि विरोधी छन्– बमहरूको कट्टर विरोधी । तर को प्रगतिशील व्यक्ति अणु-बमको विरोधी छैन र ? यो बिनाशको विरोध, भौतिक अतिसुखको विरोधलाई पुरातन विचारधारा भन्ने हो भने नेपाली साहित्यका सबै नाम चलेका लेखक कविहरू पुरातनबादी ठहरिन्छन् ।

"बेलुन विद्युत् रणपोत रेल
विश्वस्त वैज्ञानिक वन्य खेल
संसारका अद्भुत कार्य जात
देख्थ्यौं कहाँ बिस्मय हर्ष साथ" (ने. तेस्रो पुस्तक)

भन्ने कवि लेखनाथलाई कुन मापदण्डले पुरानो भन्ने ? तर हो एउटा कुरा चाहिं भन्नु पर्छ कविशिरोमणिले शासकहरूको जैले पनि गुण-गान गरेका छन् । चन्द्रशमशेरको होस् कि भीमशमशेर-

को, उनले देखेका सबै श्री ३ को र पछि श्री ५ हरूको उनले उस्तै उत्कण्ठाले प्रशंसा गाएका छन् । त्यसलाई पनि यतिखेर दोष नमानेर प्राचीन संस्कृत कविपरम्पराकै एउटा धारा भनेर ती राम्राराम्रा श्लोकहरूलाई आत्मसात गर्नुगर्छ । किनभने ती स्तुति-कविताको 'आराध्य'लाई गौण मान्यो भने कविताको रसास्वादन चाहिं उत्तिकै मीठोसँग गर्न सकिन्छ ।

अब एक पटक फेरि भूमिकातिर फर्कौं, दुर्गाजीकै प्रसंगमा । 'हे विप्रवर्य तर केवल दुःख पायौ' भनेर मैले शुरूमा 'उद्धृत' गरेको गोरखा संक्षिप्त भारतको श्लोक अनायास थिएन । त्यो विवादीया श्लोक हो । त्यो र त्यस्ता अरू श्लोकहरू कवि-शिरोमणिकै हुन् भन्ने पक्का थिएन । त्यो 'भारत' चक्रपाणिको हो भनेर त मैले नै पनि २०१३ सालतिरै 'एक पाना पल्टन्छ'मा लेखिसकेको छु । अनि त्यसभित्रको संक्षिप्त गीतासार चाहिं कवि लेखनाथको हो भनेर उसैबेला गो. भा. प्र. स. का अध्यक्षले सकारेका छन् । तर त्यसभित्र भएका अरू यी राम्राराम्रा श्लोक-हरू कसका हुन् भन्ने बारे कसैले केही भनेको थिएन । ती सबै चक्रपाणिकै हुनन् भन्ने हामी सबैले ठानेका थियौं । तर २०२५ सालमा आएर थाहा भयो तिनमध्ये केही श्लोक त अवश्यै लेख-नाथका रहेछन्– किनभने उनले आफ्नो लालित्यको दोस्रो भागमा त्यस्ता अलिकति श्लोक समाविष्ट गरिदिए । यो परशुराम र द्रोणाचार्यको प्रसंग त्यसैमध्येको एउटा हो । कविशिरोमणिले द्रोणाचार्यको प्रसंगमा आफ्नो हकसाफी गरेर लिए, जाती नै भयो । तर यस्तो आंशिक हक-साफीले गर्दा अर्को झ्याउलो खडा हुनपुग्यो । अब ती अरू श्लोकहरू कसका भन्ने ? राम-मणि, चक्रपाणि, लेखनाथ तीनै जना जवाफ नदिने गरेर गैसके । हामीले कससँग सोधेर लेख्ने ?

"दाजैज्यू कुन यो दयालुपन हो हर्दम् हजुर्ले लिने

बैरीमाथि दया गरेर कसरी निर्वाह हाम्रो हुने ?
खालि शान्ति दया क्षमा भनि भनी यो दुर्दशा भैसक्यो
यस्तै हुन्छ भने त भोलि सबले झोली लिए भैगयो ।"

यो कसको श्लोक ? लेखनाथको कि चक्रपाणिको ? अनि–

"प्रिय पुत्र अभिन्न कर्पण
नयनानन्दन चारु लोचन
सुकुमार कुमार नन्दन
प्रथितोदार गुण स्मरोपम
अब पाउँ कहाँ म देखन
वत तिम्रो मधुरो स्मितानन"

यो कसको ? कल्ले भनिदिने ?

यता, शोध गर्नेहरू (अलिअलि गरिटोपल्नेहरू समेत !) यस्ता बेनामी या बेवारसी रचनाहरूलाई एक्लैले उभिएको देख्नै चाहँदैनन्– फट्टपट्ट कसैको हिल्ला लगाइ दिइहाल्न खोज्छन् । त्यही परम्परा थामेर हामी पनि गोरखा रामायण र महाभारतका ती श्लोकहरू कविशिरोमणिकै नाममा दर्ता गरिदिऊँ क्यारे !

अथवा, शैलिविज्ञानका आधारमा योग्य समाचोकहरूले यो यसको भनेर छुट्टयाउन सक्नुपर्छ अब । शैलीको राम्रो ज्ञान भएकाहरूले त राम्रा कवितात्मक श्लोकमा मात्र होइन, मामुली कुराकानीका श्लोकहरू पनि कविहरूले आ-आफ्नै छाप छाडेको जस्तो गरेर चिन्न सक्छन् रे । जस्तो विराटराजाका छोरा उत्तरले अर्जुनलाई भनेको यो श्लोक–

"वृहन्नले हुन्छ मलाई दैन्य
देखेर यो कौरवराज्य सैन्य"

यही श्लोक पनि कसको हो जान्नेहरूले छुटचाइदिनु पऱ्यो ।

( 'हाम्रो पुरुषार्थ' गुल्मी, २०४२ बैशाख )

# 'ज्यादा रहस्य कन ....'

शान्ति कुँवर मलाई भेट्न आउँदा उत्तम नै आएजस्तो लाग्यो । उही भाव, उही भाषा थियो उनको पनि 'रूपरेखा'को फलानो विशेषांकलाई लेख चाहियो । सहयोग गर्नुपर्‍यो इत्यादि। उत्तम नै बोलेजस्तो लाग्यो– 'रूपरेखा'को रजत जयन्ती अङ्क निकाल्न लागें भनिन् । लेखनाथ विशेषांक पनि निकाल्ने विचार छ भनिन् । वास्तवमा मैले 'रूपरेखा'लाई विशेषांकहरूमा मात्र लेख दिने गरेको रहेछु । उनले यो बुझेकि रहिछन् । मलाई सम्झेको राम्रो लाग्यो । सक्तो गर्छु भनी पठाएँ ।

तर शान्तिले खोजेको यस्तो लेख होइन । उनलाई खोजपूर्ण, तथ्यांक भरिएको शोधप्रबन्ध चाहिएको – कवि शिरोमणिका बारेको । त्यो मैले गर्न सकिनँ । किनभने लेखनाथलाई मैले त्यसरी पढिन । मैले लेखनाथ अध्ययन गरेको छैन । म लेखनाथ पढ्थें– अहिले पनि पढ्छु । स्वादले । आनन्दका लागि । स्वान्त सुखाय ।

भर्दा भर्दै हजारौं विषय – सुख – घडा देह लम्तन्न पर्दा
फुर्दा सम्पूर्ण सेखी तुजुक, पवनले निस्कने जोड गर्दा
सर्दा आपस्त डर्दै पर पर, धमिलो नाचको अन्त्य पर्दा
गिर्दामा साथ जाने कुन कुन चिज हुन् सम्झ ती काम गर्दा ।।

लक्षण ग्रन्थ नै पढ्नु पर्दैन यो श्लोक मन पराउन । यी चार

लाइनभित्र टम्म मिलेका चौरासी अक्षरमा भरिएको सत्य सन्देश बुझ्न गेरू लाएको कुनै गुरूसँग घुंडा जोरेर बस्नु पनि पर्दैन । त्यही भन्न खोजेको हो मैले– स्वादले पढ्छु भनेर ।

मलाई त अझ पढ्न पनि पर्दैन थेरै लेखनाथ । सम्झिदिए पुग्छ।। 'बालक बबुरो' होइन त्यो त स्कूलमा पढ्ने हरेक केटाकेटी-लाई कण्ठ हुन्छ । हिउँदका दिन र दशैं पनि होइन । 'हट्यो सारा हिलो मैलो' र 'मित्र हो हिउँदका दिन आए' जस्ता मीठा पंक्ति स्कूलमा एक पटक पाठ सुनाइसकेपछि कल्ले बिर्सन्छ र? 'स्वर्ग माथि रहने रमणीको हार हो कि बहुरंगी मणिको' यस्तो इन्द्रधनुष पनि होइन । इन्द्रेनीको सात रंग सम्झन सघाउने– 'लाल पीत हरियो र गुलाबी वैजने र कुसुमेहरू साम्फी' पनि विद्यार्थीको मुखमा थेगै भएर बसेको थियो अनेक दिन । हाम्रो घरमा त यी यस्ता श्लोक मात्र होइन बेचल्तोका कति कति श्लोक मुखमै कुण्डिएका हुन्थे पढे-लेखेकाहरूको मात्र होइन, काम गर्ने अशिक्षित 'शिवभक्तिनी' हरूको समेत ।

छोरा छ वर्ष नहुँदै मिलदी बुहारी
खोजी विवाह नगरे सब ठीक्क पारी
माता पितादि सबको बदनाम हुन्छ
लोकापवाद ननिको अनिको सहन्छ ?–

भन्थे घरका कमारीहरू पनि । हामीहरूचाहिं मनो लड्डु खान्थ्यौं बोल्न जानेदेखि यसरी–

सारि सारि चुनरि छंछम पारी
नाचदै गिडिगिडिकन मारी
अप्सराहरू डगाउन लाई
आउँदा म डगूँ लहसाई

अनि ज्यू नै थर्काएर बूढाहरूचाहिं यस्तो भन्थे–

अष्ट सिद्धि पनि खालि कमारी
तुल्य जानि मनले पर सारी
आदिशक्ति तक थर्थर पारूँ
कालको पनि घमण्ड उतारूँ !

लामखुट्टे लाग्थे घरमा। प्याट्ट प्याट्ट गालामा र निधारमा हान्नु पर्थ्यो हातले अनि गट्टा खेल्दै गरेका र पुतली खेलिरहेका दिदी फुपूहरू अनायासै भन्थे–

यता हाने उता जाने कानमै फेरि नाचने
नहाने रगतै खाने कसरी हो नि बाँचने ।

उता कलेजतिर जक्लेका र दरबार पनि अलि अलि बुझिसकेका चाखिसकेका दाजु, काकाहरूमा चाहिं लेखनाथ बोल्थे यसरी–

कोही भोका परी पोका धोका पाएर रोकिंदा
ढोकाका चाकरीवाला झोकिए फैं गरी हिंडे ।

भन्न खोजेको के भने लेखनाथ पढ्नु पर्दैनथ्यो हामीहरूलाई– गुन्द्रुकलाई पकाउन नपरे जस्तो, सालीलाई फकाउन नपरे जस्तो । लेखनाथ हाम्रा थिए– हामी नै थिए लेखनाथ । आफूलाई पनि पढ्नु पर्छ र ?

तर होइन । पढ्नु पर्दोरहेछ । आफैंलाई पनि पढ्नु पर्दोरहेछ । लेखनाथले नै पढेका थिए आफूलाई नपढेको भए यस्तो भन्न सक्थे ?

आत्मा भन्छ सबै बुझी शरण ले वैराग्यको योगको
अल्छी हूँ, म कसो गरूँ सुर कुनै मिल्दैन उद्योगको ।

आफैंलाई पढेका थिए र त यस्तो यस्तो सत्य सन्देश दिन सके उनले–

यो ब्रह्माण्डै हलुङ्गो जब मनबीचको तिर्सना लाग्छ टुङ्गो
तृष्णाको तुच्छ जालो मनबीच नभए जो मिल्यो सो उज्यालो
यो सारा सृष्टि कालो मनबीच छ भने दम्भ दुर्भाव कालो
यो सारा सृष्टि दोषी विधिवश छ भने आफ्नू दृष्टि दोषी।

सारा संसार, यो सृष्टिलाई नै आफ्नो मनसँग घटाउन सक्ने लेखनाथले आफूलाई कम त पढेनन्! आफूलाई चिनेका रहेछन् लेखनाथले भन्ने निस्कर्षमा पुगें म।

तर यो निष्कर्षमा पुग्दा नपुग्दै फरि 'रूपरेखा' अल्झिन आइपुग्यो मेरो मनमा। 'रूपरेखा' ले आफूलाई चिनेको छ कि छैन? अहिले यो रजतजयन्ती अंक निकाल्ने कुश शान्ति कुँवरले गरेको देख्ता चिनेको रहेछ भन्नुपर्ने जस्तो लाग्यो नत्र त पच्चीस वर्षमा कँल्यै नढलेको 'रूपरेखा' आज आएर लरखरिएको, ढिलाएको, ताती गर्न लागेको देख्ता शंका लागिसकेको थियो।

यहाँनिर म लेखनाथको 'जुन बत्ति छ आफुभित्र कालो अरूलाई गर्ने उही उज्यालो' भन्ने सूक्तिमा अल्झिन पुगेछु। कुरा के भने मैले जुन काम गर्न हुँदैन भनेर अस्ति शान्तिलाई भनें त्यो काम आफैं गर्न थालेछु! मैले शान्तिलाई भनेको थिएँ– खिचडी नबनाउनुहोस्; दुइटा कुरालाई एकै ठाउँमा नजोड्नुहोस्, राम्रो हुँदैन– भनेथे। आफ्नो रजतजयन्ती अंक पनि त्यही – लेखनाथ शतवार्षिकी विशेषांक पनि त्यही गर्नुभयोभने दही-चिउरे भन्छन् भनेथें। म आफैं दही-चिउरे भएछु अहिले, लेखनाथको कुरामा 'रूपरेखा' लाई सम्झन पुगेर। तर अब यति भइसकेपछि लाज पचाएरै अघि बढ्छु। मनैले पढ्छु–

लगाएर गलामाथी माला नरकपालको,
नाचने कालिका देवी मेरो मन समालुन्

जोडे मोडेको अक्षरै नहालेर भरखर बाह्रखरी खारेका विद्यार्थी-लाई सिकाउन भनी खेचरमणि आ. दी. का नामबाट लेखिएका 'शिशु-वोधिनी'का लेखनाथका खुलुलुलु बग्ने कविताधारा हामी केटाकेटीहरूलाई नघोकिकनै आउँथ्यो। 'लालित्य'का अलि रसिला पंक्तिहरूचाहिं बिहे भइसकेका तरुनाहरू गाउँथे–

'रससँग निसकी पियारी आऊ
तिमी किन आज लुकेकि छौ बताऊ' या–
म त समझन्छु ति केशपाश
बढिकन आउँछ लामु लामु सास!

भनेर। गिज्याउन पऱ्यो भने 'सत्य कलि सम्वाद' अघिसर्थ्यो–

'यो हालकै चलन हो पहिले थिएन
दाजै तसर्थ प्रभुले बुद्धि बक्सिएन,'

भन्दै। त्यसभन्दा माथि जानुपऱ्यो भने सन्दर्भ खोलिन्थ्यो यसरी–

भाइ भएँ म यसले अलमल्ल भारी
के हो सलाम किन गर्नै भयो तयारी।

त्यति मात्रै पनि होइन। भीमफेदी र चितलाङतिर अथवा रेलमै भेटघाट कुराकानी भएर छुट्टिंदा बूढाहरूले भनेकै सुनेको छु मैले सत्यले जस्तो यस्तो–

बाबू थियौं तिमि कहाँ म कहाँ कहाँ यो
संयोग हामी दुइको हुन आज आयो।

मैले म हामी भनेर मात्रै माथिका उदाहरण दिनाको कारण–सत्यता हो। अजमाएर भनेको होइन भन्ने अर्थमा। हाम्रो मणिहरूको घरमा भनिने कुरा अरू पढेलेखेकाहरूले नगर्दा हुन् र? तर हाम्रो घरमा लेखनाथको कुरा अलि बढ्तै भैरहन्थे–किनभने उनी आइरहन्थे आफू वा (राममणि)को पुस्तकालयमा

घण्टौं बसी साहित्य चर्चा गरिरहन्थे। कविता पाठ गरिरहन्थे । नयाँ लेखनासाथ आएर सुनाइरहन्थे । त्यसैले उनका श्लोकहरू पढेका नपढेका सबैका कानमा समानरूपले परिरहन्थे । कानमा परेपछि मुखमा आउन के बेर ! चारै अमलको त फरक छ नि यी दुईका बीचमा !

बीचमा होइन, अब अन्त्यमा भनूँ– माथि सबै श्लोक र पंक्तिहरू हाम्रा घरमै सुनेको र कण्ठ भएका मात्र भनें । कुनै सन्दर्भ त्यसैले दिइएन । अब एउटा पंक्ति बाहिरकाले पनि टुक्का हालेको समाएर लेखनाथलाई हाम्रो परिवारको पिंजडाबाट मुक्त गर्न खोज्दैछु । देशभित्र मात्र होइन विदेशसम्म छरिइसकेका लेखनाथलाई आफ्नै परिवारको पेवा बनाउन खोजेको दोषबाट मुक्त हुँ भन्दैछु म पनि । रहस्यमय त्यो टुक्का चाहिं यो–

"ज्यादा रहस्य कन खोजनु ठीक छैन
निर्दोष भाव भवमा कहिं पाइदैन"

अब अलिकति 'रूपरेखा'लाई फेरि जोडूँ । 'रूपरेखा' चलिरहनेछ भनेर शान्तिले दिएको बचनलाई सत्य मानूँ । किन बन्द हुन खोजेथ्यो भन्ने रहस्य खोज्न पट्टी नलागूँ हामी, कविशिरोमणिको त्यो अर्ति मानेर

ज्यादा रहस्य कन खोजनु ठीक छैन !

[ 'रूपरेखा' रजत जयन्ती अङ्क । ]

# स्वर्ग छ, स्वर्ग त !

'सहू, सहू, सहू बाबु सहनै नसके पनि' बुझ्ने भएपछि मैले पाएको पहिलो मन्त्र यो । मन्त्रदाता, कवि-गुरु बालकृष्ण । तर उनलाई म चिन्दिनथें । चिनेकै भए पनि बुझ्दिनथें होला, उनको ध्रुवलाई म ! भए पनि, त्यो ठूलो घरमा, संयुक्त परिवारका पच्चीस तीस जनाभन्दा बढी आफ्नै छिमलका काका र फुपूहरूबीच सबभन्दा कान्छो भएको मैले सहनु अवश्यै बढी पर्दो हो, रून पनि निश्चय नै बढी पर्दो हो । त्यसै भएर नै होला आमाले दोहराई तेहराई 'ध्रुव' को त्यो लाइन मलाई सम्झाएको, घोकाएको ।

'ध्रुव' मसँग निकै टाँसिएको छ । अलिअलि भए पनि मैले बुझेको पहिलो किताप नै त्यही । 'बाँदलको तछविल भएको' कितापबाट* गुरुले सिकाए पनि मूल रामायणको 'नालदम् पलि पप्लच्छ बाल्मीकि मुनि पुंगवम्' केही नबुझेरै मैले कण्ठ पारेको थिएँ । अनि आमाले राती मीठो स्वरमा पढेर सुनाउने 'ध्रुव' को –

"दीप दीप मुमालाई तिम्रो जिम्मा म लाउँछु
मुमाको आँशुको थोपा तेल जस्तै सुकाउनू"

चाहिं अन्सारैले पनि मैले बुझेको रहेछु । अनि–

"रातमा रहनू जागा पूर्व सेतो भएपछि
उठी त्यो रातको निन्द्रा दिनमा नै पुऱ्याउनू"

---

* हेर्नू 'बिर्सेको सम्झेको' पृ. ४० ।

को गहनता राम्ररी नबुझे पनि–

"भइहाल्यो मुमा जाने बेलामा एक चुम्बन
मैले हजुरको प्यारो गालामा दिन पाइन"

भनेर म पनि रोएको छु । म ध्रुव भएको छु ।

त्यही 'ध्रुव' हो समसँगको मेरो पहिलो परिचय । अनि 'मुकुन्द इन्दिरा' । एठ्थ क्लास (तेस्रो कक्षा)का विद्यार्थीहरूले दरबार-स्कूलको 'मजलिस घर' मा नाटकको रिहर्सल हेर्न पाउँदा त्यो नाटक लेख्ने 'बाबुसाहेब' लाई मैले पहिलो पटक देखें । 'जब पुग्यो एक' मलाई त्यसै दिन कण्ठ भयो ।

त्यसपछि सेकेण्ड क्लास ( कक्षा नौ ) मा । मे.क. बालकृष्ण समशेर हामीलाई नेपाली पढाउन आए । हप्ताको एक हो कि दुई पटक उनको क्लास पर्थ्यो । 'बाबुसाहेब सवारी हुन्छ आज ।' क्लासबाट कोही भाग्दैनथ्यो त्यस दिन, हाफ टायम-पछि उनको क्लास परेर पनि । राम्रा, सौम्य मूर्तिका बालकृष्ण, दरबार स्कूलको अग्लो सेतो पोतेको कोठामा हलका नीलो रंगको टेबल र मेचमा, भव्य देखिन्थे । टक बसेको छ त्यो दृश्य मेरो मनमा ।

दुई हातका औंलाहरू जोर्दै खोल्दै, तौलेको आवाजमा, चुनिएका शब्दमा उनी बोल्थे । हामी मन्त्रमुग्ध भएर सुन्थ्यौं । तर पढाउने कुराभन्दा अरू अरू नै कुरा धेरै हुन्थे । एक पटक चन्द्रमामा रकेट पठाउने कुरा भएको सम्झन्छु– "··· अनि एक पछि अर्को गर्दै धेरै ओटा बल्दै सिद्धिदै गर्छ र त्यसैले पृथ्वीको गुरुत्वाकर्षण छाडेर चन्द्रमातिर प्रवेश गर्छ । तर...त्यसो गर्नलाई, त्यो रकेट बनाउनलाई पृथ्वीको पैसाले पुगेन । र अहिलेसम्म मान्छे चन्द्रमामा पुग्नसकेको छैन ।" सन् १९४२ को कुरा यो, चन्द्र धरातलमा मान्छेको पाइला पर्नुभन्दा झण्डै तीस वर्षअघि । हामीहरू दन्त्यकथा सुने जस्तो गरी टोल्हाएर सुन्थ्यौं ।

अनि एक दिनचाहिं क्लासमा उनले मलाई 'अपमान' गरे। कुरा के पऱ्यो भने 'शारदा' मा उनको एकांकी 'बोक्सी' छापिएको थियो। त्यो लिएर आए। क्लासमा पढेर सुनाए, नाटककै पाराले। सुनिसकेपछि प्रश्न गर्न पाइन्थ्यो। जान्ने विष्णु-प्रसाद, रामचन्द्रहरूले त्यस्तै ठूलठूला के के कुरा सोधे क्यारे मैलेचाहिं सोधेंछु– "त्यो आमा बोक्सी हो कि होइन त ?" नाटकको मर्म नबुझिदिएकोमा उनलाई दिक्क लाग्यो होला, उल्टै मलाई उनले सोधे– "तिमीलाई के लाग्छ त ?" मैले भनें– "मलाई त... आमा बोक्सी जस्तो लाग्छ"। यो कुन् बेकाइदा भएछ। कस्तो अबुरू भन्ने भएछ क्यारे; मलाई भने– "तिमी कति वर्ष भयौं ?" मैले, तेह्र चौध कति भनेपछि खिसिक्क हाँसेर उनले भने– "क्लासमा सबैभन्दा साना रहेछौ क्यारे त्यसैले।" त्यसबेला आमा बोक्सी हुने र क्लासमा सबैभन्दा सानो हुनेको के सम्बन्ध थियो मैले बुझिनँ। मैले आफ्नो अपमान भएको ठानें। धेरै पछिचाहिं 'ध्रुव' आफैंले पढेपछि त्यो अपमानको अर्थ बुझें मैले –

"ठूलाबाट सानाको अपमान नै मान हो ... ...'

त्रि-चन्द्र कलेजमा पनि हामीले बामकृष्णशमशेर 'बाबु-साहेब' सँग नेपाली पढ्यौं। त्यहाँ पनि पढ्ने कितापभन्दा बाहिरैका कुरा धेरै हुन्थ्यो। एक दिन अमेरिकाले जापानमा अणुबम पड्काएछ। त्यसको पसिपल्ट त सम 'प्रह्लाद' बोकेर क्लासमा आए। अणुबमको संहार-शक्तिको चित्रण गर्दै उनले हलाको विषको वर्णन गरे।

"खाली, यो एक चिम्टीमा चौरासी लाख जीवको
प्राण हर्ने छ सामर्थ्य ... जिउँदो नरहोस् सारा
पृथ्वीको गर्भमा कुनै, दूबोको एउटा बीज ... "

अणुबमको विभीषिका आफूले १५ वर्षअगाडि नै कल्पना गरिसकेको दावी थियो समममा त्यस दिन । तर उनका कुराले हामी कहिले अघाएनौं । 'देवकोटा–भक्त' भन्ने दर्ता भइसकेका हामीहरू पनि समितिका कोठामा 'बाबुसाहेब' को कुरा सुन्न झुम्मिन्थ्यौं । त्यहाँ पुगेपछि केही सिकेर आइन्थ्यो । किनभने समितिका कोठामा कवि-लेखकको कहिल्यै कमी हुँदैनथ्यो । सबै आफ्ना किताप बोकेर आएका हुन्थे– 'बाबुसाहेबलाई देखाउन' । पास गराउन । 'बाबुसाहेब' सधैं कुनै न कुनै कितापमा अल्झिरहेकै हुन्थे । अल्झिने मात्र होइन प्रत्येक पेजमा उनी केही न केही सुझाउ पनि दिंदै गइरहेका हुन्थे । उनले सुझाएका एक दुई शब्दले त्यस वाक्यको अरू त्यस पेजको गरिमा बढेको हामीसमेत बुझदथ्यौं । लेख्नेहरू त गद्‌गद् हुन्थे नै । फेरि मिलाएर ल्याउँछु –भन्थे । कोही कोही भने बादविवाद गर्न पनि तम्सिन्थे : त्यस्तासँग पनि 'बाबुसाहेब' हाँसेरै बोल्थे । रिसाएर कसैलाई झपारेको त्यो दुई वर्षमा हामीले एक पटक पनि देखेनौं ।

अनि क्रान्ति भयो । प्रजातन्त्र आयो । शमशेर बालकृष्ण सम बने । तर दाढी पालेका समलाई म तसबीरमा मात्र देख्थें । म बाहिर थिएँ । बाह्र साल नआई त्यसपछि पनि समसँग मेरो साक्षात्कार भएन ।

मदन पुरस्कार स्थापना हुने भएपछि भने समसँग धेरै नगीचिन पुगें म । उनी नेपाली साहित्यका उतुङ्ग हिमाशखर, म महाभारतको लेखभन्दा पनि तल चुरेतिर अलमलिएको बबुरो ! तर समले कैले पनि मलाई त्यो भान पर्न दिएनन् । जनार्दन समभन्दा पनि औरस सन्तान हुँ म उनको जस्तो लाग्थ्यो । 'वसुधैव कुटुम्बकम्' का मूर्त रूप समसँग सम्पर्कमा आउने जो पनि आफूलाई समको आफन्त नै हुँ भन्ने ठान्थ्यो । यो कुरा

मैले अस्ति समको अर्थीको पछि लागेर आर्यघाट जाँदा राम्ररी बुझें। व्यक्ति समको महानताको बोध मलाई त्यसै बेला भयो। कवि समचाहिं मेरो मनमस्तिष्कमा ब्याप्त रहेछन्। बात मार्दा थाहै नपाई मेरा कुराकानीमा झुल्किन आउने उनका सूक्तिहरू यस कुराका साक्षी बस्छन्। अहिले पनि तँछाड मछाड गरी आइरहेछन् उनीहरू। यसरी –

'दुइटै हात चाहिन्छ करताली बजाउन' (ध्रुव)

'हाम्रो नेपाल यो सानो संसारै हो कि लोकको कल्पवृक्ष यही नै हो, यहाँ पाइन्छ जे पनि।' (मुकुन्द इन्दिरा)

'तँ चिता म पुऱ्याउँला,

महादेव यही भन्छन्– कि चितामा पुऱ्याउँला!' (मुकुन्द इन्दिरा)

'ज्ञान घोटी पिलाएर पिइँदैन' (मुकुन्द इन्दिरा)

'निहुँ? के निहुँ चाहिन्छ! बलवान्को बलै निहुँ!' (प्रह्लाद)

'देखें शत्रु पनि पुत्र नदेखे पुत्र शत्रु हो' (ध्रुव)

'मानिसको जात मानिस नै हो, अर्को उसको जातै छैन।' (विश्वास)

'अन्धवेगले आँखा चिम्ली उड्दछ यो मन मुनिया' (अन्धवेग)

'कास्रो मलाई बनोस्

नेपाली सुकुमार हातहरूले खस्रा बुनेका लुगा (इच्छा)

भन्न खोजेको के भने, भानुभक्त पछि नेपाली साहित्यमा सबभन्दा 'कोटेबल' कवि नै बालकृष्ण! समयोचित पद्यमाला बनाए हुन्छ– जुनसुकै परिस्थितिका, जुनसुकै विषयका मीठामीठा राम्रा सूक्तिहरू समका नाटक कविताबाट बैरिन्छन्।

यी यस्ता कुरा जति गरे पनि हुन्छ। समका जीवनका जति कुरा गरे पनि मीठै लाग्छ, जति सम्झे पनि राम्रै लाग्छ।

यो पनि सूक्ति नै भनु ँ कि क्या--

"सुवर्ण जति ठोकिन्छ गहनै मात्र बन्दछ
फलामलाई ठोके पो घातकी अस्त्र बन्दथ्यो" (ध्रुव)

फलाम होइन, सम सुन थिए। अरु पारसमणि थिए। जे छोए पनि सुन बनाउँथे। यस्ता सम पनि गए। देवकोटा गए। लेखनाथ गए। भिक्षु गए। सोमनाथ गए। आज सम पनि गए। बाँकी के रह्यो त अब ! तर हरेस नखाऊँ। बाँकी छ अरु। समको यो अति बाँकी छ, नेपाली, 'प्रह्लाद' लाई–

"पीछा नलाग प्रह्लाद यहीं बस, यही बन,
बनाऊ पृथिवीलाई स्वर्ग, स्वर्ग छ स्वर्ग त !"

[ गोरखापत्र, २०३८ साल साउन ३१ गते शनिबार ]।

# कति बाँधिएला ?

फेरि समको बारेमा लेख्ने आग्रह आएको छ । बालकृष्ण, पुनः पुनः । जति लेखे पनि सकिन्छ । तर त्यो सबै सतही हुन्छ । गहीरो अध्ययन मबाट सम्भव छैन उनका विषयमा । सगरमाथा जस्ता समको उच्चता नाप्ने साधन छैन ममा । तर फेदीमै बसेर पनि त्यो भव्य आकारको महत्तामा मख्ख पर्न सकिन्छ । भव्यता पनि कस्तो ! त्यो त्यति विशाल छ, आँट्नै नसकिने भन्ने पटक्कै नलाग्ने, सँधै देखिरहेको भोगिरहेको पानी-पनेरो जस्तो लाग्ने ! आत्मीयता नै छविकने भव्यता !

आफ्नै वरिपरि हेर्छु, ऐले पनि सम छरिएका छन् चारैतिर । अगाडि नेपाली त्रैमासिक छ । त्यसको त्यो माटो रङ्गमा छापिएको शीर्षक उनैले बनाइदिएका हुन् २०१६ सालमा । 'पत्रिका निकाल्नु पऱ्यो हजूर ! नेपाली भन्ने नाम राखिएको छ । त्यसको टाइटिल बनाइदिनु पऱ्यो' भनें । अक्षर-बाटै नेपाली चिनिए हुन्थ्यो भन्ने कुरा पनि भयो । पसिपल्ट आउन भने । पसिपल्ट गएँ, ल्याएँ । धन्यवाद पनि भनिन होला । उनलाई धन्यवाद भन्नु त ताच्छिल्य हुन्थ्यो, अश्रद्धा हुन्थ्यो । कस्तो सजिलो ! उनको अरू पनि काम थियो, उनी राष्ट्रिय विभूति हुन्, उनलाई यसरी साना साना काममा दुःख दिनुहुन्न भन्ने कहिल्यै आएन । ऐले लाग्छ हामीहरू कति निष्ठुर

रहेछौं, कति निर्दयी । कति घोटयौं उनलाई हामीले । श्रीखण्डको गिडो जस्तो उनी भने जैले पनि निर्विकार, जैले पनि तयार– सानो बालकको हातबाट घोटिन पनि, आवालब्रह्मचारी, महा-मण्डलेश्वरहरूबाट शोसिन पनि !

मैले पनि घोटेको छु समलाई । चन्दन हुन कहिल्यै कञ्जुस्याई गरेनन् समले । 'हो' नै जैले पनि, 'होइन' भनेको सुनिनँ मैले । जतिसुकै अर्थ न बर्थका कुरा गरे पनि, 'ए, हो !' प्रतिवाद कहिल्यै सुन्नु परेन । उनका तर्फबाट अर्काको चित्त दुख्ला भन्ने बडो डर थियो समलाई । मानिसै हुन्, चित्त उनको पनि थियो, दुख्थ्यो होला कैलेकाहीं, बुरुदैनथ्यो पनि होला कैले फेरि । सब विरोधमा 'कस्तो !' भन्ने एक शब्द बाहेक मैले सुन्न पाइनँ उनीबाट ! उनलाई अन्याय भयो, फलानाले अपमान गऱ्यो भनेर सुन्याउँदा पनि त्यसभन्दा कडा शब्द निकाल्न सकिएन एक पटक ! अरूसँग के भन्थे कसो भन्थे कुन्नि, मैले चाहीं त्यस्तै देखें र लेखें 'सहू सहू सहू बाबु सहनै नसके पनि' भन्ने ध्रुव– समका बारेमा गोरखापत्रमा । त्यो पढेर जनार्दनले भने– हाम्रो बुवाको सही तसबीर त्यो होइन । अन्याय सहने अति हाम्रो बुवाले दिदैनन् । मैले भनें– उसोभए सही समको तसबीर छोराले नै कोरिदिनु पऱ्यो त ! हुन्छ भनेका छन् जनार्दनले । त्यो मात्रै होइन 'कविताको आराधना'लाई अघि बढाउन समेत आग्रह गरियो । त्यो पनि हुन्छ भनेका छन् । पर्खिरहेका छौं हामी ।*

कुरो अर्कैतिर बाङ्गिएछ । समलाई कति दुःख दिइन्थ्यो भन्ने कुरा गर्न लागेको । कता तल आइपुगिएछ ।

तेह्र साल । पैलो किताब छापिने तरखर थियो मेरो । 'यस्तो पनि' । कति फुर्ति चढेको थियो होला, किताबको नामै त

---

* कस्तो दुःखको कुरो, त्यस्तो भन्ने जनार्दन पनि अब रहेनन् ! –लेखक

त्यस्तो मपाइँ युक्त थियो भने ! समज्यूकहाँ पुगें । अरू 'चानचुने' कलाकारले मेरो किताबको मर्म के बुझ्छन्, के डिजाइन बनाउँछन् भन्ने थियो । के भनेथें बिर्से । तर भनेको हुनुपर्छ मैले 'हजूर, यस्तो किताप नेपालीमा कसैले लेखेकै छैन । नेपाली भाषा साहित्य संस्कृतिको सङ्गम छ यसमा । यसलाई सुहाउने एउटा डिजाइन बनाइदिबक्सनु पऱ्यो !'

बनाइदिए । यति भावपूर्ण बनाइदिए– लेखक कमल दीक्षितले कल्पना पनि गर्न नसक्ने । भाषा, साहित्य, संस्कृति, सबैलाई समेटेर निगालाको कलममा भरिदिए– शान्त, सरल, सौम्य ।

त्यसैताका फेरि मदन पुरस्कारको धुन थियो । गुठीको, पुस्तकालयको चिठी लेख्ने कागज 'लेटर प्याड'हरू चाहियो । भन्न मात्र पर्थ्यो । बनिहाल्थ्यो । पैसा ? 'बाबुसाहेब'लाई पैसा दिनु हुन्छ ? अपमान हुँदैन ? आफ्नै काम थियो यो उनको । कहिल्यै केहि दिइएन । लाज लाग्छ । अनि नेपाली क्यालेण्डर (भित्ते पात्रो) को कुरा चल्यो । स्थायी किसिमको बनाउने । समग्र बनाइदिए समले (कस्तो बन्यो त्यो छुट्टै कथा हुन्छ) । तर दुर्भाग्य । सबै तयार भैसकेपछि उत्साह सेलायो र त्यति राम्रो त्यो कुरा दराजको दराजै बस्यो; छापिएर, बनेर, आएन । भएपनि, आफुले त्यति मेहनत गरी बनाएको त्यो बस्तु के भयो भनेर सम्म पनि सोधेनन् समले । 'नेकी कर दरिया मे फेंक' (भला गर, खोलामा पर्याक) भन्ने हातिमताइको जस्तो स्वभाव थियो समको । कि 'स्थितप्रज्ञ' जस्तो । मैले यति गरें यस्को पुरस्कार यो हुनुपर्छ भन्ने कुरै छैन ! पुरस्कारको के कुरा ? उनले त जे गरे स्वान्त सुखाय– आफ्नै मनको आनन्दको लागि । जे गरे त्यसमा रमाए, जेमा रमाए त्यही गरे । मैले त त्यस्तै देखें सम-

लाई। हो कि होइन, जनार्दनले भन्नुपर्‍यो, ज्वालाले भन्नुपर्‍यो। रश्मी त गैह्रालिन् !

हो रश्मीको कुराले सम्झायो– रश्मीको असामयिक मृत्युले समलाई आघात पुर्‍याएको थियो। कुनै चोट लागेर सम विचलित भएको मैले एक पटक त्यहीं देखें– रश्मीको मृत्युको खबरले। ज्वाईंको मृत्युको खबरले सम आहत थिए। विचलित थिए। 'विचलित थिए' भन्दा पनि समको सन्दर्भमा त त्यसको परिभाषा गर्नु पर्छ– बोली अलि अझ मसिनो थियो। थोरै बोल्थे। आँखाको परेला साविकको भन्दा सके दुई-एक पटक बढी झिम झिम गर्थ्यो। नजानिँदो किसिमको लामो सास लिए जस्तो लाग्थ्यो। त्यत्ति हो। बरू, त्यसैबेला अनि उनले लेखे 'मृत्युपछिको अभिव्यञ्जना'। किनभने, 'जब जीवनको लागि अमृत चाहिन्छ कविता लेख्छु' भन्ने उनको स्वीकारोक्ति बमोजिम उनको मनभरि, मुटुभरि जोवित रहेकी छोरीलाई ज्वाईंको भाकाबाट उनले लेखे–

मेरो प्रिया, अब मलाई राम्रै निको भयो
झरेको फूलको थुङ्गो भन्दा पनि
जीउ अझ शतशः हलुको भो ...
परिवर्तनको अनुभूति हुन्छ,
अग्निपरीक्षामा उत्तीर्ण भएको झल्को लाग्छ–
हो, अब मलाई कतै पनि दुख्दैन,
मेरो मन पनि दुख्दैन,
मन राख्ने ठाउँ नै कहाँ छ र !'

मन राख्ने त समको पनि ठाउँ थिएन त्यसवेला। कस्तो समय थियो। रूनसम्म पनि पाउँदैनथे उनी छोरी-ज्वाईंको निम्ति !

कुरो फेरि घुमिसकेछ । सम– मै जाउँ– सम मै जाऊँ, त । "जता हेऱ्यो उतै मेरो नजरमा राम प्यारा छन्" भन्ने मोतीरामको गजललाई अलि बटाऱ्यो भने जता हेरे पनि सम नै देखिन्छन् भन्नुपर्नेछ मेरो अफिसमा पनि । डेस्कमा समका हस्ताक्षरहरू छन्, चिठी कविताहरू । दराजमा निम्ताहरू छन् दुई चार ओटा समका नाममा आएका । यी निम्ताहरूचाहिं समले आफ्ना पुराना कागजपत्र किताबहरू हाम्रो पुस्तकालयलाई दिंदा आएका हुन्– छुट्टयाएर सुरक्षित राखेको । अगिल्तिर मदन पुरस्कार गुठीको निर्णय बही छ– त्यहाँ ठाउँ ठाउँमा दुई तला गरेर 'बालकृष्ण सम' लेखिएको भेटिन्छ । ती 'बालकृष्ण सम' हरू पहिले अत्यन्त राम्रा अक्षरमा पछि निकै अस्पष्ट अक्षरमा अनि पछि फेरि राम्रिदै गएका देखिन्छन् – पक्षघात-भन्दा अघिको र पछिको अवस्था जनाए झैं गरेर । अलि खोतलेर दराजमा हेऱ्यो भने अरू थोक देखिन्छन् । एउटा खैरो खाममा आँखा पर्छ । बाहिर हरियो मसीले लेखेको छ "समका संझौटा-हरू" त्यो खाम खोलेर हेरूँ– त्यहाँबाट एउटा सेतो खाली खाम निस्कन्छ । श्री कमलज्यू श्रीदरबारटोल, ललितपुर ( नेपाल ) लेखेको छ । समको हस्ताक्षर । अर्को छ एउटा निम्ता– जनार्दन सम छापिएको छ तलतिर, माथि चाहिं छ "मेरा पूज्य पिताज्यू-को शुद्ध शान्तिको दिन" इत्यादि । अर्को एउटा खाम निस्कन्छ नेपाली कागजको सानो । तामाको तारले स्टिच गरेको । त्यसमा बाहिरपट्टि यस्तो लेखेको छ– "श्री बालकृष्ण समको जुत्ताको फित्ता ज. प्रे. प्रा. लि. मा आउँदा चुंडेको २०२३।८।२७।२"

भन्नेले भनुन् मूर्तिपूजक तर समको जुत्ताको फित्ता पनि सुरक्षित राखेको छु मैले । आजभन्दा पन्ध्र वर्षअघि त्यसदिन मैले बासुदेवजी ( म्यानेजर : जगदम्बा प्रेस ) लाई भनेको सम्झन्छु– "यो जुत्ताको फित्ताको पनि कदर गर्नेछन् मान्छेले ।

जब बाबुसाहेब होइबक्सन्न" । सम त्यहीं थिए । मुसुक्क हाँसे, केही भनेनन् । श्रीदरबारमा त्यस दिन मुमा ( रानी जगदम्बा ) को दर्शन गर्न आउँदा उनको जुत्ताको फित्ता चुंडेछ । फ्ट्टपट्ट हाम्रो प्रेसमा पसे । मैले फित्ता किन्न पठाइदिएँ । फित्ता फेरे । त्यो चुंडेको फित्ता फ्याँक्नै आँटेका थिए । मैले मागेर लिएँ । त्यहीं त्यो खामभा हालें– स्टेप्लर गरें । अनि भनें– 'यो त अब मेरो सम्पत्ति भयो, हजूरले फ्याँक्न पाइबक्सन्छ ?'

तारतम्यै थियो । उनी श्रीदरबार आउनु, फित्ता चुंड्नु, उनको लागि फित्ता किन्न पठाउनु, मौका दिएको रहेछ भनौं न मद्दत दिन । किनभने, मैले समलाई मद्दत गरेको भन्नु त्यही हो, मैले मद्दत गर्न परेको पनि त्यत्ति नै हो । त्यस फित्ताले कति बाँधिएला यो हाम्रो साहित्यको इतिहास ? कति बाँधिएला र ?

[ 'मधुपर्क' सम विशेषांक, वर्ष १४, अंक ९ – १०, २०३८ साल ]

◆◆◆◆

# सम्झनाहरू

समबारे सम्झेर सकिंदैन। यति धेरै पटक उनीसँग भेट हुन्थ्यो, यति धेरै विषयमा कुरा हुन्थे कुन कुरा सम्झेर लेख्नु ? कि कहिले अन्तर्वार्ता लिएको भए त्यो सम्झिन्थ्यो होला, कि कुनै खास विषयमा बढ्ता छलफल भएको भए हुन्थ्यो। त्यस्तो कहिल्यै भएन। भेटेपछि साहित्यबाट उठाएर राजनीतिसम्म; रुपियाँ पैसाको कुरादेखि परमार्थसम्म सबै विषय पर्थे हाम्रा कुराकानीमा। हामी भनेको सम, वासुदेव लुइँटेल र म। सम-कहाँ जाँदा सधैं जस्तो, हामीसँगै हुन्थ्यौं।

एकेडेमीमा बालचन्द्रले जहिले पनि उनलाई तेजोबध गर्न खोज्थे रे। तर खुलेर बालचन्द्रको विरोध पनि उनी गर्न सक्तैनथे रे। एकेडेमीबाट कसले कति पैसा खायो भन्ने जस्ता साना साना कुरा पनि उनलाई थाहा हुँदोरहेछ तर त्यसको प्रतिकार गर्न उनी सक्तारहेनछन्– आफैं सर्वेसर्वा उपकुलपति हुँदा पनि हुन्न भन्न नसक्ने हुनाले उनी शोषित थिए– सामाजिक हिसाबले। पक्षघात भएर उठेपछि शरीर र मन दुवैतिरबाट आधा भइरहँदा पनि हामी नेपालीहरूले उनलाई दुहिरह्यौं। हाम्रा तलभन्दा तल्ला स्तरका किताप पनि उनले पढिदिनै पर्थ्यो, वक्तव्य लेखिदिनै पर्थ्यो। एक एक शब्द लेख्न एक मिनेट लाग्ने भए पनि हामीहरूले उनलाई अन्तिम बेलासम्म त्यस्तो कष्ट दिन छाडेनौं। निम्ता पाएपछि उनलाई जहाँ पनि जानै पर्ने ! आयोजक भएका हामीहरू एउटा निम्ताको फटारो

हानेर आफ्नो कर्तव्य पूरा भयो भन्ठान्थ्यौं । उनी पनि आइपुग्थे रिक्सा चढेर, ट्याक्सी चढेर या हिँडेर भए पनि !

समारोहमा उनीलाई सभापति नै बनाउनुपर्ने हाम्रा बन्धन । नभए पनि वक्ता त उनले हुनैपर्ने । कत्रो मुस्कीलले उनी उभिन्थे, कत्रो मेहनत पर्थ्यो उनलाई बोल्न । आयोजकहरूलाई के मतलब? सबै गराउँथ्यौं उनीबाट । समारोह सकिन्थ्यो । त्यसपछि आयोजक भएकाहरूको काम सकिन्थ्यो । सम बेगारी बन्थे । अनि उनी जता गए पनि हुन्थ्यो– उनी लुरूलुरू घरतिर लाग्थे । अनि त्यस समारोहसँग पटक्कै सम्बन्ध नभएको कुनै एउटा गुणग्राहीले उनलाई रिक्सा खोजिदिन्थ्यो, मोटरमा राखेर घर पुऱ्याइदिन्थ्यो या उनको हात समातेर हिँडिदिन्थ्यो । यस्तो कतिपटक भएको छ ।

त्यसैले हामी भन्थ्यौं– वासुदेवजी र म– "हजूरले अब यसरी जुन पायो उही समारोहमा जाइरहनु भएन ।" सम खिस्स हाँस्थे मात्र । आसय हुन्थ्यो– कसरी नजाऊँ, साहित्य, संस्कृति, मेरो प्राण हो, भाषण मेरो मुटु हो । हामी निरूत्तर हुन्थ्यौं ।

अर्को आक्रमण हुन्थ्यो हाम्रो– हजूरले जसरी भए पनि मेरो कविताको आराधनाको तेस्रो भाग सिध्याउनै पर्छ । भन्थे 'यी नब्बे ( अथवा बयानब्बे ) सालसम्म त पुगें ।' त्यसपछि के धुन चल्यो उनलाई (कविताको आराधना लेख्ता साह्रै मेहनत पर्ने भएर हो कि जस्तो लाग्छ) उनी आफ्नो भएभरको शक्ति आफ्नो कवितासंग्रह छपाउनेतर्फ लगे र त्यसपछि उनको कविताको आराधना नै त्यही भयो । हामीहरू पटक्कैपिच्छे उनीसँग बाऋथ्यौं– 'यो हजूरको कवितासंग्रह त हजूरको शेषपछि अरूले पनि गरिदिन सक्छ । हजूर नभए हजूरको आत्मकथा कल्ले लेख्ने ?' ! अहँ सकिएन ! अरूहरूले पनि कति भनेहोलान् – 'कविताको आराधना' बारे– हामी त भन्दा भन्दा थाक्यौं ।

तर समले त्यतापट्टि चाखै राखेनन् ! त्यो त्यत्तिकै रह्यो। नेपालीले कत्रो निधि गुमायो !

यस्तै प्रज्ञा प्रतिष्ठानको कुरो अर्को सम्झिन्छ । सम त्यहाँ कुलपति कैल्यै हुन पाएनन् । उपकुलपतिमै टुङ्गिए । कुलपतिमा व्यथित आए । समको भाग खोसिएको जस्तो माने सबैले । तर सम राजसभामा मनोनीत भए– स्थायी समितिको सदस्य । मन्त्रीस्तरीय । हामीहरूलाई चित्त बुझेन । त्यत्रा कविलाई प्रज्ञा प्रतिष्ठानबाट झिकेर राजसभामा हालेको सुहाएन जस्तो लाग्यो। तर उनको घर पुग्दा वातावरण अर्कै देख्यौं । हर्षोल्लासको । साहित्यिक सम होइन पारिवारिक सम यो मन्त्रीस्तरीय पदमा रद्द भएजस्तो लाग्यो । भए पनि मुखको तीतो पोख्यौं । त्यही फेरि खिस्स हाँसो हाँसे– आसय हुन्थ्यो– मेरो जहान बच्चालाई यही मनपऱ्यो, के लाग्छ ! जहानहरूलाई अवश्य मनपऱ्यो। थाहा भयो । किनभने त्यसपछि फोनमा कुरा गर्दा सधैंको जस्तो 'बाबुसाहेब ह्वँसिन्छ' भनेर सोध्दा उताबाट जवाफ आउँथ्यो "सम्माननीय त ब्यानै बाइर स्वारी भो' । इत्यादि ।"

यो सम्माननीयता पनि सधैं अडेन । उनको स्वर्गवास हुने केही महीनाअघि उनी फेरि कवि सममै फर्किए । अनि स्वर्ग भएर बीर अस्पतालबाट अर्थी उठाउँदाचाहिं उनको घेरै पहिले परित्यक्त सैनिक पदले, मे. क. ले सलामी पायो । शाही सैनिक ससम्मान उनको पछि लाग्यो । कवि सम, नाटककार बालकृष्ण, सम्माननीय समज्यू कसैको होइन, भूतपूर्व मे. क. बालकृष्ण समशेरको सलामी थियो त्यो । मलामीचाहिं त्यसमा हामीहरू जस्ता पनि अलिकति थियौं कविताको आराधना गर्ने समका पछुवाहरू ।

यी यस्तै छन् समका तीता मीठा सम्झनाहरू ।

[ 'दमना' त्रैमासिक, सम विशेषांक, २०३९, आषाढ–श्रावण ]

# साधुवाद !

नामैका भरमा हो सूर्यविक्रम ज्ञवालीज्यूलाई हामीले मदन पुरस्कार गुठीको सल्लाहकार मण्डलमा भित्र्याएको। उहाँको किताप पढिएको थियो, नाम सुनेको थियो– देखेको थिएन। तर त्यस नामलाई आफुभित्र नपारी मदन पुरस्कारको ओज बढ्दैन भन्ने हामीहरूलाई लागेछ। गुठीको एकसरो नियम बनेपछि २०१२ साल कार्तिक २ गते उहाँलाई यसमा सल्लाहकार बसिदिनु हुन्छ कि भनेर सोधिपठाइयो। अनि २५–१०–१९५५ को मिति परेको चिठी आयो, ज्ञवालीज्यूको जवाफ। नेपाल काठमाडौंबाट हुने गरिने काममा जैले पनि शंका गर्नु पर्ने, प्रवासकाले जैले पनि सतर्क भैरहनुपर्ने वातावरणमा हुर्केका, शिक्षक, नेता, ज्ञवालीज्यूले मेरो चिठीमा पनि अलिकति शंका गर्नु स्वाभाविकै थियो। चिठीमा उहाँले दुई चारओटा तर्क उठाउनु भयो। मदन पुरस्कार बारेमा उहाँले लेख्नु भयो– "··· तर तपाईंको पुरस्कार वितरण गर्ने आयोजना असल कार्य भए तापनि पुरस्कारको धन कति हो सो जान्न नपाएको हुनाले यसै भन्न सकिनँ। मेरो बिचारमा पुरस्कारको परिमाण गहकीलो हुनुपर्छ, त्यसो भएमा मात्र यो कार्यबाट पछि परन्तुपा लाभ हुनेछ।"

दोस्रो उहाँको जिकिर थियो– "पुरस्कार पाउने नियममा पास मार्क पाउँदैमा पुरस्कार दिने नियम हुनु हुँदैन"। योग्य शिक्षक, गुरुबाका पाराले उहाँले त्यस बिचारधारालाई बढाउँदै लगी लेख्नु भएको थियो "कुनै ग्रन्थ जाँच्दा भाषा शैली, विषय ईत्यादिमा १००।१०० संख्या राखे, ७० वा त्योभन्दा बढ्ता प्रत्येक बिभागमा पाउने तथा ८० समष्टिमा पाउने लेख मात्र पुरस्कार-

को अधिकारी हुन्छ भन्ने नियम हुनु आवश्यक छ ।"

त्यसभन्दा पनि अर्को बलियो शङ्का थियो उहाँको– प्रजातान्त्रिक परिपाटी छ छैन गुठीमा भन्ने । लेख्नु भएको थियो– "सल्लाहकार सभाको मतलाई गुठियार सभाले प्रजातान्त्रिक रीतिले मान्यता दिनुपर्छ । गुठियार सभा अन्तिम निर्णायक भए तापनि सल्लाहकार सभाको मतलाई त्यसले मनपरी कुल्ची दिएमा पुरस्कार योजना असफल हुने भय हुनाले यो कुरामा पनि विचार भएको नै होला ।"

झण्डै तीस वर्षपछि ज्ञवालीज्यूको यो चिठी पढ्दा मेरो शिर अहिले पनि श्रद्धाले निहुरिन्छ । त्यसवेला त हामी त्यो चिठी पढ्दा साँच्चै नै प्रभावित भएका थियौं । किनभने, उहाँको विद्वत्ताबारे त हामीहरू श्रद्धावान् थियौं नै तर त्यस चिठीमा देखा परेका उहाँको सिद्धान्तवादिता र व्यवहार-कुशलताले पनि हामी दङ्ग पर्‍यौं । सामान्यतः एकै ठाउँमा फेला नपर्ने यी गुणहरूको सङ्गम ज्ञवालीज्यूमा देखेर हामीहरूको श्रद्धा बढेको थियो । त्यस चिठीमा त्यति अव्यक्त शर्त व्यक्त गरेर पनि अन्त्यमा उहाँले लेख्नु भयो– "सल्लाहकारको काम गर्न मलाई आपत्ति छैन ।" किनभने शुरूमै उहाँले स्वीकार्नुभएको थियो– "साहित्यको यौटा तुच्छ सेवीको रूपले साहित्योन्नतिका कार्यप्रति मेरो सदा सहानुभूति छ "।

उहाँको पहिलो चिठी यो मलाई । त्यसपछि अरू चिठी-पत्र हुँदै गए । भनूं, हामी अरू नजीकिंदै गयौं । तर दर्शन भएको छैन । रायल नेपाल एकेडेमीको स्थापना भएपछि हो क्यारे उहाँ काठमाडौं आउनुभयो । यहीं बस्ने हुनुभयो । हामीहरूको भेटघाट शुरू भयो । चिठी-चपेटाको चिनारी प्रत्यक्ष भेट भएपछि मसांग्रिन्छन् घेरैंजसो । ज्ञवालीज्यूसँगको भेटघाट

त्यसको उल्टो भयो। उमेर नमिले पनि उहाँसितको मेरो घनिष्टता बढ्दै गयो। उहाँको सौम्य अनुहार र प्रेमालु व्यवहार-बाट म झन्‌झन् प्रभावित हुँदै गएँ। ज्ञवालीज्यू कैलेकाहीं रिसाउनु हुन्छ रे– निकै उग्ररूपले रिसाउनु हुन्छ रे– अरूहरू भन्छन्। ज्ञवालीज्यूले पनि भन्नु भएको छ मलाई– "म सोझो मान्छे छु, तर म खरो छु, अलि त्यस्तै कुरा गरेपछि मलाई खूब रिस उठ्छ"। तर मैले कहिले पनि उहाँले रिसाएको देखेको छैन, उहाँ रिसाएको भेटेको छैन। भेट्न नपरोस् पनि !

हो, यस पटक साहित्यिक पत्रकार संघको अभिनन्दन कार्यक्रममा उहाँको धेरै चित्त दुखेको मैले सुनें, बुझें। उर्दूमा एउटा शब्द छ 'गलतफहमी' भन्ने; माने हुन्छ – एक जनाले एउटा अर्थले भनेको कुरा अर्कोले अर्कै अर्थमा बुझिदिदा पर्ने खटपट। त्यही भएको जस्तो लाग्यो, त्यसमा मलाई। बोल्नेले बोल्न जानेनन्, त्यसको अर्थ गलत लगाइयो। त्यसलाई सच्याउन खोजियो; झन् ठूलो भड्कारो पर्‍यो। शंकाको सानो छिद्र परेको थियो। त्यो टाल्न खोज्दा सिउन नजानेर झन् ठूलो प्वाङ्ग परेको जस्तो लाग्यो यस मामलामा। अब मलाई के लाग्छ भने उहाँको छुट्टै अभिनन्दन हुनुपर्छ– सके साहित्यिक पत्रकार संघले नै नसके अरूले।

पुराना कुरा सम्झन खोजेको एकदम ताजा घटनामा पुगिएछ। अझ केही बिग्रेको छैन। कुरा सकिएको छैन। लोक-गीतमा भनेजस्तो– 'दिन गए पनि रात जानेछैन, ल आऊ खेलौं जुहारी'।

ज्ञवालीज्यूको र मेरो कागजे जुहारी उहाँ काठमाडौं आए-पछि पनि बन्द भएन। अझ भएको छैन। चिठी ओहोरदोहोर अझै चल्दैछ कहिलेकाहीं।

एउटा चिठी सम्झन्छु २०१६ सालको। लेखेको थियो–

"म जस्तो यायावरलाई स्थायी वास गराउन इत्यादि " मलाई यायावरको अर्थ लाग्दैनथ्यो । कोश पल्टाउन पुगें त्यो दिन म ।

कुरो के भएको थियो भने ज्ञवालीज्यू काठमाडौं उत्रेदेखि नै डेरामा बसीरहनुभएको थियो । आफ्नो घर थिएन। उहाँलाई काठमाडौंमा घर बनाउन जग्गा बन्दोबस्त गर्ने कोशिशमा थियौं हामीहरू । रानीसाहेब (सम्माननीया जगदम्बाकुमारी) को पुल्चोकको खालि जग्गा मध्येबाट दुई रोपनी उहाँलाई उपलब्ध गराउन सफल भइयो । उहाँ मात्र होइन अरू साहित्यिकहरू वासुदेव लुइँटेल, गंगाविक्रम सिजापति, उत्तम कुँवर, रमेश बाँसकोटाहरूलाई पनि त्यहाँ जग्गा रजिष्ट्रेशन गरी रानीसाहेबबाट उपहार बक्सेको थियो । त्यही कुरालाई लिएर हो माथिको त्यो उद्‌गार व्यक्त भएको ज्ञवालीज्यूबाट । तर दुःखको कुरा के भैदियो भने उहाँहरूले त्यहाँ घर बनाउन पाउनेभन्दा अघिनै त्यो जग्गा श्री ५ को सरकारले अधिग्रहण गरिदियो । देख्छु ज्ञवालीज्यूको जग्गा भएको ठाउँमा आज 'नेपाल विश्व सम्बन्ध परिषद्' को भवन ठडिएको छ । जग्गा जानेहरूले केही मुआब्जा त पाउनु भयो क्यारे तर पुल्चोकको जग्गा र 'मुआब्जा'को के तालमेल बस्थ्यो !

ज्ञवालीज्यू अनि फेरि 'यायावर' नै हुनुभयो केही वर्ष अरू । अब बल्ल राष्ट्रनायकका निगाहबाट उहाँ परवासीबाट घरवासी हुनुभएको छ, हामी साहित्यिक सबैलाई सन्तोष लाग्ने कुरा । दार्जीलिङ चानमारी र अरू के के लेख्ने सट्टा काठमाडौंको बानेश्वर लेखिएको हुन्छ अचेल उहाँका चिठीमा– स्थायी । चानमारीबाट बानेश्वर पुग्न निकै बाटो काट्न पऱ्यो उहाँले । टाढा छ यो ठाउँ– स्थान, समय र भावमा पनि । बधाई छ, ज्ञवालीज्यू ! यत्रो फासला तय गरेकोमा । साधुवाद !

['प्रकाशपिण्ड' २०४१ जेठ]

# हुलाक–पत्र

'श्री ५ को सरकार हुलाक–पत्र' छापिएको एउटा पोष्ट-कार्ड छ मेरो अगाडि । फाइल गर्दा पञ्च गरी प्वाल पारिएको र फाइलबाट थुत्दा प्वाल च्यातिएको, खण्डित छ । अनि फाइलको टिनको खियाले होला पहेंलो दाग छ एक लाइनै । यसो हेर्दा थोत्रा कागजको टोकरीमा फाल्ने वस्तु जस्तो देखिन्छ । तर कहाँ? अस्ति बुधवार रोटरीमा कुवेरजी (श्री कुवेरप्रसाद शर्मा) को 'इन्स्टालेशन'को दिन हरिबोलजी र राजेन्द्रजीले* एउटा संस्मरणको माँग गर्दा यही कार्ड नाचिरहेको थियो मेरो मनमा ।

'सेवा-वास, फर्पिङ, २०२७–८–७' बाट शुरू भएको यो कार्ड मैले धरणीधर मामाबाट पाएको थोरै तर अमूल्य लेखोट-मध्येका एउटा हो । महत्त्वपूर्ण कुरा केही छैनन् यसमा । गनेर हेऱ्यो भने दुइसयभन्दा बढी अक्षरै पनि नहोलान् । तर यसमा पनि उहाँको व्यक्तित्व बोलेको छ । छर्लङ्ग हृदय खोलेको छ । निश्छल, निष्कपट स्पष्टवक्ता धरणीधर मामा जस्तै छ यो चिठी पनि ।

लुकाउने कुरा केही छैन, छातीको भित्री तहबाट निस्कने धीरगम्भीर वाणीमा बोल्नु हुन्थ्यो मेरो मामा (बाजे) । यही धीरगम्भीर स्वर छ यस चिठीमा पनि । गीताको–

'गाई हात्ती र चाण्डाल कुत्ता सर्वज्ञ बाहुन,
ज्ञानीका दृष्टिमा एकै ठहर्छन् बुझ अर्जुन

* 'पूजा' पत्रिकासँग सम्बन्धित, श्री रत्न पुस्तकालय, बानेश्वरका कार्यकर्ताहरू ।

वास्तविक रूपमा चरितार्थ गर्ने स्वभाव उहाँको, आफ्नो र पराई भन्ने छुट्याउने सीमा-रेखा नै थिएन जस्तो लाग्छ । जोसँग कुरा गरे पनि त्यही, जोसँग बोले पनि त्यही । त्यही आफ्नोपन, त्यही हाँसो । यो पोष्ट कार्ड ऐले पढ्दा पनि उहाँले हाँसेर 'कमल बाबु…' भनिरहे जस्तो लाग्छ । ऐले पनि धरणीधर मामा 'जानुभयो' जस्तो लाग्दै लाग्दैन । यही हो क्यारे बूढापाकाहरूले 'कीर्तिर्यस्य स जीवति' भनेको ।

कुरो बहकियो क्यारे । अब पोष्ट कार्डतिरै फर्कूं । मैले मामाको अनुहार देखेको, त्यसको पुरा बेहोरा यही हो ।

"प्रिय कमलबाबु, सपरिवारमा सस्नेह सम्झना र शुभ-कामना । बाबु नैवेद्यको दक्षिणा रू. १७५ को चेक पन्तजीद्वारा[1] प्राप्त भो, भरपाई पनि भयो, यो सबै बाबुको कृपा हो नत्र वनवासी वृद्धको के लाग्ने । जानेको पो के छ र ?

अनि क्या ए बाबु, यो मेरो कविता संग्रहको कुरा हुँदैछ न? नबिर्सनु है बाबु ! कैलेकाहीं मौकामा यसो बूढो बाजेलाई बियाको निमताका साथमा मोटर पठाउनु तब त मोज आओस् । अब बूढो हलचल पो कति गर्न सक्ला र ।

पण्डित वासुदेवजी[2] मा मेरो नमस्कार पुगोस् । सदा भलो चिताउने र जय मनाउने– धरणीधर"

[ 'पूजा' अंक ७, २०३७ कात्तिक ]

१. नरेन्द्रविक्रम पन्त, तात्कालिन म्यानेजर, साझा प्रकाशन ।

२. वासुदेव शर्मा लुईँटेल, म्यानेजर, जगदम्बा प्रेस ।

# पृथ्वी तल भरिमा ... ... ...

मलाई शिरानी अलि अग्लो चाहिन्छ। घरमा दुइटा तकिया राखिदिन्छन्। तर यहाँभने एउटै पनि थिएन। भानुभक्तको गाउँ भएकोले उनैको अति मानी 'हात्को तकिया लियाँ' भने जस्तो भएको थियो। भोक मीठो कि भोजन मीठो महाराज? भन्दा भोक मीठो रे। निन्द्रा ठूलो कि बिछ्याउना? भन्यो भने निन्द्रा भन्नुपर्ला। किनभने बिना ओढ्ने बिना ओछ्येन, चाडीकै भरमा निदाउन सकिंदोरहेछ– मेहनत गरेको छ भने।

मेहनत त गरेकै हो हामीले त्यसदिन। श्री ५ को सरकारले व्यवस्था गरिदिएको मिनीबसमा चढेर हुरुरुरु सजिलै डुम्रे पुगियो। त्यहाँबाटचाहिं आफ्नै खुट्टाको भर! तीन घण्टामा तीन ठाउँमा त जंगार तर्नुपऱ्यो। डुम्रेमा, बांगे रह र सेपा बगैंचामा तीन पटक चूडीलाई नपछारी रम्घा प्राप्त हुँदोरहेनछ। त्यो चूदीलाई पछार्ने भनेको त आफ्नै सन्तोषलाई मात्र हो, साँच्चै चाहिं चूदीमा नपछारिई रम्घा पुग्नु खास गरेर वर्षातमा असम्भव! प्याण्ट, सुरुवाल फुकालेर काँधमा, जुत्ता फुकालेर हातमा झुण्डयाई काई परेका चिप्ला ढुङ्गाहरूमा थिरीथिरी गर्दै जंघार तर्दा चिप्लिनु, पछारिनु, मामूली कुरो। मन्त्री र अञ्चलाधीशले पनि भित्रपट्टी लगाएको सानो कट्टुको भरमा चूदी तरेको देखेपछि भने सन्तोष लाग्दोरहेछ– चूदले सानो ठूलोको भेद राख्दो रहिनछन् भनेर!

त चूदी तरियो तीन पटक । बेसी पुगियो । अब आलीको पालो । सिनित्तै धान रोपिएको छ । जमीनको कति लोभी त्यहाँका किसान– गराको आली एकै बित्ताभन्दा चौडा छाडेको छैनन् कतै । बाटो पनि त्यही– कान्ला पनि त्यही– आली पनि त्यही ! पचास हात बाटो पार गर्नलाई तीनोटा अर्ध चन्द्राकार आली ताती गर्दै छिचोल्नुपर्ने– फण्डै सय हात चिप्लो डाकेर ।

रम्घालीहरू माथि गाउँ छाडेर तल 'बेसी' मा फरिसके सबै । माथि कोही छैन– भत्केका, पाताल भएका गाह्रा र भित्ताहरू मात्र छन् । एक जना भानुभक्त बाजेचाहिं मूर्तिमा कुंदिएर कुंजिएर पिंजरा कुरिरहेका भेटिन्छन् । उनकी नातिनी विष्णुमायाले रानीपोखरीमा स्थापित आफ्ना बाजेको सालिक 'हातै नभएको' भनेर हल्ला खल्ला गरेपछि– हात भएका, पलेटी मारेर बसेका भानुभक्त रम्घामा प्रादुर्भाव भएका थिए । अनुहार पनि नाति शिवभक्तलाई हेरी बनाएकाले दुरुस्तै उत्रेका हुनुपर्छ बाजेको यस मूर्तिमा । सबै आफ्ना सन्तान तल बिसीमा फरेपछि बाजेले मलाई पनि तलै लैजाओ भनेर कराएका थिए रे । तपाईंलाई लगे त यो गाउँ मरिहाल्छ नि– भनेर नातिहरू मानेनछन् । बाजे माथि नै छन्* । रोजिन्दै गाउँबेसी गर्ने कोही नभएकोले त्यहाँको बाटै पनि मासिइसकेछ । अब जानेले आफैं बाटो बनाउँदै हिड्नुपर्छ । जान पनि वर्षेवर्ष असारको २९ एक दिन मात्र जाँदारहेछन् ( भानु ) भक्तहरू त्यहाँ । पानी बग्दा हरियो जमेको रातो माटोको त्यो ओरालो बानी नपरेका शहरियालाई मात्र होइन रैथानेहरूलाई पनि धराप थापे जस्तै रहेछ । आफ्नो लमाई नाप्ने गरी उत्तानो पर्नु त्यहाँको चलनचल्ती नै हुन् भने

* त्यसबेलासम्म तलको निबन्ध 'बलिरहनेछन्'को मूर्ति फोर्ने घटना भएको थिएन । –लेखक

हुने । 'बाउले गाली गरेको र हिलोमा लडेको के लाज ?' अरे । आफूले पनि त्यसै भनियो ।

लुगा पनि रातामाटाले रातै, सालका बुटा समाउँदै फर्दा हात पनि रातै । बिहानैको भए पनि घामका रापले मुख पनि रातै, माथि शिवभक्तले लगाइदिएका अबीरका छापले पसीना पनि रातै– सर्वाङ्ग रातो भएर प्रभातफेरि सकियो । बाटामा सालका नयाँ चिल्ला हरिया पात देखेर राममणिलाई टपरी र दुना बोहतामा भात खान पाइएला भन्ने रहेछ । तर– 'काँ' भन्नुहुन्छ, यो असारको वेला, घरका आइमाईलाई पर्म खाजा, अर्नी गर्दै फुर्सत नाई– दुना टपरीको मेलो गर्नै सकिएन– अ'रे ! जिल्ल गर्नुपर्‍यो राममणिले । अनि त पितल र चरेसका थाल अनि आलुमिनियम र स्टीलका बटुकामा पस्केर दिंदा दिक्क लागेको थियो सबैलाई ।

रम्घालीले हामीलाई गाउँभित्र छिम्कनै दिएनन् भन्यो भने अन्याय हुन्छ । नआऊ भनेका थिएनन् बरा ! तर पाउ बढी आली हिंडेर कसैका घर दैलामा पुग्ने आँटै आएन । हाम्रो डेरा पर खेततिर परेको थियो । गोपाल पाण्डेले ह्रात पाउ जोरेर सरकार गुहारेर खडा गराएको भानुस्मृति भवन अहिले बस्न हुने रहेनछ । त्यहाँको अतिथि कक्ष चुही भत्की बिग्रिसकेकोले वास गर्ने कुरै भएन । अनि त, त्यही दिन उद्घाटन हुने भनेर निम्तामा छापिएको तर उद्घाटित हुन नसकेको नि. मा. वि. भवनमा शरण लिनु परेको थियो । दुई तले स्कूल– माथिल्लो तलामा हामीलाई सुत्न मिलाई दिएको रहेछ । तर माथि उक्लिने भऱ्याङ हाल्न नपाएर बार्दलीको सूरमा लिस्नो जस्तो खुड्किलो ठड्याइएको रहेछ । त्यो चढेर उक्लेपछि ओर्लिन मन नलाग्ने, अनि तल ओर्लेपछि उक्लिनै मन मरेर आउने । बार्दली-

को अर्को सूरचाहिं उदांगै थियो । राती निन्द्राको सुरमा ब्यूँझिने मान्छे दाइनेको सट्टा देब्रेतिर हानियो भने एकैपटक तल पुगिने त्रास । घर गाउँलेले त गर्नुसम्म गरेका हुन् । पाइएसम्मका र.त्रा सत्रन्जा र राडी ओछ्याइदिएका थिए कोठामा । तर त्यो भरखर छापिएको भुई अलिकति हिंड्दा पनि थर्कन्थ्यो । बानी नपरेकालाई त गर्ल्याङ-गुर्लुङ्ग जान्छ कि भन्ने डर । थाकेर गएका हामीहरू, डर न सर डङरंग डङरंग त्यहाँ लडेका थियौं । स्वर्ग जस्तो भएको थियो ।

अनि, माननीयले मान मनितो गर्दा हामी मख्ख परेका थियौं । रसिक मन्त्रीले गीत गाएर दोहरी खेलिदिंदा रमाएका थियौं । अञ्चलाधीशले चाहिं गार्डलाई पनि पर पठाएर हामीसँग घुलमिल गर्दा धन्य भएका थियौं । साहित्यिक हुनु पनि केही रहेछ, कवि पनि सम्मानकै दर्जा रहेछ भनेर फुर्किएका थियौं । आदिकविले मन्त्रदान गरेको त्यहाँको हावा नै कवितामय लागेको थियो, माटामा पनि कविताकै बास्ना आएको थियो । त्यसैले होला हामीलाई लाग्यो– अञ्चलाधीशभन्दा जनकविकेसरी बढी भी. आई. पी. हुँदारहेछन् त्यहाँ । माननीयले बोलेको भन्दा भरत-राज पन्तले हृदय खोलेको सुन्न मन पराउँदा रहेछन् सुन्नेहरू । अनि मन्त्रीले विकासको मूल फुटाएको भन्दा पनि त्रिपाठीले चूँदी बेसी सभ्यताको कुरा जुटाएकोमा बढी रस लिंदारहेछन् जनता । 'लाली नदारत, यति सब था पछि भो' भनेर राधा-नाथले 'सुक्तिसिन्धु'मा भनेजस्तै माथिका यी सबै कुरा 'थाहा भो' हामीलाई रम्घा पुगेपछि । त्यसभन्दा बढी त 'धेरै नसोध अरू जान्दिन के कसो भो' भनूँ कि ?

यहाँनिर 'सूक्तिसिन्धु'को यो पंक्ति सम्झनपुगेको पनि अन्त-र्मनकै खटन हुनुपर्छ । किनभने चूँदी बेसीको दुई रातको बासमा

सूक्तिसिन्धु खण्डै पूरै पारायण भयो होला। पंडितराज जगन्नाथ-को संस्कृतका श्रृङ्गारी श्लोकहरू कुनै बाँकी रहेन होलान्। भरतराज पन्त र मन्थलीय– जसलाई पन्थ र मन्थ भन्न थालेका थियौं हामीले– दुई जनाले दोहरी खेलेजस्तो एक पछि अर्को श्लोक भट्याउँदै जाँदा त्यहाँ रसको समुद्रै लहराएको थियो। दुवैको स्मरणशक्ति अचम्मकै रहेछ। अरु पन्त भरतराज त पत्याउनै नसकिने! आफूले लेखेका हजारौं पंक्ति मात्र होइन अरूको पनि उनलाई कण्ठस्थ थियो। कविशिरोमणिदेखि महा-कविसम्म, समदेखि घिमिरेसम्म। मोतीराम र लक्ष्मीदत्त, शम्भु प्रसाद र हरिभक्त, भीमनिधि भूपी कोही छुटेनन्। अरू छाडूँ नयराज र पिनाकीप्रसादका कविता पनि उनलाई मुखाग्र। नेपाली कविता मात्र हुनुपर्थ्यो– त्यो उनलाई आउँथ्यो। कति आएको! यो रम्घायात्रालाई हामीले त्यसैले भरतराज यात्रा भन्न न्वारन गरेका थियौं। रम्घावासी पनि रट्– भानुभक्तका श्लोकहरू उनीहरूलाईभन्दा यिनलाई बढी आएको देख्दा।

रम्घाका मान्छेहरू मलाई रसिक पनि असाध्य रहेछन् जस्तो लाग्यो। कविता मन पराउने। नत्र त्यो गर्मीमा ६–६ घण्टाको कवि सम्मेलन कसरी चल्न सक्थ्यो। अजङ्ग अजङ्गका वर-पिपलका बोट, त्यसमुनि चौतारोमा कविता भन्ने र सुन्ने-हरूको भीड। वटवृक्ष आफैं पनि बोल्ला जस्तो– भानुले भट्याएको समेत मैले सुनेको छु भन्ला जस्तो। भव्य। अरु बिर्सीनसक्नु थियो सुन्नेहरूको तन्मयता।

"गरि काव्य सुधा रस-पान– अरे
गर मानव जीवन सार्थक रे"

भनेको धरणीधरले यस्तै श्रोताहरूलाई देखेर त होइन? जस्तो लाग्ने। अरु अर्को कुरा, त्यहाँ सुन्न बसेकाहरूमा लोग्ने मान्छे-

भन्दा आइमाई बेसी थिए। आए होलान् तमासा हेर्न भन्न लागेको थियो। होइन रहेछ। काव्यसुधारसप्रेमी नै रहेछन् उनीहरू पनि। भरे पुरस्कार पाउँने पाँच जनामा दुई जना त उनै– एक जना सुश्री एक जना श्रीमती– अस्थानीय जाँचकीहरूले निक्योंल गरी छानेका।

अनि भन्न मन लाग्यो, रम्घा यो तिम्रै काम हो, तिम्रै करामत। माथि भानुभक्तले रम्घाका हावामा कविताको मन्त्रदान गरेछन् भनेको पनि उल्टै भएछ। यो रम्घाको हावामा, चूँदीको माटामा त उहिल्यैदेखि कविता रहेछ। यही हावा खाएर यही माटोमा टेकेर पो भानु, भानु भएका रहेछन्। त्यहाँको माटामा उभिएपछि भानुले कवि नभई सुख पाउँथे र? यहाँ जो पनि कवि, जे पनि कविता। यो ज्ञान फुन्यो मलाई पनि त्यस बटवृक्ष मनि।

त्यही जरोले समाएर होला, त्यहाँ उभिएर मैले पनि सिलोक हालें, भानुभक्तकै पारामा–

"यति दिन पछि मैले आज रम्घाजि देख्याँ
पृथिवीतलभरिमा स्वर्ग हो जानि लेख्याँ"

त्यसैले शिरानी हाल्ने कुरो नपाए पनि केही भएन, कवि बनेरै फर्कें रम्घाबाट म। अब यो रम्घाली पालिस नजाउन्जेल म सबैलाई स्वर्ग देख्ने छु– "पृथिवी तल भरिमा ..."

[ गोरखापत्र, २०३९ साल साउन १६ गते शनिवार ]।

# चलिरहनेछन् !

अदिकवि भानुभक्तको १६६ औं जन्मजयन्तीको स्मारिकामा भानुसम्बन्धी एउटा लेख लेख्नुपर्‍यो । भानुभक्तका बारेमा अब के नयाँ कुरा भन्ने ? सबै भन्ने कुरा मोतीरामले भनिसके; त्यसपछि बाँकी भएका कुरा कविकै पनाति कविराज नरनाथले 'सच्चा जीवनचरित्र' मा छपाइहाले । त्यसपछि त जल्ले जे भने पनि पुरानै कुरा पर्छन्– पुरापाशी नै अघि सर्छन् !

भानुभक्तको आदिकवि–पगरीबारे त त्यस्तै छ । त्यसको पक्षमा बोले पनि, विपक्षमा बोले पनि कुरा दोहोरिएकै ठहर्छ – पहिलेबाटै एक जनाले भनिसकेका कुराको समर्थन गरेजस्तो मात्र हुनजान्छ । अरू त अरू, हुँदा हुँदा उनको मूर्ति उभ्याउने कुरा पनि अब त त्यस्तै भइसक्यो । पहिले दार्जीलिङले चौरस्तामा भानुभक्त बाजेको सालिक थाप्यो । पछि काठमाडौंले दरवार-स्कूलअगाडि चौरमा बाजेलाई बसाल्यो– र स्कूलको नाम नै फेरिदियो– भानु माध्यमिक विद्यालय भनेर । त्यसपछि सिक्किमले गान्तोकमा पूर्वतिर लम्किन लागेका विशालकाय भानुलाई उभ्यायो । सबै देखासिकी, एउटाले अर्कोलाई पछ्या-उने काम मात्रै ! त्यसैले अब भानुबारेमा नयाँ कुरा केही गर्न सकिन्न भनेर हो कि कसो हो– रम्घाले यो गएको २०३६ सालमा नयाँ पाराले भानुको पूजा गर्‍यो– जन्मथलोमा भनेर स्थापना गरेको उनको मूर्ति नै उखेलेर फालिदियो ! भानुभक्तबारेमा यो

भन्दा नौलो कार्य अर्को हुन सक्ला जस्तो लाग्दैन र यसमा रम्घा नै पहिलो होला । 'द्वितीयो नास्ति' भएर पगरी गुथ्ने पनि रम्घा नै होला जस्तो लाग्छ ।

जसले कमायो उसले उडाउन पनि सक्छ भन्थे बूढापाका । हो रहेछ । रम्घाले नाम कमायो भानुलाई जन्माएर । अब उल्ले त्यो नाम उडाइ पनि दियो– भानुको टाउको र दाहिने हात नै बेपत्ता पारेर !

रम्घालीहरू चित्त नदुखाउन् । "हामीले हाम्रा आदिकविको कत्रो सम्मान गरेका थियौं– हामीलाई नचाहिंदो आरोप लगायो यो ठुटे-कलम-कोरुवाले" भनेर उनीहरू दोष नदिउन् । जवाफ दिउन्– रम्घाको डाँडामा पिंजडामा रहेका भानुभक्तलाई चोर्न कुनचाहिं विदेशी कहाँबाट आयो होला त्यहाँ ? त्यो दुर्गम ठाउँमा एउटै पनि नयाँ अनुहार पुग्दा सयओटा आँखाले पछ्याउँछन् । त्यहाँ एउटै आँखामा पनि नबिझने गरी त्यतिका ( किनभने एक्लैले त्यो काम गर्न सम्भव छैन ) नयाँ अनुहार लुकेर बस्न कसरी सके ? त्यहाँका प्रहरीले समेत शंका नगर्ने व्यक्ति बाहिरबाट गए कसरी भन्ने ?

जे भयो भयो– नेपालीका निधारमा एउटा कलंकको टीको लागिहाल्यो । संसारमा रेकार्ड छैन कतै यसरी एउटा आदिकविलाई सिध्याएको । राजनीतिक व्यक्तित्वका मूर्ति तोडफोड हुन्छन् संसारमा– भएका छन्– वादवादका विवादले । तर सबैले मानेको यस्ता प्रियपात्र, सबैका साझा भूमिपुत्र कविको यस्तो अपमान अरू कतै कहीं भएको थाहा छैन । आदर्शका पक्षपाती, अन्यायका विरोधी, स्पष्टवक्ता, महात्मा भानुभक्तलाई मार्ने खोज्ने को हो त्यो पापात्मा ?

कहाँ छ त्यो दुरात्मा ? रम्घामा छैन ? रम्घामा त्यति अनिष्ट गरेर कहाँ अलियो त्यो दुष्ट ?

दुष्ट ? दुष्ट मात्र होइन दुष्ट प्रवृत्ति हो त्यो । नेपालीत्व-माथि बन्चरो हान्ने, नेपालियतामा खुकुरी चलाउने, नेपालीमाथि बन्दूक पड्काउने– दुष्ट प्रवृत्ति !

तर सम्झिराखूं– बन्दूक पड्काउँदैमा हात्ति तर्सँदैन । नेपाली भाषा हात्ती हो– यो हात्तीलाई मार्ने बन्दूक बनेको छैन । संसारभरिका दुई करोड नेपालीको मुख– हाम्रो भानु-लाई बन्द गर्न कसैले सक्ने छैन ।

आज एउटा भानुको बोल्ने मुख र लेख्ने हात चोरियो । एक करोड उनान्सय लाख उनान्सय हजार नौसय उनान्सय मुख र हात चल्दैछन् । चलिरहनेछन् !

भानु जयन्ती स्मारिका, कलकत्ता, २०४० ।

◆◆◆◆

# पारसमणि !

अच्युत मल्ल ताराले कमलमणि दीक्षितलाई 'विषय रचनाका लागि अनुरोध' भनी पठाएको २० आषाढ, २०३६ को चिठीमा यस्तो लेखेको छ–

"कुनै पनि प्रतिभाको जीवनकालमा सम्मान गर्नु राम्रो र उपयोगी हुने भएको हुनाले 'प्रकाश पिण्ड'ले नेपालबाहिर रहेर पनि नेपाली भाषा साहित्यको सेवा अनवरत रूपले गरिरहनु हुने बयोवृद्ध भाषासेवी श्रीं पारसमणि प्रधानज्यूका सम्मानमा 'पारसमणि विशेषाङ्क' प्रकाशित गर्ने भएको छ" ।

भनूं भने सम्पादक अच्युत मल्लको यही एक वाक्यमा विशेषाङ्कको सम्पूर्ण तत्व मौजूद छ । विशेषाङ्क नै त्यही एउटा वाक्यमा सोहोरिएको छ भन्यो भने सम्पादकलाई पुलस्त्याइँ लायो भन्न पाइने छैन । त्यही एउटा वाक्यको शब्द शब्दको व्याख्या गर्दै जाने हो भने पारसमणिवारे भन्नु पर्ने सबै कुरा भनि सकिन्छन् जस्तो लाग्छ । त्यसैले पारसमणिवारे विशेषाङ्क अध्ययन नगरिसक्तै यो लेख्नेले सजिलैका लागि ऐले यो व्याख्याको पद्धति अँगालेको हो भन्ने बुझियोस् ।

त्यस वाक्यमा सबभन्दा पहिले 'कुनै पनि प्रतिभा' भनिएको छ । यसैको पहिले व्याख्या गरूँ । यस वाक्यांशले पारसमणि प्रधान नेपाली भाषाका एक प्रतिभा हुन् भनेर स्वीकारेको छ । यसमा विवाद हुनसक्तैन । पारसमणि

प्रधानलाई त्रिभुवन विश्वविद्यालयले सम्मानार्थ महाविद्यावारिधी ( डिलिट अनरिसकजा ) को उपाधी दिएर यस तथ्यलाई मान्नि सकेको छ । त्यसमाथि अरु नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले उनलाई त्रिभुवन पुरस्कार दिएर सम्मान गरेको छ, मदन पुरस्कार गुठीले समेत उनको 'टिपन टापन' भन्ने ग्रन्थका लागि मदन पुरस्कार दिई उनको अभिवादन गरिसकेको छ । नेपाल-भित्रका नेपाली भाषा साहित्यका तीनौटै सर्वोच्च संस्थाहरूबाट यसरी उनको कदर हुनु नै उनको प्रतिभा सकारिनु हो । नेपाल बाहिर चाहिं उनको आफ्नै जन्मभूमि भारतमा त नेपाली भाषा-सम्बन्धी हरेक संस्थामा उनी जोडिएकै हुन्छन् । आजको भारतमा पारसमणि नभएको नेपाली भाषिक, साहित्यिक संस्था खोज्न हम्मे पर्छ ।

यो हो उनको प्रतिभा । यही प्रतिभालाई 'प्रकाशपिण्ड'ले औंल्याएको हुनुपर्छ माथिको चिठीमा ।

"जीवनकालमै सम्मान गर्नु राम्रो" भनेका छन् अच्युत मल्लले । कवि, लेखक, कलाकारको कदर घेरैजसो उनीहरू दिवंगत भइसकेपछि मात्र हुन्छ । बाँचुन्जेल भोक, रोग र शोकमा पिल्सिन दिएर मरेपछि उनीहरूलाई ठूलो पारेको अनेक उदाहरण हाम्रै नेपालमा पनि फेला पर्छन् । महाकवि देवकोटा त्यसमध्ये पनि ज्वलन्त उदाहरण हुन् । कवि गोकुल जोशीलाई उनी मरेको पन्ध्र वर्षपछि अहिले आएर हामी चिन्दैछौं । अहिले त्यसैले होला यो जीवितैको सम्मान गर्ने लोभ लागेको सबैलाई । नेपाली शिक्षा परिषद्ले जीवित कविशिरोमणि लेखनाथको रथयात्रा गरेर पहिलो रहरलाग्दो परम्परा उभ्यायो । दुई वर्ष जति अघि पाँच जना वयोवृद्ध साहित्यकारहरूको त्यस्तै सामुहिक नागरिक अभि-नन्दन गर्ने कार्यक्रम बनेको थियो, काठमाडौंमा । त्यो अरु

हुन सकेन । नसक्ता नसक्तै, पाँचमध्येका दुई जना बालकृष्ण सम र चित्तधर 'हृदय' परम्पदमा पुगिसके । यही कुराको छद्म भर्त्सना यस वाक्यांशमा छ भन्नें लाग्छ । किनभने यहाँ ने. रा. प्रज्ञा-प्रतिष्ठानको रजत-जयन्तीका उपलक्ष्यमा काठमाडौं आउँदा पारसमणिले नै पनि त्यसको व्यंग्य गर्दै भनेका थिए– चित्तधर कसरी आउने हुन् त्यो अभिनन्दन लिन ! लुकेको पीडा थियो उनको त्यस भनाइमा, किनभने पाँचमध्ये पारसमणि आफैं पनि पर्थे । अभिनन्दन गर्छु भन्दाभन्दै यी पाँचै जना गइसक्ने छन् भन्नें अव्यक्त आशंका थियो उनको । त्यसैले समको बोली टिपेर "बोह्रोतामा लिई पुष्पाञ्जलीसम्म चढाइयो । तर सद्-भक्तिको गोल विश्वभन्दा विशाल छ"* को भावनाले यो सम्मान विशेषांक पारसमणिलाई चढाउन खोजेको छनक पाइन्छ मल्लको भनाइमा ।

त्यसरी सम्मान गर्नु राम्रो मात्र होइन 'उपयोगी' पनि हुन्छ भनेका छन् अच्युतले । यो 'उपयोगी' भन्नेचाहिं सम्मानित हुने साहित्यिकका बारेमा भनिएको हुनुपर्छ । उपयोगी भाव-नात्मक रूपमा मात्र होइन भौतिक रूपमा पनि हुनुपर्छ । कुरो स्पष्ट छैन तर यस विशेषांकबाट हुने आमदानी केही पारसमणि-लाई दिइने संकेत पाइन्छ । सम्पादकले आफ्नो उपयोगका लागि यो उपयोग गरेको होइन भन्नें कुरा सन्दर्भबाट बुझ्नुपर्छ ।

त्यसपछिको शब्द छ 'प्रकाश पिण्ड' । २०२८ साल असोजमा प्रथम अंक प्रकाशित भएको यो मासिकको दर्ता नम्बर हो काठमाडौं प्र. जि. कार्यालयको १४।०२६ मदन पुरस्कार पुस्तकालयमा चाहिं पत्रिकातर्फ यसको संख्या छ– ६५१ । पहिले यसको प्रधान सम्पादक थिए अच्युत मल्ल तारा, प्रकाशिका

---

* सम, 'प्रह्लाद' अंक ३, दृ. २

माया चित्ता, ठमेल । आजसम्म यसको करीब ४० अंक निस्कै तर सबै अंक म. पु. पुस्तकालयमा प्राप्य छैनन् । हिजो आज यसको सम्पादक र प्रकाशक एकैजना छन्– अच्युत मल्ल तारा । 'प्रकाश पिण्ड' ले विशेषांकहरू निकाल्ने राम्रो परम्परा चलाएको हो । यसको चर्चित विशेषांकहरूमा अन्तर्वार्ता विशेषांक (२०३०), सम विशेषांक (२०३०), प्रतिभा परिचय विशेषांक (२०३१), साहित्य विशेषांक (२०३६–३७), राम्रा मानिन्छन् ।

अब अर्को शब्दमा जाउँ 'नेपाल बाहिर'। यस शब्दमा पारसमणिलाई त्रिभुवन पुरस्कार दिंदा प्रज्ञा-प्रतिष्ठानले भनेकै भाव बोलेको छ । तर यो शब्दचाहिं पारसमणिहरूलाई मन नपर्ने हुनसक्छ । किनभने आज परिस्थिति बदलिसकेको छ । पहिले हामी दार्जीलिङ, आसामेहरूलाई प्रवासी भन्थ्यौं । अहिले उनीहरूलाई त्यस विशेषणमा आपत्ति छ । उनीहरू भन्छन्– हामी प्रवासी होइनौं– स्ववासी हौं– आफ्नै भारत देशवासी ! 'नेपाल बाहिर बसेर पनि नेपाली भाषा साहित्यको सेवा' गर्नु भनेर अचेल अचम्ममा पर्नुपर्ने कुरै होइन रे ! भारतको राष्ट्रिय भाषा समूहभित्रको भाषा भएकाले त्यहाँ बसेर सेवा गर्नु 'भारी बात' मानिनु हुँदैन । यो उनीहरूको तर्क हुन्छ । र त्यो तर्क प्रमाणित पनि ठहर्छ । आज भारतको दार्जीलिङ जिल्लाको सरकारी भाषा, सिक्किमको राजकीय भाषा, नेपाली नै छ । अझ चाँडै नै भारतको संविधानको आठौं सूचीमा यो भाषा पर्दैछ भनिन्छ । त्यस्तो वेला 'नेपाली बाहिर बसेर पनि …' इत्यादि भन्नु अलिनु कुरा जस्तो लाग्छ ।

यसपछि 'अनवरत रूपले' भन्ने आउँछ । दशै औंलाले सहीछाप हाल्न पर्छ अच्युतको यस भनाईलाई । पारसमणि प्रधानले सन् १९१४ मा बनारसबाट निस्कने मासिक 'चन्द्रमा'

उनका कविता छापिन थालेदेखि अठसठ्ठी वर्षपछि आजसम्म एकनास रूपले लेखिरहेका छन्  उनका लेख कविता प्रत्येक दिनसजो पत्र-पत्रिकामा निस्किरहेका छन्, कितापहरू प्रकाशित भइरहेका छन् उनका । त्यतिले भएन अब उनका अन्तर्वार्ताहरू निस्कन्छन्, पत्र-पत्रिकामा । उनले लेखेर दिएकाले नपुगी विद्वान् शोधार्थीहरू गएर दुहिरहन्छन् उनलाई । हरेक दिन उनबाट नयाँ नयाँ कुरा निस्किरहेका छन्– एउटा एउटा रत्न जस्ता, नेपाली भाषा साहित्यका मणि जस्ता, पारसमणि जस्ता । हो, अनवरत रूपले सेवा गरिरहने भन्नु यथार्थ हो– एक जात अतिसयोक्ति छैन यस भनाइमा ।

'बयोवृद्ध' रे ! चौरासी वर्षका मानिस बयोवृद्ध त हुन् नै तर समका मुकुन्द इन्दिरामा, बूढाले भने ऊँ, 'जब पुग्यो असी कुनामा बसी' जस्ता बयोवृद्ध होइनन् पारसमणि । यस कुराको प्रत्यक्ष प्रमाण पाए काठमाडौंवासीले अस्ति उनी प्रज्ञा-प्रतिष्ठान-को निम्तामा यहाँ आउँदा । त्यो वृद्ध शरीर कति फुर्तिलो रहेछ ! जहाँ जाऊँ भने पनि तयार, जुनवेला भने पनि तयार । आफ्नो तन्नेरी नाति थाक्दा पनि नथाक्ने कस्ता वयोवृद्ध ! मरूँला भन्न कत्ति पनि डर नभएका, मृत्युलाई, काललाई गिजाएर हाँक दिने– हंसमुख बयोवृद्ध ! 'होइन, अब त जाने बेला भयो, बोलाउनासाथ जानुपर्छ' वयोवृद्धले भन्ने कुरा हो यो ? त यस्ता कुरा त 'ज्ञानवृद्ध' ले मात्र गर्न सक्छन् । त्यसैले एउटा संशोधन गरौं त्यो माथिको वाक्यमा बयोवृद्ध मात्र होइनन्, ज्ञानवृद्ध हुन्, पारसमणि ध्यानवृद्ध हुन् ।

त्यसपछि 'भाषासेवी'। शंकै छैन । सन् १९२० मा नेपाली भाषालाई भारतका विश्वविद्यालयमा सर्वप्रथम प्रवेश गराउने श्रेय राममणि आ. दी. लाई दिनुपर्छ । * यू. पी. का

* हेर्नू राममणि आ. दी. को पुराना सम्झना

विश्वविद्यालयमा नेपाली भाषा मान्य गराउन त्यहाँका गभर्नर-सम्म पुगी स्वीकृति लिई छाड्ने युवक २० वर्षीय राममणिको कार्यलाई सानो नपार्दा पनि बंगालमा त्यसरी नेपालीलाई मान्यता दिलाउनेमा (सन् १९१८–३५) पारसमणिको यश गाउनुपर्छ। नेपाली भाषाको बारेमा सन् १९१९ देखि बोल्दै लेख्तै मरिमेट्दै आउने पारसमणि प्रधानको जीवन नै एउटा लामो भाषासेवाको मुचुल्का भएको छ। उनको १०८ अंक पुगी टुङ्गिएको मासिक 'भारती', अंग्रेजी नेपाली कोषहरू, नेपाली मुहावराको कोष, नेपाली भाषाको उत्पत्ति र विकास लगायत बीसौं किताप सबैको एउटै उद्देश्य छ– नेपाली भाषा, मातृ भाषाको सेवा। यो भविष्यको बिरूवाको चिल्लोपात देखेर नै त ऋषिकल्प धरणी-धरले यसो भनेको होलान् नि–

"प्रशमान प्रधान उद्यमी
निजभाषोन्नति प्रेमका धनी"

कति सत्य, तथ्यपूर्ण कुरा भनेका रहेछन् धरणीधर शर्माले १९७३ सालमै !

ती पारसमणि उसैवेलादेखि नेपाली भाषा साहित्यका स्वनामधन्यहरूसँग लेखापढी गर्थे। नेपाली कवि लेखकहरूको चिठीहरू एउटै नच्याती राख्थे यो भाषप्रेमी सज्जन। आज पनि नेपाली साहित्यकारहरूको चिठीपत्रहरूको सबभन्दा ठूलो संकलन कतै छ भने यिनैसँग छ। यी चिठी चपेटाको संग्रहमा पनि उनको उही भाषाप्रेम नै बोलेको पाइन्छ– 'निज भाषोन्नति प्रेमका धनी'।

अब 'पारसमणि प्रधान' भागीरामका छोरा 'प्रशमान प्रधान थिए। स्कूल सकेर 'चन्द्र' 'गोर्खाली' मा लेख्न थाल्दा

१. टिपन टापन, पृ. ३८।

पनि यी प्रशमान नै थिए । यो सके यिनको न्वारानमा राशीबाट जुराइएको नाम थियो । तर सन् १९१७ तिरदेखि यिनले आफ्नो नाम परिवर्तन गरेर पारसमणि भए । यो नाम परिवर्तन गर्ने सल्लाह पनि कवि धरणीधरले नै यिनलाई दिएथे शायद । प्रशमान प्रधानको भित्रको पारसमणिलाई चिनेर आशीर्वाद[1] दिने 'सुधपा' का मध्यवर्ती पुरुष भविष्यद्रष्टा पनि रहेछन् भन्नुपर्ने हुन्छ । पारसमणि यथार्थमा 'पारसमणि' भैदिन्छन् ।

अब त्यो हामीले चर्चा गरेको वाक्यको आखिर शब्दमा जाउँ– 'सम्मानमा' ।

'प्रकाश पिण्ड'को यो विशेषांक पारसमणिको सम्मान हो भन्ने दावी देखिन्छ त्यो चिठीमा । माथि 'जीवनकालमै' को व्याख्या गर्दा भनेको कुरालाई अलिकति दोहोऱ्याउने हो भने – गर्छु भनेको अभिनन्दन अरूले नगरिदिंदा अपमानित हुन पुगेका पारसमणिलाई एउटा पुष्पञ्जलीसम्म चढाई सम्मान गर्न खोजेको जस्तो लाग्छ यो । कुनै कवि लेखकको बारेमा विशेषांक निकाल्नु उनीहरूको सम्मान हो, मान्नै पर्छ । तर विशेषांकहरू दुइधारे तरवार रहेछन् जस्तो पनि लाग्न थाल्यो अब । सम्मान गर्न भनेर लाग्दा कहिलेकाहिं असम्मान पनि भइदिन्छ । भैरव विशेषांक निकाल्नेहरूले भैरवको सम्झना नै धमिलिने गरी भैरव[2]का बारेमा नमीठा कुरा भनेको घेरै भएको छैन । कटुवालको कुरा भन्न ताजै छ– उनको सुरासुन्दरीप्रेमका कथा एकपछि अर्कोका लेखमा पारायण गर्नुपर्दा कवि हरिभक्तभन्दा अर्के विशेषण लाग्ने हरिभक्त छर्लङ्ग हुँदै आए । के गर्ने त्यस्तो संस्मरणले जस्तो लाग्न थाल्यो । आफ्नो चरित्रनायकमाथि सबै श्रद्धा गरून्, भक्ति गरून् भनी पैसा खर्च गरी विशेषांक निकाल्दा उल्टो पऱ्यो

---

१ पाँच पोरखी, पृ. ८ । २. भैरव अर्याल ।

भने के गर्नु ? हुनत, त्यसो भनेर 'प्रकाश पिण्ड'ले पारसमणिको गुण मात्रै देखाउनु पर्छ दोष केही भए पनि लुकाउनु पर्छ भन्न खोजेको होइन । भए पनि 'सम्मानमा' विशेषांक प्रकाशित गर्ने भनेकोले के कसो हो भन्ने खसखस लागेको मात्र हो ।

त, अच्युत मल्ल ताराले लेखेको चिठीको एउटा वाक्यको व्याख्या यो हो । यो पनि संक्षिप्तै भयो । खासमा यिनै आठ नौ शब्दका व्याख्यामा एक एक ओटा वृहत् लेख लेखेर विशेषांक भर्न सकिन्थ्यो होला– सामर्थ्यवान्का हातमा परेको भए ।

तर, नेपालीमा त्यस्तो सामर्थ्यवान् को छ र ? छन त छन् एक जना तर ती यस काममा हामीलाई प्राप्य छैनन् । किनभने ती परे यसै लेखका चरित्रनायक–अर्थात् पारसमणि ।

[ 'प्रकाशपिण्ड', पारसमणि विशेषांक, २०३९ ]

# इति सिद्धम्

कुनै बिङ्गो नलगाउने कडा चेतावनीकासाथ जस योञ्जन प्यासीले मलाई 'डा. पारसमणि प्रधान एक दुर्लभ व्यक्तित्व' भन्ने विषयमा एउटा लेख लेखी सहयोग गर्न 'सविनय निवेदन' गर्नुभयो।

बिङ्गो लगाउने मेरो पुरानो बानी हो भन्ने उहाँले कसरी थाहा पाउनु भएछ्न कुन्नि? पूर्वशर्तमै बिङ्गो लगाउन नपाइने दफा परेकाले मचाहिं साँच्चै अप्ठेरोमा परें। बिङ्गो लगाउन पाएका भए तलका पाँचमध्ये कुनै एउटा कुरा लेखेर म छुट्टी पाउन सक्थें। म लेख्ने थिएँ:–

(१) योञ्जनजी, अचेल म साह्रै व्यस्त भएकाले लेख लेख्न सकिनँ, यो एउटा शुभकामना-पत्र पठाएको छु। या,

(२) तपाईंको चिठी समयमा नपाएको हुँदा लेख्न सकिनँ। या,

(३) दिनुभएको विषयमा मेरो ज्ञान कम भएकोले अरू कुनै विषय छानी पठाउनु होला। या,

(४) मैले पारसमणिजीलाई नजीकबाट चिन्न नपाएकोले उहाँको व्यक्तित्वबारे धेरै लेख्न सकिनँ तर उहाँ एक महान् व्यक्तित्व हुनुहुन्थ्यो। मेरो अभिनन्दनसम्म छापिदिनु होला। या,

(५) मैले डा. पारसमणि प्रधानबारे धेरैतिर धेरै विषयमा लेखिसकेकोले अहिले नयाँ लेख लेख्न सामग्री पाइनँ। इत्यादि।

अर्थात् यी पाँच पाँच बिज्ञामध्ये कुनै एउटामा कच गरिदिएर म टुंग्याउन सक्थें यो समस्या। तर भएन, गर्नै पऱ्यो आदेश पालन !

भनूंभने यी माथि दिएका बिज्ञाहरूमध्ये पछिल्लो या पाँच नम्बरको बिज्ञो सत्यताको धेरै नजीक पुग्नखोज्छ। मसँग नयाँ सामग्रीको साँच्चै खाँचो छ। र सिद्ध गर्नुपर्ने विषय निकै गहन छ। प्रमाणित गर्न के परेको छ भने पारसमणिको व्यक्तित्व दुर्लभ वस्तु हो। दुर्लभ शब्द नै यसमा सबभन्दा गाँठी कुरा छ (१) पारसमणि दुर्लभ पुरूष हुन् (२) पारसमणि नेपाली जातिमा बिरलै पाइने व्यक्तित्व हुन् (३) पारसमणि प्रधान असाधारण बिद्वान् हुन् (४) पारसमणि प्रधान गुणेगुणका थुप्रा भएका अलौकिक पुरूष हुन् (५) पारसमणि अभूतपूर्व साहित्यिक हुन्। आदि जस्ता कुनै पनि वाक्य सो 'दुर्लभ' प्रमाणित गर्न प्रयोग गर्न सकिन्छ तापनि यी सबै कुनै कुरा नभने पनि पारसमणि 'दुर्लभ' व्यक्तित्व ठहरिन नसक्ने होइनन्। जस्तो भनूं – पारसमणि जस्तो अर्को को छ? कोही छैन। उनी दुर्लभ भइगए। भगवान्‌को यत्रो सृष्टिमा कुनै पनि एउटा मानिस अर्को जस्तो हुँदैन, हुँदैहुँदैन। त्यस अर्थमा जो पनि दुर्लभ हो– भनेपछि पारसमणि पनि स्वतः दुर्लभ भइहाले। त्यसको लागि कमल दीक्षितले या कसैले पनि लेख लेखेर प्रमाणित गरिरहनुपर्छ र?

यति लेखिसकेपछि, तर मलाई के लाग्यो भने– जस योञ्जनजीले पारसमणिमा प्रमाणित गर्न खोजेको दुर्लभता त्यस्तो सामान्य किसिमको दुर्लभता होइन। पारसमणिको व्यक्तित्वमा दुर्लभता पनि दुर्लभ पाराका थिए भन्ने कुरो उहाँको सम्पादकीय मनमा फुऱ्यो। अनि त्यसलाई कमल दीक्षितले कसरी प्रमाणित गर्दोरहेछ हेरिहालूँ भनेर उसको जाँच गर्न भनेर प्रश्न यता तर्काई दिनुभयो।

त्यहींबाट शुरू गरूँ उसो भए, ज्यामितिमा जस्तै । अफ, नरेन्द्रमणि आ. दी. ले अनुवाद गरेको हल एण्ड स्टिबेन्सको स्कूल ज्यामिति ( १६३५ ई. ) [१] मा जस्तै । प्रमेय, निर्मेय, उपपत्ति आदि गरेर हामी पारसमणि प्रधानको दुर्लभ व्यक्तित्व सिद्ध गरौं ।

" प्रमेय १ (नेपाली साहित्याकास १–२–३)

यदि दार्जीलिङ जिल्लाका र नेपालका वासिन्दा नेपाली भाषाका क्षेत्रमा समान छन् भने दार्जीलिङका पारसमणि प्रधान-को व्यक्तित्व नेपालका लागि पनि दुर्लभ हुन्छ ।

कल्पना गर कि दार्जीलिङका सूघपा र नेपालका लेलवा समकोण त्रिभुज हुन् । र गन्तिका हिसाबले सू = ले, घ = वा र पा = ल बराबर छन् ।

सिद्ध गर्नुपर्दछ कि : बराबर हुँदाहुँदै पनि सू घ ले ल वा भन्दा पा फरक छन् र दुर्लभ छन् ।

उपपत्तिः मदन पौरखले भन्दछ– सू को मान १४ घ को मान १५, ले को मान १८ वा को मान ३२ र ल को मान ३९ मात्र छ । त्यही मदन पौरखले भन्दछ पा को मान ६३ छ । संख्याका हिसाबले पा विशेष छ अतः दुर्लभ छ । सू घ ले ल वा कुनै पनि महाविद्यावारिधिमा पुगेका छैनन् [२] पा त्यस विद्यासागरमा

---

१. यस पुस्तकलाई म्याकमिलन कम्पनीबाट प्रकाशित हुने चाँजो मिलाइ-दिएकोमा अनुवादकले पारसमणि प्रधानलाई भूमिकामा धन्यवाद दिएकोले यो यहाँ सान्दर्भिक छ । तर यो 'थ्योरम' बुकलाई त्यो किताप पल्टाउनु पर्ने क्याउलो पर्छ । – लेखक

२. श्री बालकृष्ण समलाई त्रिभुवन विश्वविद्यालयले प्रदान गरेको उपाधि-लाई महाविद्यावारिधि नभनी 'विशेष उपाधि' मात्र भनिएकोले प्राविधिक हिसाबले यो अशुद्ध छैन । – लेखक

स्नान गरी फर्केकाले असाधारण छन्, अतः दुर्लभ छन् ।

आयुमानका हिसाबले पनि आठको अंकमा टेक्ने सू ले ष पा मात्र हुन् र त्यो आठको अंकसँग पनि ले ले १ सू ले ६ ष पा ले ८ नै जोडेका हुँदा पा नै अत्युच्च, छ अतः दुर्लभ छ ।

अतः पा अर्थात् पारसमणि प्रधान दुर्लभ छन्– इति सिद्धम्– क्यू. इ. डी. ।"

+ + +

(सबैंका हँसीला रसीला, कौतुककार, श्रद्धेय पारसमणि आफूमाथि कसिएको व्यंग्य पनि हाँसेरै खप्नुहुन्थ्यो, अनि त्यसमा रमाउनु हुन्थ्यो । त्यही कुरा सम्झेर यो व्यंग्यात्मक गुणगान गरिएको हो। पाठकहरूले यसलाई अन्यथा नठानिदिनुहोला भन्ने पहिले नै जम्लाहात प्रार्थना छ । –लेखक)

[ जस योञ्जन प्यासीले आयोजना गरेको 'स्व. पारसमणि प्रधान स्मृति ग्रन्थ' को लागि पठाइएको, २०४३ ]

# 'पारसमणि पुस्तकालय'

'परिमल' का मोहनप्रकाश राईज्यूले पारसमणि विशेषांकमा केही लेखिपठाउने आग्रह गर्नुभयो। फेरि अर्को चिठीमा मदन पुरस्कार पुस्तकालयको एउटा सन्देश-पत्र पठाउन पनि लेख्नुभयो। मैले ती दुवै अनुरोधलाई एउटै मालामा गाँस्ने अठोट गरें। 'परिमल' ले अब पारसमणिज्यूको वार्षिक श्राद्धको दिन पारेर यो विशेषांक निकाल्ने भएछ। ठीकै छ। तर मलाई पढाउने गुरुहरूले चाहिं उहिल्यै भनेका थिए– महापुरूषहरूको जन्मदिवस हुन्छ मृत्यु-दिवस हुँदैन। उनीहरू कहिल्यै पनि मर्दैनन् भनेर होला उनीहरू मरेको तिथिमिति सम्झिइदैन। त्यो आदर्श वाक्य थियो। लौकिक हिसाबले चाहिं पहिलो श्राद्ध बरखी हुन्छ। मनाइन्छ नै। त्यसैले 'परिमल' को निर्णय शिरोधार्य छ।

पारसमणिज्यूसँग मेरो सम्पर्क चिठीपत्र मदन पुरस्कार गुठीको सिलसिलामा पहिलेबाट स्थापित भएको हो– २०१२ सालमा। त्यसभन्दा अघिचाहिं म उहाँलाई "टिक टिक टिक गर्दै भन्छ वेला बताई। समय नगर अहिले व्यर्थमा नष्ट भाइ" जस्ता पंक्तिहरूबाट मात्र चिन्दथें।

ह्राम्रा मोहनप्रकाशको आग्रहचाहिं मदन पुरस्कार पुस्तकालयको सन्देशतर्फ छ। त्यसैले गुठीलाई छाडेर पुस्तकालयतिर फर्कन्छु। मदन पुरस्कारको नामका दुई संस्था छन्– एउटा गुठी, मदन पुरस्कार गुठी अर्को म. पु. पुस्तकालय। गुठीसँग पारस-

मणि जोडिने पनि धेरै कुरा छन् । पहिलो त उहाँले पाएको मदन पुरस्कार नै सबभन्दा ठूलो कुरा भयो । तर पुस्तकालयसँग पनि कम छैन उहाँको सम्झना । यस पुस्तकालयका बारेमा पारसमणिज्यूसँग धेरै लेखापढो भए, धेरै सहयोग मागियो । धेरै पाइए पनि । उहाँलाई भनेपछि सक्तो सहयोग गरिनै हाल्नुहुन्थ्यो पारसमणिज्यू । कहिलेकहिं त नभनिईकन पनि सहयोग गर्नुहुन्थ्यो । एक पटक त्यस्तै परेको छ । २०२२ सालमा हो । 'नेपाली' को पूर्णाङ्क ११ मा मैले एउटा अनुरोध गरें– 'हाम्रो पुस्तकालयमा भएको आशुकविको शाकुन्तल नाटक खण्डित छ सहयोग गर्नुपर्‍यो' भन्ने यस्तै आसयको ।

त्यो पत्रिका निस्केको केही दिन पछि मेरो नाममा एउटा रजिष्टर्ड पार्सल आइपुग्यो– कालिपोङका पारसमणि प्रधानकहाँबाट । भित्रपट्टी रहेछ एउटा शाकुन्तल नाटक– आशुकविको । साथमा भा. रू. ५ हो कि दशको एउटा नोट पनि रहेछ र लेखेको थियो 'पुस्तकालयमा भएको खण्डित पुस्तकलाई यसबाट सारी पूरा गर्नुहोला र यो पुस्तक रजिष्टरी डाकबाट फिर्ता पठाइदिनुहोला' भन्ने । यस्ता हुनुहुन्थ्यो पारसमणिज्यू । त्यो शाकुन्तल नाटकबाट पुस्तकालयले चाहिं केही फाइदा उठाउन सकेन– किनभने उहाँले पठाइदिएको कितापमा पनि त्यत्ति नै पेज नपुग रहेछन्, च्यातिएका । त्यो किताप मैले तुरुन्तै फिर्ता गरी पठाएथें ।

काठमाडौं आएका वेला पारसमणिज्यू हाम्रो पुस्तकालयमा नआई छाड्नु हुन्नथ्यो । यो मन्दिरको दर्शन नगरी गए त पाप लाग्छ भन्नुहुन्थ्यो । अनि यहाँ हामीले मसीना मसीना ह्याण्डबिल पर्चाहरू पनि जम्मा गरेको देखेर फर्केर गएपछि उहाँले 'कहिलेकहीं यस्ता यस्ता पनि आइलाग्छन्' भनेर चुनावका, सिनेमाका पर्चा पनि एकदोटा पठाइदिनु भएको थियो । त्यस्तै हाम्रो पुस्तकालयबाट सहयोग माग्न पनि पारसमणिज्यू संकोच

मान्नुहुन्नथ्यो। 'कमलजी मलाई यति यति कुरा चाहियो' भनी 'किन्न पाइने भए किनेर पठाइदिनुहोस्' भन्नुहुन्थ्यो 'नत्र सारेर अथवा फोटो कपी गरेर अविलम्ब पठाइदिनुहोस्' भन्ने आग्रह हुन्थ्यो कहिलेकाहिं। उहाँको 'अनुरोध' मेरो लागि भने 'आदेश' सरह नै हुन्थ्यो। यस्तो आदान-प्रदान प्रेमको आधारमा हुन्थ्यो। कस्तो हुन्थ्यो भन्नलाई एउटा चिठी उतारूँ नमूनाका रूपमा मात्र 'कालिपोङ ४–११–६६' को मिति परेको। पूरा व्यहोरा यो हो –

"प्रिय कमलजी,

दुई पत्र आइपुगेका छन्– सिंगापुरबाट र ता १०-१०-६८ को घरबाट। परमात्माका कृपाले हाम्रो उस्तो नोक्सान भएन। जुवाई तेजबहादुर प्रसाईजीको भने निकै नै खर्च लाग्ने पहिरो गएको छ। रामकृष्णज्यूको घर पनि निकै चिरियो। ठाउँठाउँमा धेरै मानिस मरे। खेतीको नोक्सानी भयो। सघाउने प्रबन्ध मिलाउँदै छौं।

'दियालो' अंक १० पठाउन लाएको छु। 'नेपाली' ११ औं अंक आइपुगेको छैन आउला। 'आफ्नो बारेमा' कति छापियो। यसको तेस्रो अध्याय पठाऊँ? प्रेसको फुर्सत के कस्तो छ?

'भानुभक्त' को मनोग्राफ लेख्तैछु। उनको सच्चा जीवन चरित्रको कापी मसँग भएको हराएछ एक थान खोजेर पठाइदिनुहोस्। धन्यवाद!

विज्ञान विलासको भारतवर्षको इतिहास त्यहाँ पुस्तकालयमा होला। त्यसको भूमिका अंग्रेजीमा लेखिएको छ। भए-देखि टाइप गरी पठाइदिनु भए ठूलो मद्दत हुनेछ।

गम्भीरध्वज शाहको 'चन्द्रशेखर' को नेपाली अनुवाद संवत् १९७२ मा छापिएको एक कपी मसँग छ। त्यहाँ पनि

होला । यसलाई फेरि किन नछपाउने ? यो वंकिमचन्द्रको बंगला पुस्तकको अंग्रेजी अनुवादबाट उल्था गरिएको हो ।

नरहरिनाथज्यूको इतिहास प्रकाश १-३ मैले पाउन सकिनँ । मद्दत चाहियो ।

अरू पछि । नमस्कार !

तपाईंको

माता–पिता दुवैलाई नमस्कार        परिवारको भलो चाहने
नानीहरूलाई सम्झना र आशीर्वाद !        पारसमणि प्रधान

पी. एस. साझा कथा र साझा निबन्ध पनि हेर्न पाऊँ ।"

पुस्तकालयकै बारेमा भन्दा उहाँसँग भएको अर्को एउटा कुरा पनि भनिराखूँ– उहाँका सन्तानहरूले काम लगाउलान् ।

म एक पटक कालिपोङमा उहाँको 'भाग्यमणि भवनमा पुगेको छु । त्यसबेला उहाँको पुस्तक-संग्रहको झुलुक्क दर्शन पाएँ । मैले आफ्नै पुस्तकालयको मोहले उहाँलाई भनें– 'हामीकहाँ नभएका कति कुरा तपाईंकहाँ छन् हामीलाई दिनुहोस् न तपाईंकहाँ यसै पनि सबै पुग्दैनन्, हामीकहाँ पुगिहाल्छन् कि ?' मैले यसो भन्दा उहाँले गिज्याएर टिप्पणी गर्नुभयो– 'अनि त यहाँका किताप पढ्ने पनि हाम्रा मान्छे उता जानू त ?' त्यसो भए पछि मैले पनि मौका छोपेर भनेथें– 'उसो भए तपाईंको यो पुस्तकालयलाई पनि सार्वजनिक बनाउनोस् न त– भारतपट्टीको मदन पुरस्कार पुस्तकालय जस्तो'। भन्दा उहाँले त्यो कुरो खाएजस्तो लागेथ्यो, गर्न खोजेजस्तो भेउ पाएथें । त्यो काम अहिलेसम्म नभएको भए उहाँका समर्थ छोराहरूले त्यो एउटा स्मारक बनाइदिए कसो होला–

'पारसमणि पुस्तकालय' ?

[ २०४३ ]

# प्राणायाम !

मलाई प्राणायाम गर्न आउँदैन ।

हाँसो उठ्ने कुरा के भने एकचोटी मैले उत्तम*लाई त्यसैको विधि बताउनु पऱ्यो । हामी बीचको दाइ-भाइ सम्बन्धको नाताले मैले अर्ती उपदेश दिनु परेको थियो उनलाई त्यसदिन । कुरो डेढ वर्षजति अघिको होला, कुरै कुरामा उत्तमले भने– "मलाई क्या कमलबाबु, असाध्य रिस उठ्छ अचेल । के गर्ने होला ?" म बुज्रुक, आफूलाई सबै कुरा आउँछ भन्ने देखाउनु पर्ने ! मैले खूब जान्ने जस्तो भएर भनें– "उत्तमजी रिस उठेको बेलामा एकै छिन केही नबोलेर लामो लामो सास तान्ने र छाड्ने गर्नोस् रिस धेरै कम हुन्छ ।"

अलि दिनपछि फेरि एक दिन उत्तम आएको बेला भने– "कमलबाबुले सिकाएको बमोजिम गरेको धेरै नै फाइदा भयो ।"

साँच्चै फाइदा भयो कि भएन मलाई थाहा छैन – तर उत्तम अर्काको मन राख्न जान्ने मान्छे – मेरो मनै राखिदिएको होला जस्तो लाग्छ अहिले विचार गर्दा । त्यतिबेला त म गजक्क परेको थिएँ – कुनै योगी गुरुभन्दा म के कम !

तर उत्तमको र मेरो सम्बन्ध यस्तै हो – म जैले पनि 'कमलबाबु' उनी जैले पनि 'उत्तमजी' । भेट भएको बेला उनी

---

* उत्तत कुँवर, सम्पादक 'रूपरेखा' ।

मलाई गुरू मानेको जस्तो मानिदिन्थे– उनका गुरू 'माडसाब' वासुदेवजी'को साथी भएको नाताले होला। त्यसबाहेक चाहिं समय बित्तै जाँदा उनी 'चेला' चिनी भन्दा पनि चहकिलो हुँदै गए हामी ( गुड ) सक्खरको सक्खर नै प्याल्ल पहेंलो !

मैले २०१४ सालमा चिनेका ठिटा – उत्तम – तीस साल पुग्दा नपुग्दै कत्रो भव्य उच्चाइमा पुगे मलाई अचम्म लाग्छ। सबै उनको अध्यवसाय मेहनत र समयलाई चिन्न सक्ने गुणको फल हो। म जैले पनि उनको प्रशंसक नै रहें – किनभने उत्तमले यसो गर्छु भनेर आँटेपछि त्यो काम फत्ते पारेरै छाड्थे। त्यसैले उनले सुरिएर यसो गर्न लागें भनेपछि जैले पनि म थेगें हालेको जस्तो गरी 'राम्रो' भन्थें। उनका 'माडसाब' भएका वासुदेवजी-बाट चाहिं उनी गुरूहरूले दिनुपर्ने जस्तो स्वाभाविक सतर्कताको अर्ती पाउँथे। त्यसैले बीचबीचमा उनी पड्कन्थे वासुदेवजीसँग – "माडसाहेब जैले पनि मैले गर्न लागेको काममा हुन्न मात्र भन्नु-हुन्छ" भनेर। उत्तमले रूपायन प्रेस राख्ने बारे त्यही भयो, मोटर किन्ने बारे त्यही, अनि रूपरेखाको २०० औं अंक निकाल्ने-मा पनि त्यही नै !

पड्कन्थे भनें मैले तर त्यो पड्काई छोरा अथवा भाइहरूले घुर्की लगाएको जस्तो मात्र लाग्थ्यो – 'माडसाब'ले पनि मेरो कुरा बुझिदिनु भएन भन्ने भावमा।

त्यो 'मलाई बुझिदिएनन्'भन्ने भित्री गुनासो उनको प्रत्येक क्रियाकलापमा देखापर्न थालेको थियो पछि पछि। उनले गरेका प्रत्येक कुराको विरोध गरिन्छ भन्ने धारणा नै बन्न गएको थियो उत्तमका मनमा यता केही वर्षदेखि। मसँग भेट हुँदा उनी प्राय: यस्तै कुरा गर्थे। आफूले गरेको हरेक कुरा साथीभाइहरूले राम्रो भनि देओस् भन्ने उनको आन्तरिक अभिलाषा थियो –

१. वासुदेव शर्मा लुइँटेल।

कसको हुन्न र ? तर आफ्नो कारवाईको समर्थन पाउन उनी धेरै मेहनत गर्थे – धेरै परसम्म पुग्थे ।

रामकृष्ण शर्मासँगको, तारानाथसँगको, बालमुकुन्दसँगको उनको वादविवाद (झगडा नै भनूं )ती सबैमा उनले आफ्नो 'लबी' बनाउन खोजे भन्ने उनीमाथि अखानो छ । 'लबी' भन्ने शब्दमा मलाई आपत्ति छ – तर आफ्नो तर्फको कुरा बताउन उनले प्रशस्त मेहनत गरेका हुन् । जो पनि गर्छ । मुद्दा परेका मान्छेले जललाई भेटे पनि आफ्नै मुद्दाको कुरा शुरू गर्छ – कल्ले देखेको छैन र ? त्यसैले उत्तमको त्यस समर्थित हुने उत्सुकतालाई दोष भन्दिनँ, उत्तमको मानवीय पक्षको उद्‌घाटन मात्र भएको हो भन्छु म ।

अँ, एउटा कुरा । उत्तमको मोटरले निकै ठूलो महत्व पाएको छ उनका लेखनीमा । 'रूपरेखा'ले भन्दा पनि पछिल्ला वर्षहरूमा उनको सफलतामा त्यस मोटरले ओज थपेको छ भन्ने उनको विश्वासमा विश्वास नगर्ने कारण छैन । बसमा कोचिएर हिंडेको उत्तम र स्कूटरमा दौडेको उत्तमभन्दा सानै भए पनि चार पांग्रामा गुडेको उत्तम बढी 'मोबाइल' धेरै चलायमान थिए भन्ने-मा के सन्देह ! उनका परिचितहरूको 'सर्कल' अथवा घेरो, व्यास या 'डायमिटर' बाट हेरे पनि, 'सर्कमफरेन्स' या परिधिबाट नापे पनि वृहत् थियो, विशाल थियो । त्यसलाई जीवित राख्न उत्तमको चाल द्रुत रहनु जरुरी थियो । गतिमा ढिलाई उत्तमको परिधिमा घातक हुन्थ्यो । भनूं भने गति नै उत्तमको उन्नतिको ऊर्जा थियो ।

ऊर्जा पनि कस्तो ऊर्जा ! म उत्तमलाई गिज्याउँथें कैले काहीं– तपाईं हावा जस्तो कति उडिरहनु हुन्छ उत्तमजी ? पवनको स्थिर गति हुँदैन भन्छन् ! त्यस्तै तपाईंको पनि भयो । अब तपाईंको नाम पनि फेरी उत्तमकुमारबाट पवनकुमार राख्नु पर्‍यो।

उनी अलि लाज मान्थे अनि मस्तसँग हाँस्थे– अनि तुरुन्त फेरि उनको जन्मजात स्वभाव अघि सर्थ्यो त्यस कुरालाई समर्थन गर्ने बूँदा जोड्न थाल्थे उत्तम। भन्थे– "के गर्नु कमलबाबु, भेटेन भने साथीहरू रिसाउँछन्, आफ्नो कामै त्यस्तो ... इत्यादि।"

उनको कामै त्यस्तो हो कि त उनको बानी त्यस्तो हो मैले ठेगान गर्न सकेको छैन तर एउटा तसबीर चाहिं अब मेरो मनमा स्पष्ट हुँदै आउँदैछ उत्तमको। हामीले केटाकेटीमा खेल्ने दम दिएर चल्ने खेलौना मोटर जस्तो, उनलाई खेल्ने दैव-बालकले उनको दम (श्लेष पारेको नसम्झिनोस्– किनभने अन्त्यमा उनलाई दमले नै लग्यो) जँले पनि कसेर नै राख्यो। त्यो खेलौनाको दम चाँडै सकियो– स्प्रिङ्गले थेग्न सकेन घिसिइहाल्यो अनि त्यो 'मोटर' थन्कियो !

थन्कियो, गयो, अल्पियो – तर सफलताको चुलीमा पुगेर। अभावै अभावले जेलिएर बाँचेको एउटा केटो आफ्नै कोशिशले अघोर मेहनतले सबै भौतिक सुविधा जुटाएर नाम कमाएर, घरैलाई रुवाएर गयो। योभन्दा सफल कति हुनु !

आफ्नै इच्छाकी पत्नी अनि सन्तान, आफ्नै घरबारी, वाहन सवारी, व्यापार र नाम – सम्पर्क र सम्मान ! यही नै हो उत्तम जस्तो लाग्छ, उत्तमको रूपरेखा – प्राणायाम !

[ रूपरेखा, उत्तम कुँवर विशेषांक, २०४० जेठ ]

# व्यावहारिक व्यक्तित्व

राजा जयपृथ्वीबहादुरको 'व्यावहारिक व्यक्तित्वमा' मैले 'विचार' प्रकट गर्नु थियो ।

'पदार्थ तत्व विवेक' मा या 'व्यवहारमाला' मा केही फेला पर्ला र कलम चलाउँला भन्ने थियो मलाई । मदन पुरस्कार पुस्तकालयभित्र पसेर किताप चाल्न पाइयो भने राजा जयपृथ्वी-बहादुरको मात्र होइन भगवानको पनि व्यक्तित्व केलाउन सकिन्छ भन्ने मेरो धारणा थियो । यसै बीच पुस्तकालयमा पस्न पनि नसक्ने गरी मेरो खुट्टो भाँचियो । तीन महीना कसरी उड्यो पत्तै भएन ।

तर 'व्यावहारिक व्यक्तित्व' मेरो नाममा टाँगिएकै थियो । सकिन्न भन्न सजिलो थियो । तर लेख्ने काम र खुट्टाको सम्बन्धको व्याख्या गर्न नसकिने भयो । अनि जुन व्यावहारिक व्यक्तित्व मेरो मनमा फुऱ्यो त्यो राजा जयपृथ्वीबहादुरको नभएर मेरै पो हुनपुगेछ– जे भए पनि कोरिदिने व्यावहारिकता! त्यो यसरी–

हामी मणिहरू चन्द्रशमशेरका मान्छे !

राजा जयपृथ्वीबहादुर सिंह भन्ने नाम हाम्रो घरमा चल्दैनथ्यो । बझांगी राजा अवश्य भनिन्थ्यो तर साउतीमा मात्र । ससुरासँग बाझेर जाने बझांगी राजा हामी मणिहरूका लागि बागी नै थिए । म जान्ने हुँदा चन्द्रशमशेर मरिसकेका थिए ।

भीमशमशेर पनि मरेर जुद्धशमशेर राजा भइसकेका थिए तापनि बझांगी राजाको कुरा गर्दा बाजेहरू अरू सानै स्वरमा गर्नु हुन्थ्यो ।

यसरी राजा जयपृथ्वीको व्यक्तित्वले ममा विकास गऱ्यो भनौं । मैले एउटा कुरा भने त्यसवेला बुझ्न सकेको थिइनँ– जय पृथ्वीबहादुर– 'बझांगी राजा' भए पनि उनकी पत्नीचाहिं कसरी बझांगी महारानी भइन् । पछि बुझें । उनी महाराज चन्द्रकी जेठी छोरी भएकीले रहेछ । राजा जयपृथ्वीको व्यक्तित्व बुझ्न अहिले यस कुराले सघाउ पुऱ्याउँछ । कवि लेखकहरूको तसबीर जम्मा पार्ने क्रममा मैले यी राजा र महारानीको संयुक्त फोटो फेला पारेको छु । महारानी र राजाको व्यक्तित्वको अन्तर त्यही सानो तसबीरले पनि बताएको छ भनौं ।

त्यसो त राजा जयपृथ्वी– बझांगी राजा– को फोटो मैले पहिलेदेखि नै घरैमा देख्तै आएको हुँ । महाराज चन्द्रसँग बेलाइत जानेहरूको ग्रुप तसबीर हाम्रो घरमा पनि थियो । त्यसमा दुब्लो पातलो एउटा ठिटोले अनुहार राजा जयपृथ्वीको थियो । चन्द्रशमशेरले अक्सफोर्डबाट डाक्टर अफ ल को इज्जत पाउँदा खिचिएको तसबीरमा पनि यिनलाई देखिरहेको हुँ मैले ।

तर, यसपछि धेरै वर्ष राजा जयपृथ्वीसँग मेरो सम्पर्क छुट्यो । म भारततिरै अलमलिएँ । दश सालमा प्रजातन्त्र आइसकेको नेपालमा फेरि पसेपछि भने त्यो सम्बन्ध त्यसै फेरि जुट्यो । सम्बन्ध जुटाइदिने मुख्य मान्छे हुनुहुन्थ्यो बाबुराम आचार्य, इतिहासज्ञ शिरोमणि । मदन पुरस्कारको स्थापनाकालतिर उहाँ जस्ता नेपाली विभूतिको घर हाम्रा लागि तीर्थस्थल भएको थियो । त्यहीं उहाँले राजा जयपृथ्वीबहादुर सिंहको वास्तविक व्यक्तित्वसँग मेरो परिचय गराइदिनुभयो– नेपाली भाषाका अनन्य भक्त, देशप्रेमी, जयपृथ्वीसँग । चन्द्रशमशेरका

ब्वाईं बढांगी राजा अब मेरा लागि धमिलो सम्झना मात्र बाँको रहे। 'अक्षरांक शिक्षा' का राजा जयपृथ्वी टङ्कारो भएर देखा परे।

'गोरखापत्र'को नालीबेली खोज्न थालेपछि राजा जयपृथ्वी-को व्यक्तित्व अरु खारिँदै आयो मेरो मानसपटमा। गोरखापत्र कार्यालयमा रहेका पुराना कागजपत्र सनद सवालहरू सम्पादक प्रेमराजले पढ्न दिएपछि त मैले राजा जयपृथ्वीको बारेमा कलम चलाउन परिहाल्यो। उनको व्यक्तित्वको नयाँ पक्ष उद्घाटन गरें भनेर म त्यसवेला मख्ख परेको थिएँ। 'गोरखापत्र'को पाँचौं अंकमा 'अक्षरांक शिक्षा' को तारिफमा देवशमशेरले 'चाकरी भनेको यस्तो गर्नू' भनेर राजा जयपृथ्वीको गुणानुवाद गरेको फेला पार्दा–[१] अहिलेसम्म बदनाम 'चाकरी' शब्दको नै नयाँ परिभाषा पत्ता लागेको जस्तो लागेको थियो। देश सेवाको पर्यायवाची रूपमा चाकरी शब्दको प्रयोग पचाउन सकिन्नथ्यो होला। तर राजा जयपृथ्वीको सन्दर्भमा भएकाले त्यो शब्द नै सम्मानित भएको मानेकोथिएँ मैले। एक जनाको व्यक्तित्वले शब्दार्थमा नै ओज थपेको थियो। राजा जयपृथ्वीलाई पढ्न चाहनेहरूको लागि यो ठूलो बूँदा हो।। व्यावहारिक व्यक्तित्वको व्यावहारिकता!

ससुरा खलकसँग झगडा गरी निर्वासित जीवन बिताउने व्यक्तिलाई व्यावहारिक भन्न हुम्मे पर्छ। आफ्नो आदर्शमा त्यसरी टाँस्सिने मान्छेलाई ढिप्पीवाल, अव्यावहारिक भन्छन् सर्वसाधा-रणले। तर राजा जयपृथ्वी सर्वसाधारण थिएनन्। उनी आफ्नो आदर्शमा आफैं टास्सिएर बसेनन्। नेपाल छाडेपछिको उनको

---

१. सो 'गोरखापत्र'मा, अवश्य अक्षराङ्क शिक्षाको नाम छैन र त्यो वाक्य पनि महाराजको मुखबाट बोलाइएको छैन; तर सन्दर्भ मिलाउँदा अर्थ यही, यस्तै निस्कन्छ। – लेखक

सक्रियता नै यसको सबभन्दा ठूलो प्रमाण हो । उनको मानवतावादी संघ (ह्यूमानिष्टिक सोसाइटी) अन्ध आदर्श होइन, सक्रिय व्यावहारिकता हो ।

यस्तो व्यावहारिकता हाम्रा अरू कसैले लिन चाहेनन्, सकेनन् । श्री ३ लाई रिझाई चाँडो उन्नति गर्नमै हाम्रा बुद्धिजीवीहरू लागे । नेपालको दुर्भाग्य नै त्यही भयो ।

अरु दुर्भाग्यको कुरा के भने देशमा प्रजातन्त्र आएपछि पनि हाम्रो त्यो मनोवृत्तिमा परिवर्तन आएको छैन । जसरी हुन्छ छिटै उन्नतिको शिखरमा पुग्न मात्र हामी कस्सिएका हुन्छौं । चाकरी गर्ने परिपाटी हामीले फेरिसक्यौं । 'अक्षरांक शिक्षा'का लेखकले अहिले यस्तो देख्न परेको भए के पर्दाहुन् ! व्यावहारिकताको परिभाषा बदलिएछ भनी चुप लाग्दा हुन् ? अचम्म लाग्छ ।

[ जयपृथ्वी पुष्पाञ्जली, २०३७ ]

# त्यो पछिलाई

पाँच सालमा बी. ए. पढ्न भनेर बनारस गएको थिएँ म। तर विद्यार्थी भएकोले मात्र होइन, राणाको दाना खाएर हुर्केकोले पनि, कांग्रेसी कुरा नसुन्नू, कांग्रेसीको संगत नगर्नू भन्ने कडा उर्दी थियो। त्यसैले मलाई विश्वबन्धु थापाले एक पटक बिडला होष्टलमा भेट्ने खबर पठाउँदा मैले 'त्यस्ता कांग्रेसीलाई को भेट्छ ?'। भनेर जवाफ दिएको सम्झन्छु। त्यसपछि बिस्तारै मुटु सूरो हुँदै आएर होला हिरवा (राजेन्द्रप्रसाद नेपाल) ले एक पटक शहीद दिवसको प्रभातफेरि आयोजना गर्दा "शुक्रराज, धर्मभक्त इन्किलाब जिन्दाबाद" भन्दै हिन्दू विश्वविद्यालयको परिक्रमा गर्नपुगेको थिएँ। कांग्रेसी नेतामा यिनै विद्यार्थीबाहेक मैले अरूलाई भेट्नु परेन। तर एक दिन ईश्वर बरालले गणेशमानजीलाई हाम्रै होष्टेलमा ल्याइपुऱ्याउनु भयो। मेरो कोठामा पनि गणेशमानजी आउनुभयो। त्यत्ति हो। बी. पी. अथवा त्यस बेलाको शब्दावलीमा विश्वेश्वर बाबुलाई मैले बनारसमा देखिनँ। त्यसपछि म कलकत्ता गएँ। नेपालमा क्रान्ति भयो। फागुन ७ गते आयो। उहाँ मन्त्री हुनुभयो, मैले बी. पी. लाई देखेकै छैन। भरतशमशेर-काण्ड भयो। गोर्खादल व्याण्ड भयो। सबै कलकत्तैमा पढें मैले। त्यसपछि मातृका बाबु प्रधानमन्त्री हुनुभयो। त्यसको केही दिनपछि एक पटक सात दिनलाई म घर आएको थिएँ। नेपाल रेडियो सुनें– पहिलो बाजी। खबरमा 'विश्वेश्वरप्रसाद कोइरालाले भने ... इत्यादि' भनेको सुनें। एउटा नेतालाई त्यसरी

'तिमी' उच्चारण गरेको चित्त बुझेन र एउटा चिठी लेखें रेडियो-लाई– छद्म नामले । रेडियोले त्यो चिठोको जवाफ पनि दियो– अलि लाज मानेजस्तो गरेर ।

मेरो पहिलो साक्षात्कार त्यस नामसँग भएको त्यसैवेला हो । सम्मुख परी कुराकानी हुन त अरू ७–८ वर्ष लाग्यो । मैले बी. पी. को खिचेको पहिलो तसबीरमा उहाँले हस्ताक्षर गरि-दिनुभएको छ । त्यसमा मिति छ २२–५–५६ । २०१६ साल जेठ ८ गते । त्यसको केही दिनअघि मैले त्यो खिचेको हुँला । भनेपछि सोह्रसाल बैशाखमा हुनुपर्छ मैले उहाँसँग पहिलो पटक भेटेर कुरा गरेको । कुरा के भयो सम्झना छैन । तर धेरै कुरा हुन सम्भव छैन पनि । किनभने त्यसवेला आमचुनावको नतिजा निस्किसकेको छ, प्रधानमन्त्रीमा उहाँको सपथ ग्रहण भएको छैन [1] । उहाँलाई भेट्ने मान्छेको जैले पनि धुइरै हुने– विदेशी र स्वदेशी, पत्रकार र कर्मचारीहरू । मैले तसबीर खिचेको श्रीदरबारमै हो, कुनै बिहे थियो घरमा । त्यहाँ उहाँ निमन्त्रित हुनुहुन्थ्यो– मेरा पिताजीको मामा भएर ।

मैले बी. पी. सँग दोहोरो कुरो गरेको २०१७ साल मंसीर-को २४ गते हो । मिति कण्ठै छ मलाई किनभने त्यसको ठीक एक सातापछि नै उहाँ पकडाउ पर्नुभयो – पुस १ गतेको ऐतिहासिक काण्डमा ।

---

१. २०१५ सालको आम-निर्वाचनको आखिरी नतिजा निस्केको २०१६ साल बैशाख २८ गते हो र कांग्रेसी मन्त्रिमण्डलले सपथ ग्रहण गरेको जेठ १३ गते हो तापनि बैशाख लाग्दा नै जस्तो उहाँहरूको पार्टी बहुमतमा आएको थाहा भैसकेको थियो । पार्टीले बैशाख २१ गते नै बी. पी. लाई संसदीय नेता चुनिसकेको थियो र जेठ १ गते उहाँलाई श्री ५ महेन्द्रले बोलाई मन्त्रिपरिषद् गठन गर्नेबारे कुरा गरिसकिबक्सेको थियो । – ले.

त्यो मंसीर चौबीस गते पनि मैले उहाँको तसबीर खिचेको छु– चल्ने तसबीर, चलचित्र, रंगीन– १६ मिलिमिटरमा । त्यो दिन मैले उहाँको भाषण टेप पनि गरेको छु । त्यस दिन उहाँले बोलेको कुरा भविष्यवाणि जस्तो भएको छ तर अर्कै पाराले । बी. पी. ले बोल्दै, शुरूमै भन्नु भएको थियो– आज नेपालमा एउटा नौलो क्रान्ति आउन थालिरहेछ– यो समयको गतिसँग जो हिँड्न सक्छन् ती अड्ने छन्, जो समयसँग चल्न सक्तैनन् ती पुरिने छन् । इत्यादि । शब्द त दोह्रोन्याउन सक्तिनँ तर भाव यही थियो । सन्दर्भ रानी जगदम्बाको थियो । उहाँले आफ्ना भतिजा पिताम्बर शमशेरसँग नगद दिएर निखनी (श्रीदरबारको पश्चिम लङ) श्रीमहल श्री ५ को सरकारलाई प्रदान गर्नुभएको थियो । त्यसैको लागि आयोजित थियो त्यो समारोह । रानी जगदम्बायो त्यो अनुदान अनुपम ठहरिएको थियो । किनभने कृषि कलेज र अनुसन्धान केन्द्र चलाउन २५।३० रोपनी जग्गासहित-को त्यो घर श्री ५ को सरकारलाई अर्पण गरिएको थियो । रानी जगदम्बाले देश विकास, देश-हितको लागि यो काम गर्नुभएको ठहराउनु भएछ– प्रधानमन्त्रि बी. पी. ले र यस्ता जनहितका काम गर्ने धनीवर्गहरूको कदर हुन्छ, अरूहरूलाई सरकारले कज्याउँछ भन्ने ध्वनी त्यो भाषणमा थियो । भाग्यको विडम्बना के भने सात दिन अधिमात्र सरकारको हातमा आएको त्यो कृषि कलेज भन्ने भवन सातै दिनपछि थुनुवागृहमा परिणत भयो । पुस १ गते समातिएका (कांग्रेसका शीर्षस्थ नेताबाहेक) अरू सबै मन्त्री नेतागण रहने भवन त्यही श्रीमहल हुनपुग्यो । नेताहरू कौशीमा घाम ताप्नबसेको हेर्थ्यौं हामी यतापट्टिबाट । उदेक लाग्थ्यो ।

कहाँ मेरो बी. पी. सँगको पहिलो भेटघाट, कुराकानीको कुरा गर्न थालेको कहाँ बन्दी र थुनुवामा पुगिएछ । त्यो होस् ।

सुन्दरीजलबाट उहाँ छुट्नु भएपछि पनि मैले बी. पी. लाई भेटेको होइन । 'तीन घुम्ती', नरेन्द्र दाइहरूमार्फत भेटेकोलाई के भेटेको भन्नु ?[1] न्यूयोर्कमा नै बी. पी. को क्यान्सरको उपचार भई फर्केपछि मात्र मैले उहाँको दर्शन पाएको हुँ । त्यो पनि एउटा करैले । बी. पी. डेन्भर जानुभएको वेला खिचेका तसबीरहरू मेरो दाजुले पठाइ दिनुभएको रहेछ । चाबेलमा पुऱ्याउनू भन्नु भएकोले पुगेको थिएँ ।

बम्बैमा केमोथेरापी शुरू भएपछि– बी. पी. नेपाल फर्केपछि भने म चाबेलको नियमित यात्री भएको थिएँ । बी. पी. ले बोलेको प्रत्येक वाक्य टेपमा भरियोस् भन्ने सल्लाह दिने एक जना बुझ्‌क म पनि थिएँ । त्यसको पनि कारण थियो । मेरो छोराले न्यूयोर्कमै बी. पी. को 'बायोग्राफी' (जीवनी) लेख्ने आयोजना गरिसकेको रहेछ । उसलाई सकेसम्म धेरै सामग्री चाहिने । त्यही कुरा बी. पी. लाई भनेथें । सक्तो सहयोग गरिदिन्छु भन्नुभएथ्यो । त्यो 'जीवनी' चाहिं ऐले भविष्यको गर्भमा रह्यो ।

मैले बी. पी. सँगको मेरो सम्पर्क कति छोटो थियो भन्ने देखाउन यहाँभन्दा बढी भन्नु परोइन ।

त्यसपछि चेतनाको विवाह । त्यो प्रसंगचाहिं छुट्टै विषय हुनेछ । त्यो पछिलाई !

[ पाक्षिक 'सुरूची', २०४१ असोज ]

१. हेर्नू 'उखान मिलेन', (२०३७) पृ. ६५–६६ ।

# नकोटचाऊँ

'त्यो पछिलाई'[1] भनी मैले बी. पी. को संस्मरणमा चेतनाको बिहेको प्रसंगलाई पन्छाउन खोजेको थिएँ । चेतनाको बिहे अनेक कुराले मेरा लागि महत्वपूर्ण रहेको हो – त्यसलाई म आफ्नो एकलौटी सम्झनाका लागि राख्न चाहन्थें । तर सकिएन । साथीभाइको आग्रह 'टारेर टर्दैनथ्यो' – कवि शिरोमणिको कालमहिमा जस्तै !

त्यो बिहेलाई धेरैले राजनैतिक बिहे भनेछन्, अनि दुलाहा चाहिं, प्रवीण मेरो भतीजो भएकाले म पनि राजनीतिमा संलग्न भएछु । दाजु भाउजू अमेरिकामा, आउन नसक्ने भएकोले बिहेको दुलाहापट्टिको अभिभारा ममा आइपर्‍यो । दाजुको चिठी आउनासाथ मैले चाबेलमा सम्पर्क राखें । त्यहाँ कुरा भए, त्यसपछि बनारसमा कुरा भए– कति पटक भेट्नुपर्‍यो ।

एउटा कुरा स्पष्ट पारूँ – मैले यहाँ पनि अघिल्लो लेखमा पनि जताततै 'बी. पी.' भनेर लेखे तापनि त्यो सम्बोधन मैले कहिल्यै पनि उहाँका लागि प्रयोग गरेको छैन । 'बी. पी.' मेरा लागि 'सान्दाजु' पनि कहिल्यै हुनुभएन । मैले उहाँलाई सम्बोधन गर्दा 'मामा' नै भनें । भन्नुपर्ने त अरू 'हजूर-मामा' हो तर

१. अघिल्लो निबन्ध ।

'मामा' भन्दा माथि जान म सकिनँ । 'बी. पी.' दुईतिरबाट मेरो मामा बाजे पर्नुहुन्थ्यो– मेरो पिताजीका पनि उहाँ मामा, मेरो सासूको पनि उहाँ मामा नै । कस्तो संयोग !

त, 'मामा माइज्यू' सँग धेरै पटक कुरा भए । हामी दुवै-तर्फको एउटै इच्छा थियो । बिहे सूक्ष्म होस् । नेपाली बाहुन क्षेत्रीका घरको तीन दिने, पाँच दिने बिहे हामी दुवै थरिलाई अनुकूल थिएन । हामी एकदिने बिहेका पक्षपाती । त्यसैले एउटा कार्यक्रम तयार भयो । दाजु भाउजूका गुरू कविप्रसादजीको पुराणकुञ्ज देवपाटनमा समारोह सकिने भयो । जन्ती जाने, स्वयम्बर गर्ने, दुलान फर्काउने केही हुने भएन । दुलाहालाई हामीले र दुलहीलाई उहाँहरूले बिहान 'कुञ्ज' मा पुर्‍याइदिने । त्यहाँ १।२ घण्टामा जे गर्नुपर्ने वैदिक विधि गरी विवाह सकिने । अनि दुलही भित्र्याउने । बेलुका रिसेप्सन । कुरा मिल्यो ।

परम्परा जोगाउने एउटा लोभ लाग्यो मलाई । रमाइलो पनि हुन्छ, 'केटी माग्न जाने' अथवा 'पान सुपारी खाने' एउटा समारोहचाहिं गर्ने प्रस्ताव गरें । सबैले हुन्छ भन्नुभयो । तर, के गर्नु पर्छ-अरे ! मैले बताएँ । हाम्रो घरमा यस्तो परम्परागत विवाह नभएको धेरै भयो, सम्झेकै छैन भन्नुभयो 'मामा माइजू' ले । 'अरू के गर्नुपर्छ भनिदिनुस्, ग्राल नपरोस्' रे– 'मामाले'।

यो बोल्ने बी. पी. कोइराला होइन चेतनाको बुबा हो भन्न लाग्यो मलाई त्यसबेला । उहाँजस्तो मान्छेलाई, त्यत्रो विराट व्यक्तित्वलाई, पनि आफ्नो छोरीको लागि त्यति चिन्ता हुँदोरहेछ ! आफ्नो एकमात्र छोरीलाई घर खान अप्ठेरो नपरोस्, दाम्पत्य जीवन सुखमय होस् भन्ने कत्रो चिन्ता हुँदोरहेछ । मानव मनको भित्री तहमा पुग्न सके यस्तो नपत्याइसक्नु कुरा पनि छर्लङ्ग देखिँदोरहेछ भन्दै फर्कें म ।

'मामा' लाई 'माइजू' लाई 'गाल नपरोस्' भन्नेतर्फ सतर्क हुनु थियो मैले; साथै उहाँहरूलाई अनर्थक रुवाउलो नलागोस् भन्नेतर्फ पनि। काठमाडौंका संभ्रान्त बाहुन परिवारका बिहेमा बढ्दै गएको खर्चिलो प्रथालाई जरैदेखि उखेल्नु थियो — केही नभए पनि उदाहरण बन्नु थियो। तरवारको धारमा हिंडे-जस्तो थियो मलाई, अलिकति पनि चिप्लनु नहुने ! तर गरियो जे जसो भए पनि। गाल पनि परेन, जाल पनि गरिएन।

हो त्यो 'केटी माग्न जाने' दिन चाहिं निकै रमाइलो भयो। एउटा सानो मोटरमा अटाउने पाँच जना ब्राह्मणहरू पुग्यौं ब्यौलीका घर। उतापट्टि आइमाई धेरै हुनुहुन्थ्यो। लोग्ने-मान्छेमा मुख्य 'मामा', गिरिजा, गणेशमानजी, कृष्णप्रसादजी, गणेशराजजी र चेतनाका दाजुहरू। केटी माग्न आउनेहरूसँग कसरी कुरा गर्नुपर्छ भन्ने किसुनजीलाई थाहा रहेछ, भरखरै जस्तो आफ्नो भतिजाको बिहेमा 'कन्यार्थी' भएर जाँदा सिक्नु-भएको रहेछ। एकछिन नाटक भयो। किसुनजीले सोध्नुभयो — यहाँहरू किन पाल्नुभयो ? हाम्रो साथमा जानुभएका पण्डित लक्ष्मीप्रसादले जवाफ दिइहाल्नु हुन्छ भनेर म ढुक्क थिएँ– उहाँले भकुण्डो मतिर हुत्याइ दिनुभयो। भन्नुभयो– "खोइ म त घर-बाट आउँदै थिएँ कमलबाबुले हिंड्नोस् पशुपतितिर घुम्न जाउँ भन्नुभयो र साथ लागी आएको हुँ।" यति भएपछि मैले चुपो लागेर बस्नु भएन र मैले भनें– "यहाँ एक जना राम्री पढे-लेखेकी बिहे गर्ने उमेरकी खासा कन्या छन् रे भन्ने सुनेको थिएँ। मेरो पनि एउटा भतिजा छ– बिहे गर्ने उमेरको– कुरो मिल्छ कि भनेर बुझ्न आएको।" किसुनजीको अर्को प्रश्न भयो "अँ, हो राम्री, विदुषी कन्या छन् हाम्रो घरमा। तपाईंको भतिजा कस्ता छन् नि ?" यस्तै यस्तै कुरा भए– हाँसो हाँसोबीच। 'मामा' पनि हाँसिरहनु भएको थियो। तर त्यो दिन 'मामा' को

स्वास्थ्य खराब हुन थालिसकेको रहेछ । उहाँ खाली लवेदा सुरुवाल मात्र लाएर बस्नुभएको थियो । नेपाली लुगामा कोट र टोपी नलाईकन बसेको मैले उहाँलाई कैले पनि देखेको थिइनँ । एकैछिन कुरा भएपछि किसुनजीले केटीको बाबुलाई सोध्नुभयो– "केटा बेसै रहेछन्, हामीलाई त योग्य लाग्ने चेतना उनैलाई दिने हो त ?" 'मामा' ले हुन्छ भन्नुभयो । बाग्दान सकियो । हामीलाई गिरिजा बाबुले रातो दही अक्षता– अबीरको टीका लगाइदिनुभयो । हरियो बोतामा जनै सुपारी र रूपियाँ हालेर दक्षिणा दिनुभयो । मैले भनें– यो डबललाई त सेफमा लगेर राख्नुपर्छ । किसुनजीले भन्नुभए जस्तो लाग्छ– 'राजनीतिज्ञको घरबाट लैजाँदै हुनुहुन्छ– डबल असूल गरूँला हामी ।' हाँस्दै फर्क्यौं ।

बिहेको धार्मिक कार्यहरू सबै 'कुञ्ज' मा हुने भइसकेको थियो । त्यहाँको बन्दोबस्त बुझ्न जाँदा कविप्रसादजीले एउटा अनुरोध गर्नुभएको थियो– "मैले विश्वेश्वर बाबुको दर्शन पाएको छैन– एक पटक उहाँको दर्शनको अभिलाषा छ ।" त्यो सन्देश मैले 'मामा' लाई टक्र्याएँ । सकें भने म अवश्य जानेछु, एक पटक बिहेको दिनमा भन्नुभयो । कविप्रसादजीलाई मैले त्यो वचन पुऱ्याई दिएको थिएँ । तर 'मामा' ले आफ्नो वचन पूरा गर्न सक्नु भएन । कुञ्जमा जान पाउनु भएन । बिहेको तीन चार दिनअघि नै उहाँलाई दिल्ली लगियो, नलगी भएन । दुलही पट्टी बिहेको सारा अभिभारा गिरिजा बाबुले बोक्नुपऱ्यो । दुवैपट्टी कार्यवाहक सम्धीहरू मात्र भए बिहेका दिन– उतापट्टी गिरिजा बाबु यतापट्टि म ।

बिहेभरि नै सबैलाई खल्लो भयो । ब्यौलीका बाबु नै नभएको बिहे ! तर बिहेका दिन 'मामा' को मनचाहिं यहीं पुगिरहेको थियो क्यारे । एक मात्र छोरी चेतना, कण्ठकी

आधार– उनको बिहेमा आफू नहुन पाउँदा 'मामा' लाई कस्तो भयो होला । छोरोको बिहे– 'मामा' को जीवनको सबभन्दा महत्त्वपूर्ण पारिवारिक कार्य रहेछ । त्यो नसकी जानुपर्ला भन्ने उहाँको आशंका एक दिन प्रकट भयो । 'मामा' ले ब्यौलो हुने प्रवीणको अगाडि चेतनालाई गिज्याउनु भएछ– "यल्लाई मेरो बिहे नगरी दिई बाबा मर्नु होला भन्ने डर थियो, वल्ल खुशी भई ।" रे ! वास्तवमा डर चेतनालाई होइन 'मामा' लाई रहेछ । त्यसैले यतिसम्म राम्रो पढेलेखेको केटोसँग चेतनाको बिहे हुन लागेकोमा उहाँलाई आत्मासन्तोष भएको थियो । यो कुरा पछिबाट पनि खुल्दै गयो । बिहे भइसकेपछि 'मामा' दिल्लीबाट फर्केपछि, 'मामा' लाई बिरामी कोठामै भेट्न पुगेको थिएँ म एक दिन । भन्नुभयो 'म साह्रै खुशी छु– चेतना इज भेरी ह्यापी इन योर हाउस ।' प्रेम-विवाह नभएर पनि यति मिलेको जोडी देख्दा उहाँलाई खुशी लागेको रहेछ । दुलाहा दुल्हैको राम्रो मन मिलेको उहाँले बुझ्नु भएछ । त्यसैले मामा साँच्चै नै प्रसन्न हुनुहुन्थ्यो । मलाई त्यस्तै लाग्यो ।

त, माथि नै भनें यो बिहेलाई 'पोलिटिसाइज' गर्ने धेरै कोशिश भएछ । एक जना मेरा आफन्तले त निम्ता पाएपछि भनेछन्, पहिले त कांग्रेसको मामै सुन्नु हुँदैनथ्यो त्यो घरले, अहिले यो के भएछ ! अरे ! ती मेरा आफन्तले जस्तै धेरैले एउटा कुरा बिर्से जस्तो लाग्यो । यो बिहे मणि र कांग्रेसको थिएन । निम्तोले पनि त्यसो भन्दैन । कमलमणि आ. दीक्षितको नामबाट छापिएको त्यो निम्तामा यस्तो लेखेको थियो– "दाजु श्री प्रकाशमणि आ. दीक्षितका कान्छा छोरा चिरञ्जीवी प्रवीणमणिको शुभ-विवाह श्री विश्वेश्वरप्रसाद कोइरालाको सौभाग्यवती छोरी चेतनासँग भएको उपलक्ष्यमा भेटघाट तथा

चियापानको लागि श्री...... को उपस्थितिको हार्दिक अनुरोध गर्दछु ।"

भन्न नपर्ला ती मेरा विद्वान् आफन्त त्यस भेटघाटमा सम्मिलित भएनन्– आशीर्वाद पनि पठाएनन् । राजनीतिमा के घुसे जस्तो ! दिक्क लागेको थियो । तर अब त त्यो इतिहास भइसक्यो । निम्तामा जसको नाम पर्दा यो 'पोलिटिक्स' घुसेको थियो, त्यो व्यक्ति नै बिलाइसकेपछि अब त्यसबारे भन्नै पनि के र ! बिहेको लगत्तै पछि त त्यस महान् व्यक्तिको शवयात्रामा पो लागियो । त्यो दिक्क लाग्ने प्रसंग यहाँ नकोटघाऊँ ।

[ त्रैमासिक 'अरुणोदय', वर्ष १९ अंक ४–५, २०३९ ]

सात बजेर दुई मिनेट जति मात्र गएको थियो मेरो घडीमा, म चाबेल पुग्दा । बाहिर सडकदेखि नै मान्छेको भीड थियो । बी. पी. लाई एम्बुलेन्समा एयरपोर्टबाट घर ल्याएको आधा घण्टा जति भएको रहेछ । बाहिरदेखि भीडलाई छिचोल्दै पुगें । साँझ परे पनि अलि अलि उज्यालो बाँकी नै थियो तर, मान्छेको मुख सबै अँध्यारो । कतिका त आँखा भिजेका पनि देखें । तर कसैलाई थाहा छैन माथि बिरामी कोठामा के भइरहेछ । पर्दा लागेको दक्षिणपट्टिको कोठामै छन् सबैका आँखा । माथि ठूलो कोठामा धेरै मान्छे छैनन् तर बरण्डामा टन्नै छन् । बरण्डाबाट मलाई देखेर कसैले माथी आउन बोलायो । भरखरै सम्धी जस्तो हुनपुगेकाले (हेर्नू निबन्ध 'नकोटचाऊँ' अरूणोदय, बी. पी. विशेषांक), म बिरामी हेर्न माथि जान पाउने थोरै व्यक्तिमध्येको भएको थिएँ । तर माथि जान लाग्दा मलाई आफैंले अपराध गरेजस्तो लाग्यो । बी. पी. सँग वर्षौं घुंडा जोरेर बस्ने, ज्यान हत्केलामा राखेर काम गर्ने सयौं कार्यकर्ता तल, म अस्तिको सम्बन्धी माथि, अन्याय हो भन्ने लाग्यो तर लाग्दा लाग्दै म माथि पुगें । सधैं फुकाल्ने ठाउँमा जुत्ता फुकालें । बरण्डा नाघेर पसें । हलमा चन्द्रशेखरजी मात्र हुनुहुन्थ्यो । मेचमा बसिरहनु भएको । नमस्ते गरें । हेरें आँखा उहाँको पनि रसिला छन् । गिरिजा बाबु भित्रबाहिर गर्दै हुनुहुन्थ्यो । डा. मृगेन्द्रराज पाण्डे भरखर आएर भित्र

पर्नुभएको रहेछ । डाक्टरले यसो भन्यो, यसो गर्दैछ, भनेर गिरिजाबाबु बीच बीचमा चन्द्रशेखरजीलाई बताउन आउनुहुन्छ । अनि अलि पछि डाक्टर शशांक (मुन्ना) पनि बाहिर आउनुभयो । भन्नुभयो– "अहिलेसम्म आर्टिफिसियल रेस्पिरेशन दिएर राखेको छ, त्यो छिनासाथ रहनु हुन्न । त्यो कतिबेर गरिरहने ? छिकिदिने कि भन्नुहुन्छ डाक्टर साहेबहरू ।" एकैछिन घोरिनुहुन्छ चन्द्रशेखरजी, गिरिजा बाबु । अनि– अब कृत्रिम सास फेराएर नराख्ने निर्णय हुन्छ । एकै छिनपछि डाक्टर मृगेन्द्रराज निस्कनुहुन्छ । भन्नुहुन्छ– "दुई तीन पटक 'हार्टबिट' आउने जाने गर्‍यो म आएपछि पनि; अबचाहिं हामीले कोशिश छाडिदियौं– के गर्नु यस्तै हो संसार !" गिरिजा बाबु सोध्नुहुन्छ– "बाहिर मानिसहरूलाई भनिदिऊँ ?" डाक्टरसाहेब भन्नुहुन्छ– म गइहाल्छु, पाँच मिनेटपछि एनाउन्स गरिदिनू !"

त्यस्तै हुन्छ । गिरिजा बाबुले बरण्डामा आएर कसरी के भन्नुभयो– अखबारहरूमा उसैवेला छापिसकेका छन् । म नदोहराऊँ । बाहिर पर्खिरहेकाहरूको कोलाहल रूवाई, मुर्छा सबै अरूले नै बेलिबिस्तार गरिसकेका छन् । त्यो पनि म नभनूँ । माथि कोठाबाट चाहिं त्यसपछि चन्द्रशेखरजी पनि आँखा पुछ्दै बाहिर निस्कनुभयो । कता जानुभयो थाहा पाइनँ ।

तर कोठाको वातावरण पाँच मिनेटमै अर्कै भयो । अघिसम्मको घरभरिको किंकर्तव्यविमूढता, छटपटी, विह्वलता स्वाट्टै बढारे जस्तो भयो । नभई नहुने कुरा, तर हुन नपर्ने कुरा, भइहाल्यो, एउटा विराट पुरुष गइहाल्यो– अब कामको वेला आयो भने जस्तो देखियो । त्यो कोठा अब बिरामी कुर्ने कोठाबाट एकै छिनमा कर्मठ कार्यकर्ताहरूको कार्यालय हुनपुग्यो । भिजेका परेलाहरू निमेषमै अठोट र निर्णयमा अनुवाद भए । 'सान्दाई

अब हुनुहुन्न ' भएको दश मिनेट नबित्तै स्विच थिचे जस्तै गरी कामको टुङ्गो लाग्न थाले-- एक पछि अर्को । " सान्दाइको पार्थिव शरीर अहिले आठ बजे तल हलमा ल्याएर दर्शनार्थ राखिन्छ " उद्घोषण हुन्छ । बरफ लिन मोटर गइसक्यो लाश-सँग राख्न । फलाना त्यसका निमित्त खटिएका छन् । " भोलि बिहान सात बजेदेखि श्रद्धाञ्जली चढाउनेहरूलाई हल खुला रहनेछ ।" अर्को उद्घोषणा । आगन्तुक पुस्तिकाहरूको जिम्मा अर्का एक जनाको भइसक्यो । फेरि घोषणा हुन्छ– " भोलि ठीक तीन बजे शवयात्रा शहर परिक्रमालाई चलाइने छ । करीब सात बजे आर्यघाटमा दाहसंस्कार हुनेछ" । दाहसंस्कारको नामले बाहिर एक पटक फेरि कोकोहोलो हुन्छ । त्यो भित्र कोठामा सुनिन्छ तर त्यहाँ त्यतापट्टि ध्यान दिने कसैलाई फुर्सतै छैन । किनभने भोलि शवयात्रा जाने बाटो रूट तयार हुँदैछ । त्यो पनि तयार भयो । त्यसको २०–२५ प्रति तयार गर्ने अर्को समूह हाजीर छ । "ने.वि. संघका साथीहरू १५ जना आज राती तल हलमा बस्नको लागि तयार हुनुहोस्, अरूहरू कार्यालयमा जानुहोस्, त्यहाँ काम छ ।" यति भनेको पाँचै मिनेटमा ती पन्ध्र जना स्वयम्सेवकको नाम पढिन्छ बरण्डाबाट । " भोलिको नारा यति चार ओटा मात्र–" नाराको उल्लेख हुन्छ । " सान्दाजुको तसवीर छ– त्यहाँ पार्टीको अफिसमा । ती ४–५ सय ओटा पोस्तामा टाँसेर तयार पार्नुहोस् तपाई (फलाना) ले" अर्को आदेश । आदेशहरू दनादन निस्कँदै पनि छन्, काम काममा खटिने खटिंदै पनि छन् । पार्टी-को काम कसरी चल्छ मलाई थाहा छैन– मैले कल्यै देखेको छैन पार्टीको कार्यविधि । तर लाग्यो, राजनीतिक पार्टी भए यसै गरी काम हुँदो हो । अचम्म लाग्यो ।

यसै बीच बिरामी कोठको कायापलट भइसक्यो । बिरामी-का लागि राखिएका सलाइन युनिट, सक्सन मशीन, प्यान, प्यानेल

सबै कोठाबाट हटिसके । स्वर्ग हुनेबेला बाँया कोल्टे परेर केही कुम्रुक्क खुम्चिएको शरीरलाई सोझो उत्तानो सुताएर घाँटीसम्म सेतो तन्नाले छोपेको छ । केही पहेंलो रंगको उज्यालो मुख मात्र तन्नाबाहिर देखिन्छ । नजीकका परिवार र घनिष्ट मित्रहरूलाई एक एक गरी बिरामी कोठामा गई दर्शन गर्न भनियो । बी. पी. का को आफ्ना, को पराई, को घनिष्ट मित्र, को अरू ! बरण्डा-देखि लाम लाग्यो । भऱ्याङदेखि लाम, भऱ्याङको खुड्किलोपिच्छे-को लाम लाग्यो । रोकी साध्य भएन । अनि पार्थिव शरीरलाई तल ल्याइयो । किसुनजी, वासुजी, ओमकारजीहरूसँग त्यसपछि म पनि पाटनतिर आएँ ।

भोलि विहान सात बजे भन्ने त कुरामात्रै भएछ ! रात-भरि नै श्रद्धाञ्जली चढाउन आउनेको ताँती टुटेनछ ! रात बित्यो, विहान भयो– दिउँसो भयो लाम छुट्दैन । फूलले कोठै भरिइसक्यो । अब शव-यात्राको बेला भयो । मभने जयबागी-श्वरीभन्दा भित्र छिर्नै सकिनँ । त्यहींबाट अर्थीको पछि लागियो । चार घण्टा लामो शव-यात्रा, शोभा-यात्रा ! प्राध्यापकहरू फेला पारें मैने सहयात्री । एकपछि अर्का विद्वान्बाट ज्ञान लिदै गुन सिक्दै हिंडियो । दिवंगत व्यक्ति कति महान् थियो, कति श्रद्धेय थियो बुझ्दै हिंडियो । हिंडिरहियो– त्यो ऐतिहासिक ट्रकलाई पच्छ्याएर । बाटामा एक इञ्ची खाली ठाउँ छैन । घरका झ्याल, कौशी बार्दलीहरू त्यस्तै भरिएका छन् । मन्दिर पनि खाली छैन । दर्शनार्थीले तिल राख्ने ठाउँ छैन । मैले कहिल्यै नदेखेको काठमाण्डौंको त्यो शोभा हेर्दै, फनक्क शहर घुमेर आर्यघाट पुगियो ।

आफ्नै श्रद्धाले गर्दै थिएँ म यो परिक्रमा । कसलाई देखा-उनु पनि थिएन, कसैसँग लुकाउनु पनि थिएन । भए, पांग्राको

प्रयोग गरेर पनि श्रद्धाभाव देखाउन सकिने थियो, छेकारो काट्ने ठाउँ प्रशस्त थिए । भनि पेटीमै उभिइराखेर पनि, झ्याल बार्दलीको सहारा लिएर पनि, फिर्ती जुलुसमा सम्मिलित हुन सकिन्थ्यो पूरै यात्राको फलप्राप्ति हुन्थ्यो । तर त्यसो गरिएन । भनौं त्यतापट्टो ध्यानै गएन । गह्रौं मनले पछि मात्र लागिरहियो । तर धेरैलाई देखियो, धेरैलाई चिनियो । सरकारी छड्केका डरले कोही अफिसै रूङ्गेर बसेका, कोही आधा बाटो पछिलागेका । कोही साँच्चै नै रोईरहेका । पत्याउनै नसकिने मान्छेहरू 'बी. पी. को सपना साकार पार्छौं' भन्दै उफ्रिरहेका । कलेजका लुगामै कलिला नानीहरू 'प्रजातन्त्र ल्याउनु छ– देशलाई बचाउनु छ' भन्दै कुर्लेका । यी सबैले मनमा नबखानी सक्नु के भाव बोकेर ल्याउँदा रहेछन् । मलाई अनौठो अनुभव भइरहेथ्यो ।

हेदाहेर्दै, हिँड्दाहिँड्दै जुलुसमा धेरै पछाडि परिसकिएछ । आर्यघाट पुग्दा छिचोल्नै नसकिने भीड थियो । पारि मृगस्थलीतिर उक्लेर पनि केही सीप लागेन । उत्तिकै भीड ! केही देखिएन । जङ्गलै उज्यालो हुने गरी कहिलेकाहिँ तसबीर खिचेको फ्ल्यास र कैले सिनेमा खिचेको बत्तीको मात्र आकाश-दर्शन हुन्थ्यो बीचबीचमा । अरू सबै टाउकै टाउका ! नेता त कता कता !

केही नदेखेपछि मृगस्थलीबाट बिस्तारै ओर्लें । तर तल पूल पार गर्न फेरि त्यत्तिकै गाह्रो भयो भीडले । बल्ल बल्ल पार भएपछि फर्केर हेरें । मान्छेका टाउका माथिबाट धूवाँ उडेको देखें । चिता सल्किसकेछ ! धुवाँ ! बी. पी. ! मन अमीलो भएर आयो । त्यति ठूला मानिस पनि धुवाँ भएर उड्नु पर्दो-रहेछ भन्न लाग्यो । वैराग्य शायद यसैको नाम हो ।

हिँड्दै कविप्रसादजीको 'कुञ्ज' निर आइपुगें । अस्ति भरखर भएको चेतनाको बिहे सम्झें (हेर्नू! उही निबन्ध'नकोट्याऊ")।

अनि अकस्मात् मेरो मनले सुव्वा बीरेन्द्रकेशरीको एउटा श्लोक सम्झनपुग्यो । भरखरै आर्यघाटमा देखेको धुवाँसँग एकदमै मेल नखाने 'सूक्तिसिन्धु'को त्यो श्लोकले ऐले किन यसरी टाउको उठायो? म जिल्ल परें । उकालो उक्लेर जयवागीश्वरी पुगुञ्जेल त्यही मनमा आइराख्यो – यो वैराग्यको बेलामा यस्तो श्लोक किन ? केही अर्थ लगाउन सकिनँ । मोटर त्यहीं कुनामा थियो । तर पाँच घण्टाअगाडिको त्यो भीड खोई अहिले ? ए, त्यो भीड त शहरभरि छरिइसक्यो, अलिकति आर्यघाटतिर बाँकी छ । अलि सन्तोष लाग्यो ।

खिन्न मनले मोटर चलाएँ । एक्लै घरतिर लागें । तर त्यस श्लोकले मलाई अरू छाडेन । मनमनै दोहराइरहें मैले–

"के गर्छन् अब मकुना,
नवार् नवार् छन् इ हस्तिनी पनि ता ।
मिर्द्धा दंतार जो हो,
पंजामा बाघका परिगो"

– सूक्तिसिन्धू (फेरि) पृ. ३

पुतलीसडक नाघेर सिंहदरबारतिर आउँदै थिएँ ब्ल्यांस्स भएँ, त्यो श्लोकको अर्थ खुल्यो मलाई ! कहाँको शृङ्गारी श्लोक हुनु ? त्यो त वित्पातको राजनीतिक तसबीर पो रहेछ अहिलेको नेपालको ! मेरोअर्धचेतन मन मल्लिनाथ भएछ– बीरेन्द्रको त्यो सूक्ति कालीदासको काव्य ! अनि श्लोकको अर्थ यसरी लाग्न थालेछ– मकुना भनेको सानासाना दाँत ननिस्केका हात्ती । नवार भनेको मस्त तरुनी । मिर्द्धा भनेको– मीर धाड-बथानको अगुवा, नाइके । दंतार भनेको दाँत निस्केको ठूलो बलियो मत्ताहात्ती । अब पूरा माने– यी हात्तिनीहरू मस्त तरुनी भएका छन्, अनि

हात्तीहरू भने सार्न छन् । बथानको अगुवा जो ठूलो बलियो मत्ता हो त्यसलाई चाहिं बाघले मारिहाल्यो । अब यी हात्तिनीहरू के गर्छन् ? सामान्य अर्थ यो । मेरो भित्री मनले चाहिं अलि गहिरो अर्थ लगाएछ । श्लोकको 'मिर्धा दंतार'– बी. पी. रे ! हात्तिनीहरू यो नेपालको राजनीति रे अनि मकुनाचाहिं बाँकी नेतागण रे ! (मलाई क्षमा गर्नुपर्ला हाम्रा श्रद्धेय नेतृवृन्दले– यसमा व्यक्तिगत छिटा पार्न सोचेको पनि छैन) भनेपछि त्यो श्लोकको माने यस्तो बस्ने भयो– मुख्य नेता बाघ, कालको पञ्जामा परिगो, यो तरूनो भएको अर्थात् संक्रमणकालको नेपाली राजनीतिलाई यी फुच्चेफुच्चे नेताहरूले कसरी समाल्लान् ?

साहित्य भनेको पनि गजबको कुरा हुँदो रहेछ । १९७० सालतिर वीरेन्द्रकेशरीले कुन परिस्थितिमा कोरेका श्रृङ्गारी भावलाई मेरो दुष्ट-बुद्धिले राजनितिक रंग दिनपुग्दा पनि ठ्याक्कै मिल्न जाँदोरहेछ ! विचरा वीरेन्द्रकेशरीको आत्माले के भन्ला मलाई, यस्तो अर्थ लगाउँदा ? वीरेन्द्रकेशरीकै किन ? बी.पी. कै आत्माले के भन्ला–

'मिर्धा दंतार जो हो
पञ्जामा बाघको परिगो' –अरे !

बाघको पञ्जा रे ! कस्तो बाघ-पञ्जा !

[ 'हाम्रो पुरुषार्थ', वर्ष ६, अंक ३, २०३९ असोज ]

# खोजिहेर्नु पर्‍यो

यो कुनै लेख होइन, निबन्ध होइन । अनुसन्धान होइन, भनूँन, राजनीतिक एउटा पर्चा मात्र हो ।

सबै कुरा पढ्न सकिदैन । पाइँदैन । पाइएको, पढेको कुराको पनि सधैं हेक्का रहँदैन । बिर्सिइन्छ । त्यसैले बोले– भनेका कुरा कहिले ढाँटेजस्तो पनि हुनपुग्छ । भएपनि, बेपारी बिल, नगद-रसीदमा पुछारतिर 'भूलचूक लिनेदिने' भने जस्तै एउटा वक्तव्य निकालूँ कि क्या ! यस्तो– नेपाली कथा–उपन्यास-हरूमा कतै पनि विश्वेश्वरप्रसाद कोइराला पात्र बनेर आएका छैनन् । किन होला ?

वक्तव्य निकाल्नासाथ स्पष्टीकरण दिइहाल्नुपर्ने नेताहरूको चलनअनुसार एउटा स्पष्टीकरण पनि निकाली हालूँ । यस्तो – कथा उपन्यासहरूमा कोइराला देखिएका छैनन् भनेको अर्थ, नामै किटिएर त्यसरी आउने वेला नभइसकेकोले– छद्मनाम, छद्म-रूपमा पनि उनी कतै चित्रित भएका छैनन् भनिएको हो; उक्त

वक्तव्यले कसैलाई भ्रम नपरोस् भनी यो स्पष्टीकरण दिइएको छ । इत्यादि ।

अरूले लेखेनन् भन्ने मात्र होइन, उनका आफ्नै कथा,[1] उपन्यासहरूमा पनि आफैं कोइराला झुल्केको देखेका छैनन् समालोचकहरूले । 'मोदिआइन' का 'म' दरभङ्गा जाने र बास बस्नेसम्म जरूरै लेखक आफैं हुनुपर्छ । तर त्यसभन्दा पछिचाहिं त्यहाँ पनि कोइराला छैनन् । कोइरालाका दर्शन, विचारधारा, यौन धारणाहरू अवश्यै छन् प्रत्येक कथा उपन्यासमा तर स्वयम् लेखक छैनन् । 'पवित्रा' का 'बाबु' मा अलिकति हुन् कि ? भए कति हुन् ? कसैले पत्ता लाउनुपर्छ ।[2]

कोइरालाले आफैंले आफूलाई कथाहरूमा उभ्याएनन् । बुझियो । बुझ्न सक्ने कुरा हो । तर अरूले किन चित्रण गरेनन् उनको चरित्र ? यो बुझ्न सकिंदैन । उनको व्यक्तित्व एक होइन अनेक कथा जन्माउन सक्छ । उनको लामो कारावासले छुन नहुने व्यक्तित्व भए कि उनी, 'पर्सना नन्ग्राटा', [लेखकहरूका लागि ? उज्यालो रंगमा पोत्न नसके कालो मैलो रंग त पोत्न सकिन्थ्यो नि उनलाई । त्यो पनि छैन । एकदम छैन त नभनिहालूं क्यारे । किनभने लीलाध्वज थापाले २००८ सालको पटभूमिमा लेखेको उपन्यास 'पूर्व स्मृति' (२०१६) को भैरवप्रसाद, कालिकाप्रसाद, ज्वालाजीहरूमा त्यसवेलाका कांग्रेसका नेताहरूलाई कालो कालो रंगमा चित्रित गरेका थिए । तिनैमध्ये विश्वेश्वरप्रसाद पर्छन् भन्ने हल्ला उसैबेला भएको हो । भए पनि, नराम्रा ती तसवीरहरू हाकाहाकी फलानाका नै हुन् भन्न कोही तम्सेका छैनन् ।

---

१. आत्मकथाको कुरा गरेको होइन । — ले.

२. यो लेख बी. पी. लाई सुनाउँदा त्यो 'बाबु' उहाँको दाजु पर्ने एक जना हुन् भनी बताउनु भएको थियो । — ले.

राम्रो रंगमा पनि राजनीतिक बी.पी. कोइराला चित्रिएका छन् रे– रे का कुरा हुन् । डायमन शमशेरले 'सेता बाघ' का काशीनाथलाई कोइरालाको आडमा खडा गरेका हुन् अरे– प्रजातन्त्रका प्रतीकका रूपमा । डायमन शमशेरले हो– होइन केही भनिदिए हुन्थ्यो । एउटा निवर्योल हुन्थ्यो । तर त्यो हो नै रहेछ भने पनि, उनको आफ्नो जन्मभन्दा अघिको कुरो भएकोले सो चरित्रलाई सामग्री दिए पनि, यो विश्वेश्वरप्रसाद कोइरालाकै चित्र हो भनेर चाहिं पक्कै भन्न सकिँदैन । बरु, सत्ताधारी पार्टीका प्रधानमन्त्रीका रूपमा 'प्रतिबद्ध' (२०३४) मा विश्वेश्वरलाई देखाउन सक्थे डायमन शमशेरले । त्यो उनले किन हो गरेनन् । त्यसको उल्टो देवशमशेर, चन्द्रशमशेरको कथा भएको 'सत्प्रयास' (२०३७) मा चाहिं बी. पी. को 'मेलमिलाप' को राजनीति उल्लेख गर्न पुग्छन् उनी । त्यो अलि मिल्ने कुरा भएन ।

तारणीप्रसाद कोइरालाले आफ्ना परिवारका धेरै जनालाई, आफूलाई समेत, आफ्ना कथामा हालेका छन् । तर उनले पनि विश्वेश्वरप्रसादलाई छुने आँट गरेनन् कि क्या, विश्वेश्वर कतै देखिँदैनन् । बालककालमै दुर्घटना भएर मर्ने आफ्ना एक जना दाजुलाई तारणीप्रसादले 'सर्पदंश' मा (२०२६) उतारेका छन् । अर्का दाजु मातृकाप्रसाद मात्र होइन उनको 'इम्पाला' कारसम्म पनि तारणीको (प्रकाशोन्मुख) महाकाव्य 'नैनी' मा भित्र्याइएका छन् । 'रातो स्वेटर' (२०३८) को 'वेश्या' का गोली खाई मर्ने नेता हर्षदेव समेतमा बुज्रुकहरू मातृकाको छवि देख्न खोज्छन् । यता गिरिजा कोइराला, सरोज कोइरालाहरू र तारिणीप्रसाद स्वयम् पनि 'रातो स्वेटर' का कैदी, क्रान्तिकारी र कार्यकर्ताहरूमा प्रसस्त प्रतिविम्बित छन् । तर को कति छ, कहाँ कहाँ छ सोधकर्ता विद्वान्हरूले खोजीपस्नुपर्छ ।

त्यसरी खोजीपस्नेहरूले यी कथाहरूमा विश्वेश्वरप्रसाद कोइराला पनि कतै कतै लुकेका छन् कि पत्ता लगाउलान् ।

त, यो एउटा कुरो कोट्याइदिएको मात्र हो । नेपाली किताप एक नछाडी पढ्ने 'कम्पुटर ब्रेन' भएका तन्नेरी समालोचकहरूलाई घच्घच्याउने एउटा जमर्को मात्र हो। त्यस्तो संकल्पनाशक्तिको अभावमा यहाँचाहिं यसभन्दा बढी भन्न सकिएन ।

थपमा यत्ति भनूँ । सबनेले हाम्रो साहित्यमा 'बी पी.' लाई खोजीहेर्नु पर्‍यो ।

[ २०३८ चैत, उसैवेला एउटा पत्रिकालाई भनेर दिएको यो लेख त्यसको धेरै पछि कसरी हो अर्कै साप्ताहिकमा छापिन पुगेको बुझिन्छ । —ले.]

৬৬

জগদম্বা প্রকাশন